# मंगला गाउँपालिकाको

# स्थानीय पाठ्यक्रम

# २०७८




## स्थानीय पाठ्यक्रम (कक्षा १-५)

# मंगला गाउँपालिकाको स्थानीय पाठ्यक्रम

# कक्षा १-५




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# मंगला गाउँपालिकाको स्थानीय विषयको पाठ्यक्रम कक्षा १-५

## २०७८

## मंगला गाउँपालिका

**म्याग्दी**

**प्रकाशक**
मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

## स्थानीयपाठ्यक्रम निर्माण कार्यदल एवं सल्लाहकार
### सल्लाहकार

१. श्री सतप्रसाद रोका, अध्यक्ष मंगला गाउँपालिका
२. श्री सिर्जना के.सी., उपाध्यक्ष, मंगला गाउँपालिका
३. श्री मनोहर ढुंगाना, प्रमुख प्रशासकीय अधिकृत, मंगला गाउँपालिका

### स्थानीयपाठ्यक्रम निर्माण कार्यदल

१. संयोजकः- श्री डेकबहादुर बानियाँ शिक्षा शाखा प्रमुख मंगला गाउँपालिका
२. सदस्य :-श्री भद्रबहादुर घर्ती क्षेत्री, शिक्षक दीपशिखा मा.वि.
३. सदस्यः-श्री कृष्णलाल सापकोटा, प्र.अ. श्री महेन्द्ररत्न मा.वि.
४. सदस्यः-श्री डा नन्दबहादुर खत्री, प्र.अ. श्री दीपशिखा मा.वि.
५. सदस्यः-श्रीहोमनाथ पाण्डे, शिक्षक श्री मंगला मा.वि.
६. सदस्यः-श्री खगिन्द्र सापकोटा, प्र अ. श्री शारदा आ.वि
७. सदस्यः-श्री रामचन्द्र पौडेल, शिक्षक श्री मंगला मा.वि.

# शुभकामना

२१औं शताब्दीमा विद्यार्थीहरुले विश्व परिवेशमा भएका विषयवस्तुहरुको जानकारीसँगै स्थानीय परिवेशका बारेमा पनि जानकार हुन आवश्यक रहेको छ । स्थानीय परिवेश, रहनसहन, प्राकृतिक, धार्मिक तथा साँस्कृतिक स्रोतसाधनहरुको पहिचान गरी त्यसको महत्वलाई नबुझिकन शिक्षाको उद्देश्य पूरा हुन सक्दैन् र तिनीहरूको दिगो संरक्षण पनि हुन सक्दैन् । तसर्थ यस मंगला गाउँपालिकाले स्थानीय आवश्यकताका विषयवस्तुहरुलाई समेटेर स्थानीय विषयको पाठ्यक्रम **" मंगला गाउँपालिकाको स्थानीय पाठ्यक्रम (कक्षा १-५) २०७८"** निर्माण गरी प्रकाशनसँगै गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरूमा लागू गर्न लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ ।

बहुजातिय, बहुभाषिक, बहुसंस्कृति भएको यस गाउँपालिकाको पहिचानलाई औपचारिक शिक्षामा विद्यालय तहमा उजागर गरिएकोले यो पाठ्यक्रम महत्वपूर्ण रहेको छ । यसका लागि स्थानीय स्तरमा व्यक्ति, समुदाय र सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरी स्थानीय सम्पदाको महत्वलाई शिक्षाको मुलधारमा ल्याउन गरिएको प्रयास उदाहरणीय रहेको छ । यस पाठ्यक्रमले आधारभूत तहमा (कक्षा १-५) अध्ययनरत विद्यार्थी लगायत स्थानीय समूदायलाई समेत आफ्नो प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा भाषिक सम्पदाहरुको संरक्षण र संबर्धन गर्दै भविष्यमा आईपर्न सक्ने प्रकोप र बिपद्का असरहरु न्यूनीकरण गर्न समेत अभिप्रेरित गर्नेछ भन्ने मैले बिश्वास राखेको छु । स्थानीय पेशा, प्रविधि तथा सम्पदाको आवश्यकता र महत्वलाई बुझेर यस पाठ्यक्रमको लेखन तथा सम्पादनमा संयोजन गर्नुहुने गाउँपालिकाका शिक्षा शाखा प्रमुख लगायत उहाँको टीम, महत्वपूर्ण सुझाव प्रदान गर्नुहुने उपाध्यक्ष ज्यू, प्रमूख प्रशासकिय अधिकृत तथा कर्मचारीहरु, वडा अध्यक्षहरू, विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु, स्थानीय शिक्षाविद्, शिक्षाप्रेमी सम्पूर्ण महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको सहयोगप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा विज्ञ विद्वतवर्गको सुझाव सहित आगामी दिनमा परिमार्जन एवं संशोधन गरिदै लगिने वाचाका साथ यो पाठ्यक्रम यस गाउँपालिका र जिल्लाकै लागि अविस्मरणीय कृतिका रुपमा ग्रहण गर्दै यसको सफल एवम् प्रभावकारी कार्यान्वयनको सुभकामना ब्यक्त गर्दछु ।

सत प्रसाद रोका
अध्यक्ष
मंगला गाउँपालिका

# शुभकामना

मंगला गाउँपालिकाले कक्षा १-५ को स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन ल्याउन पाउदा हामीलाई अत्यन्त खुसी लागेको छ । यस मंगला गाउँपालिकामा अवस्थिति विभि धार्मिक स्थलहरुको संरक्षण सम्वर्द्धन हुनु आवश्यक छ । त्यसैगरी पर्यटकीय क्षेत्रहरुको विकास अझ क्रियाशील हुन आवश्यक देखिन्छ । विविध जातजाति, धर्म, संस्कार, सभ्यता, पेसा, व्यावसा उद्यम तथा रैथाने प्रविधिहरुको जगेर्ना गर्न यस पाठ्यक्रमले सघाउने कुरामा म विश्वस्त छु शिक्षाको समुचित विकासबाट मात्र सभ्य समाज र प्रगतिशील संस्कार विकास गर्न सकिने भएको स्थानीय पाठ्यक्रमको माध्यमले यहाँका धर्म, संस्कृति, मूल्यमान्यता, गीत, संगीत, कला कौश समेतको संरक्षण, सम्वर्द्धन र प्रचारप्रसार गर्न बल पुग्ने छ भन्ने विश्वास लिएको छु ।मंग गाउँपालिकाको समग्र परिचय समेटिएको यस स्थानीय पाठ्यक्रमले हाम्रो स्थानीय ज्ञानको क्षे फराकिलो बनाउन समेत सहयोग गर्ने छ ।

यस पाठ्यक्रमको सफल एवम् प्रभावकारी कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको साथ सहयोग हुने विश्वास ब्यक्त गर्न चाहान्छु । यस पाठ्यक्रमबाट हाम्रा बालबालिकाहरुले आफ् जन्मभूमीको बारेमा समेत यथोचित जानकारी प्राप्त गर्न सक्ने हुँदा यसको प्रभावक कार्यान्वयनमा सबैको सहयोग आवस्यक रहन्छ । यस पाठ्यक्रम निर्माणमा अहोरात्र खटनुहुने मंग गाउँपालिकाका शिक्षा संयोजक डेकबहादुर बानियाँ र पाठ्यक्रम निर्माण कार्यदलका सदस्य हरुलाई धन्यबाद दिन चाहन्छु । पाठ्यक्रम निर्माण कार्यमा आवस्यक सुझाव सल्लाह दिनु शिक्षक,विद्यार्थी अभिभावक तथा अन्य सरोकारवालाहरु सबै धन्यबादका पात्र हुनुहुन्छ ।

अन्त्यमा पाठ्यक्रम कार्यान्वयनको मूख्य कार्यथलो कक्षा कोठा भएकोले सबै सरोकारवाला सहयोग र समन्वयमा यो पाठ्यक्रमको पूर्णरुपमा कार्यान्वयन होस् भन्ने शुभकामना दिन चाहन्छु

सिर्जना के सी.
उपाध्यक्ष

# शुभकामना

यस मंगला गाउँपालिकाले स्थानीय आवश्यकताका विषयवस्तुहरुलाई समेटेर स्थानीय विषयको पाठ्यक्रम **"मंगला गाउँपालिकाको स्थानीय पाठ्यक्रम कक्षा १-५, २०७८"** निर्माण गरी प्रकाशनसँगै गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरूमा लागू गर्न लागेकोमा सर्वप्रथम गाउँपालिकाप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

मंगला गाउँपालिका बहुजातिय, बहुभाषिक, बहुसंस्कृति भएको एक महत्वपूर्ण र ऐतिहासिक क्षेत्र हो । यसका लागि स्थानीय स्तरमा व्यक्ति, समुदाय र सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरी स्थानीय सम्पदाको महत्वलाई शिक्षाको मुलधारमा ल्याउन गरिएको प्रयास सबैका लागि मार्गदर्शन हुन सक्छ । यस पाठ्यक्रमले आधारभूत तहमा (कक्षा १-५) अध्ययनरत विद्यार्थी लगायत स्थानीय समूदायलाई समेत आफ्नो प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा भाषिक सम्पदाहरुको संरक्षण र संबर्धन गर्दै भविष्यमा आईपर्न सक्ने प्रकोप र बिपद्का असरहरु न्यूनीकरण गर्न समेत अभिप्रेरित गर्नेछ भन्ने मैले बिश्वास राखेको छु ।

मंगला गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माण जस्तो महत्वपूर्ण कार्यको संयोजन गर्नु भै यस रुपमा तयार गर्न सफल हुनु भएकोमा शिक्षा शाखा प्रमूख एवं स्रोतब्यक्ति डेकबहादुर बानियाँ र वहाँको टिमलाई हार्दिक धन्यबाद दिन चाहन्छु । पाठ्यक्रम निर्माण कार्यमा आवस्यक सुझाव सल्लाह प्रदान गर्नु हुने स्थानीय विद्यालयका प्रधानाध्यापक ,शिक्षक विद्यार्थी शिक्षाप्रेमी लगायत सम्पूर्ण सरोकारवालाहरु समेत धन्यबादका पात्र हुनुहुन्छ । स्थानीय पाठ्यक्रमको आवश्यकता र महत्वलाई बुझेर यस कार्यलाई अगाडी बढाउनका लागि हौसला प्रदान गर्नुहुने गाउँपालिकाका अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू लगायत सम्पूर्ण जनप्रतिनिधी तथा सम्पूर्ण सरोकारवालाहरु प्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा यस पाठ्यक्रमको प्रभावकरी कार्यान्वयनको कामना सहित हार्दिक सुभकामना व्यक्त गर्दछु ।

मनोहर ढुंगाना

प्रमुख प्रशासकीय अधिकृत

मंगला गाउँपालिका

# विषयसूची


| | |
|---|---|
| १. परिचय | १ |
| २. पाठ्यक्रमनिर्माण गर्दा अवलम्बन गरेका सिद्धान्त र प्रक्रिया | २ |
| ३. स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्यता | ३ |
| ४. विषय क्षेत्र छनौट | ३ |
| ५. सक्षमता | ४ |
| ६. कक्षागत सिकाइ उपलब्धि | ५-८ |
| कक्षा १: सिकाइ उपलब्धि | ५ |
| कक्षा २:सिकाइ उपलब्धि | ५ |
| कक्षा ३: सिकाइ उपलब्धि | ६ |
| कक्षा ४: सिकाइ उपलब्धि | ६ |
| कक्षा ५: सिकाइ उपलब्धि | ७ |
| ७. विषय क्षेत्र र क्रम | ९ |
| ८. विषयवस्तुको विस्तृतीकरण | १३-५७ |
| क्षेत्र १: मंगला गाउँपालिकाको परिचय | १३ |
| क्षेत्र २: प्राकृतिक स्रोत, सम्पदा, सरसफाइ र हरित विद्यालय | १८ |
| क्षेत्र ३: प्रकोप न्यूनीकरण र सडक सुरक्षा | २८ |
| क्षेत्र ४: स्थानीय जातजाति, भाषा, भेषभूषा, संस्कार र चाडपर्व | ३१ |
| क्षेत्र ५: स्थानीय धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थल, मेलाजात्रा र बाजागाजा | ३७ |
| क्षेत्र ६: पेशा, व्यवसाय र उद्यमशिलता | ४४ |
| क्षेत्र ७: स्थानीय खेलकुद, व्यायाम र भोजन | ५० |
| क्षेत्र ८: स्थानीय सेवामूलक संघसंस्था र समाजसेवी व्यक्ति | ५४ |
| ९. कार्यघण्टा विभाजन तालिका | ५८ |
| १०.सिकाइ सहजीकरण प्रक्रिया | ५८ |
| ११. विद्यार्थी मूल्याङ्कन प्रक्रिया | ६० |

# १. परिचय

स्थानीय क्षेत्रमा भएका तथा स्थानीय आवश्यकताका विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने उद्देश्यका साथ तयार गरिएको योजनावद्ध शैक्षणिक सामग्रीलाई नै स्थानीय पाठ्यक्रम भनिन्छ । जसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षाकोठासम्म पुऱ्याउँछ ।यसमा स्थानीय स्तरका प्राकृतिक, साँस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय, स्थानीय खेलकुद, भोजन, ऐतिहासिक व्यक्तित्व आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिएको हुन्छ ।

नेपालको संविधानको अनुसूचि८ ले आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरिसकेको छ । संविधान प्रदत्त अधिकार कार्यान्वियन गर्नु सबै स्थानीय तहको कर्तव्य हो । हाम्रो देश नेपाल एक बहुसाँस्कृतिक, बहुधार्मिक, बहुजातीय, बहुभाषिक, बहुभौगोलिक एवम् प्राकृतिक विविधता भएको देश हो । ठाउँ अनुसार मानिसहरूको रहनसहन, शिक्षाको प्रभाव तथा विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर समेत फरक फरक रहेका पाइन्छ । ठाउँ र उचाइ अनुसार हावापानी लगायत सम्पूर्ण कुराहरू फरक फरक हुनु नै यहाँको सौन्दर्य हो । फरक फरक परिवेशमा सिकाइका तरिका तथा सिकाइका आवश्यकताका विषयवस्तुहरू पनि फरक फरक हुन सक्छन् ।

नेपालमा स्थानीय पाठ्यक्रमको नीतिगत व्यवस्था केलाउँदा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेअनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो तर उक्त व्यवस्था पूर्ण रुपमा कार्यान्वयन भने भएन । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले समेत स्थानीय मातृभाषा वा स्थानीय विषय १०० पूर्णाङ्कको पाठ्यक्रम सम्बन्धित विद्यालयले नै तयार गर्ने प्रावधान राख्यो । त्यसैगरीआधारभूत शिक्षा(कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७१ अनुसार आधारभूत तहमा २० प्रतिशत वा १०० पूर्णाङ्कको मातृभाषावा स्थानीयविषय राख्न पाउने व्यवस्था गरियो । स्थानीय पाठ्यक्रम सम्बन्धी स्रोत सामग्री, २०६६ ले "स्थानीय सरोकारवाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो" भनी परिभाषित गरेको छ । त्यसैले, स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिने पाठ्यक्रम हो ।

राष्ट्रिय पाठ्यक्रम पारुप, २०७५ मा भएको प्रावधान अनुसार स्थानीय तहले विद्यालय तहमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न पाउने व्यवस्था गरिएको छ । उक्त प्रारुपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १–३ सम्म साप्ताहिक ५ कार्यघण्टा र वार्षिक रुपमा १६० कार्यघण्टा र कक्षा ४–८ को लागि साप्ताहिक ४ कार्यघण्टा र वार्षिक १२८ कार्यघण्टा निर्धारण गरेको छ । नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचा लगायतको बारेमा स्पष्ट मार्गदर्शन गरेको छ ।

यो स्थानीय पाठ्यक्रमले मंगला गाउँपालिका क्षेत्र भित्रको विशिष्ट पहिचानलाईउजागर गर्नेछ । आधारभूत तहको कक्षा १–५ मा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ,

समाज, भूगोलको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक धार्मिक महत्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्द्धन गर्दै सम्भावि स्थानीय प्राकृतिक बिपत्तीहरूका बारेमा समेत पहिचान गर्नेछन् । स्थानीय क्षेत्रमा प्रचलित पेस व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्नेछन् । यस पाठ्यक्रम वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्नेछ । यस पाठ्यक्रमबा बालबालिकाहरूले सामाजिक मूल्य मान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुशर गर्ने अपेक्षा गरिएको छ ।

## २. पाठ्यक्रमनिर्माण गर्दा अवलम्बन गरेका सिद्धान्त र प्रक्रिया

स्थानीय पाठ्यक्रमको निर्माण गर्दा स्थानीय आवश्यकता, विद्यार्थी तथा अविभावकहरूको चाहाना सन्दर्भमा आधारित विषयवस्तु समावेश गरिनुपर्दछ भन्ने भनाइका आधारमा स्थानीय पाठ्यक्रमक सैद्धान्तिक अवधारणालाई आत्मसात गरी यो पाठ्यक्रमको निर्माण गरिएको हो । यसै आधारम स्थानमा आधारित शिक्षाको सिद्धान्त (Place-based education theory)ले वातावरण तथा ग्रामी जनजीवनको संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउन स्थानीय ज्ञानलाई विद्यार्थीसा फरक ढङ्गले राख्न स्थानीय पाठ्यक्रम निर्माण हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छ । त्यस्तै समाजि पुनर्संरचनावादी सिद्धान्त (Social Reconstructivism Theory)ले पाठ्यक्रम निर्माणमा सामाजि आवश्यकता, सामाजिक मुद्दा, समसामयिक विचार र भविष्यपरक आशा उल्लेख गर्नुपर्ने कुराम जोड दिन्छ (Murray Print, 1998)। यिनै सिद्दान्तहरूलाई आत्मसात गर्दै यो पाठ्यक्रम विकास ग नेपालका सामाजिक, साँस्कृतिक तथा भाषिक लगायतका विविधतालाई समावेश गरिनुका सा स्थानीय आवश्यकतामा आधारित ढाँचा अवलम्बन गरिएको छ ।

मंगला गाउँपालिकाले स्थानीय स्तरका शिक्षाविद,बुद्धिजीवी, शिक्षक, विद्यार्थी,अभिभाव जनप्रतिनिधिहरू गाउँपालिकाका सदस्यहरू, पाठ्यक्रम विज्ञ लगायतसँग छलफल, अन्तरक्रिया त कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा मंगला गाउँपालिका परिचय, प्राकृतिक स्रोत र सम्पदा, संस्कार र साँस्कृतिक, पर्यटन, पेसा प्रविधि र उद्यमशीलत स्वास्थ्य र सफाइ, प्रकोप, पर्यावरण र हरित विद्यालय, व्यक्ति र संस्था लगायतका विषय क्षेत्रला समेटेर कक्षा १ देखि ५ सम्मको लागि स्थानीय पाठ्यक्रम तयार गरिएको छ । यो पाठ्यक्रम शैक्षि सत्र २०७८ देखि गाउँपालिकाभित्रका सम्पूर्ण विद्यालयहरूमा लागू गरिने छ ।

## ३. स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्यता

नेपाल सरकारबाट स्वीकृत कक्षा १-१२, २०७६ को पाठ्यक्रमको ढाँचा अनुसार कक्षा १-३ एकिकृत पाठ्यक्रम देशभर लागू भैसकेको छ भने अन्य कक्षाका पाठ्यक्रमहरू समेत चरणब रुपमा लागू भइरहेका छन् । उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्था अनुसार कक्षा १-८ मा एउ स्थानीय आवश्यकताको विषय(मातृभाषा/स्थानीय आवश्यकताको विषय/स्थानीय सी प्रविधि/संस्कृत) निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान छ सो स्थानीय विषयको निर्माण स्थानी तहबाटै गर्नुपर्छ । यसै प्रावधानका आधारमा समेत स्थानीय पाठ्यक्रमको आवश्यकता महत्वपू रुपमा रहेको छ ।

बालबालिकाको सिकाइ आफ्नो घर परिवार तथा बासस्थानबाटै प्रारम्भ हुन्छ । त्यसका लाि बालबालिकाहरूलाईआफ्नो गाउँ, समुदायकोबारेमा जानकारी हुनुपर्दछ ।त्यहाँ भएका प्राकृति ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्दछ । स्थानीय मूल्य, मान्यत धर्म, परम्परा, संस्कृति, स्रोत सामग्रीको संरक्षण, सम्बर्द्धन, परिचालन र विकास गर्नका लाि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक

राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ ।

राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रम सबै सरोकारवालाको संलग्नताको सम्भावना रहदैँन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सीपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सीप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सीपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ ।

हरेक स्थानीय तहको आ-आफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् साँस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ । केन्द्रीय तहमा तयार गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सीप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेश अनुसारको ज्ञान र सीप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न बाञ्छनीय भएकाले र संबैधानिक र नीतिगत रुपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले मंगला गाउँपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले अझ स्पष्ट पार्दछ :

क) स्थानीय क्षेत्रको समग्र परिचय र महत्व वर्णन गर्न

ख) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न

ग) स्थानीय कला कौशल, संस्कृति, पर्यटकीय क्षेत्र, पेशा, व्यवसाय, प्रविधि, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको सीपको प्रर्दशन र व्यवहार गर्न सक्ने तुल्याउन

घ) स्थानीयक्षेत्रमा भएका स्रोत र साधनको अधिकतम् परिचालन गर्न

ङ) विद्यार्थीहरूमा स्वास्थ्य, सरसफाइ, स्थानीय मूल्य मान्यता र सदाचारी बानीको विकास गर्न

च) स्थानीय क्षेत्रमा भएका परम्परागत खेलकुद तथा बाजागाजा, संगीतको प्रवर्धन गर्न

छ) स्थानीय क्षेत्रमा हुनसक्ने प्रकोप, विपद् र जोखिम न्यूनीकरणमा सहयोग गर्न

ज) स्थानीय क्षेत्रमा भएका सामाजिक संघसंस्था तथा ऐतिहासिक महत्वपूर्ण व्यक्तिहरूको योगदान बुझेर सामाजिक सङ्घसंस्थामा सहभागी हुन

## ४. विषय क्षेत्र छनौट

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ । एउटै पाठ्यक्रममा सबै विषयवस्तु अटाउन र पठनपाठन गर्न सम्भव हुँदैन । यस पाठ्यक्रमले मंगला गाउँपालिका क्षेत्रको सेरोफेरोलाई समेटेको छ । त्यसैले मंगला गाउँपालिकाभित्रका अध्ययन गर्नुपर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक, आर्थिक, स्वास्थ्य, सफाइ र वातावरणीय क्षेत्रसँग सम्बन्धित ज्ञान, सीप र अभिबृक्तिका पक्षहरूलाई स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा

अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर यो पाठ्यक्रम तयार गरिएको छ । यस पाठ्यक्रमले मुख्य रुपमा निम्न विषय क्षेत्रलाई समेटेको छ :

**१.** हाम्रो गाउँपालिकाः भौगोलिक अवस्था, साँध सिमाना, जनसङ्ख्या, जातजाति भौगोलिक, प्राकृतिक, ऐतिहासिक परिचय र गाउँपालिकाको संरचना तथा गाउँपालिकाले प्रदान गर्ने सेवासुविधाहरू

**२.** प्राकृतिक स्रोत, सम्पदा, सरसफाइ र हरित विद्यालय : वन जङ्गल, बोटविरुवा, चरा, जनावर, सामुदायिक वन, जडिबुटी, नदी, ताल,झरना कुवा, पानीका स्रोत, ढुङ्गेधारा, डाँडा।

**३.** प्रकोप न्यूनीकरण र सडक सुरक्षाः प्रकोप (आगजनी, भूकम्प,भूक्षय,बाढी, पहिरो चट्याङ, हावाहुरी, सडक सुरक्षा)

**४.** स्थानीय जातजाति, भाषा, भेषभूषा, संस्कार र चाडपर्वः स्थानीय जातजाति, जात्रा, चाडपर्व, मेला, आनीबानी, मूल्य मान्यता, भाषा र भेषभूषा, आदि ।

**५.** स्थानीय धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थल, मेलाजात्रा रबाजागाजा : टोड्के, टोड्के मन्दिर, पूर्णगाउँ, रातोखोला छहरा, दह, झाँक्रीपानी, तीनचुले धुरी, चाङ्गा, गुहुँकोट, लामाछहरा, चिनाकोट, गुप्तेश्वर गुफा, शिव मन्दिर, मालिका लगायत)अन्य स्थलहरू, पाटीपौवा, पुल, देउराली तथा स्थानीय परम्परागत बाजाहरूको नाम (ढ्याङ्ग्रो, मादल, खैजडी, डम्फू, झ्याम्टा, टुङ्ना, पञ्चेबाजा आदि

**६.** पेशा, व्यवसाय र उद्यमशीलता :स्थानीय पेशा(कृषि र पशुपंक्षी पालन विशेष) उद्यमशीलता र प्रविधि ढिकी जाँतो पानी घट्ट, उद्योग, स्थानीय परम्परागत कृषि औजार।

**७.** स्थानीय खेलकुद, व्यायाम र भोजनः स्थानीय क्षेत्रमा परम्परागत रुपमा खेलिने खेलहरू, योग व्यायामहरू, सन्तुलित भोजन

**८.** स्थानीय सेवामूलक संघसंस्था र समाजसेवी व्यक्ति :गाउँपालिकाभित्रका सामाजिक संघसंस्था तथा मंगला गाउँपालिकाको विकास निर्माण र समाज सेवामा विशेष योगदान पुऱ्याउने महत्वपूर्ण व्यक्तिहरू

## ५. सक्षमता

यो स्थानीय विषयको पाठ्यक्रम सक्षमतामा आधारित भई तयार पारिएको छ । जसमा यो पाठ्यक्रमको अध्ययन पश्चात विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्षम हुनेछन् :

१. आफू बसोबास गर्ने टोल छिमेक र वडासहित मंगला गाउँपालिकाको सामान्य परिचय,भौगोलिकअवस्था, साँध सिमाना, जनसङ्ख्या विवरण प्रस्तुति

२. गाउँपालिकाभित्र पाइने वन जङ्गल, जडिबुटी, नदी, ताल, झरना कुवा, पानीका स्रोत, ढुङ्गेधारा, डाँडाकाँडा, खानी लगायतका प्राकृतिक स्रोत र सम्पदाको पहिचान संरक्षण र सम्बर्द्धनमा सहभागिता

३. हरित विद्यालयका लागि बाल बगैंचा निर्माण र हेरचाह

४. स्थानीय खोलानाला, पानी प्रदुषण, त्यसको असर पहिचान र आफ्नो विद्यालय, घर, टोलमा फोहोर व्यवस्थापन, भूक्षय, बाढी, पहिरो, डुवान, आगलागी, चट्याङ, भूकम्प जस्ता प्रकोप तथा सडक दुर्घटनाको परिचय र सावधानी सम्बन्धी सीप

५. स्थानीय जातजातिको भाषा, भेषभूषा, बाजागाजा, संस्कृतिको महत्वबोध, सम्मान र स्थानीय मेलाजात्रा, चाडपर्वमा सहभागिता

६. स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको पहिचान, संरक्षणमा सहभागिता र जात्रा, पर्व, मेला, आनीबानी, मूल्य मान्यता, गीत, संगीतको पहिचान तथा अनुसरण

७. मंगला गाउँपालिकाभित्र रहेका पेसा, व्यवसाय, उद्यमशीलता र प्रविधिको पहिचान तथा परम्परागत उद्योग, लोपोन्मुख सीप र प्रविधि पहिचान, प्रयोग र संरक्षणमा सहभागिता
८. स्थानीय खेलहरू, योग, प्राणायाम, ध्यानको परिचय र अभ्यास
९. सन्तुलित भोजनको परिचय र स्थानीय परिकारहरूको उपयोग
१०. मंगला गाउँपालिकाको क्रियाशील स्थानीय संघसंस्थाहरूको पहिचान र तिनका चिनारी र समाज सेवामा विशेष योगदान पुर्‍याउनेमहत्वपूर्ण व्यक्तिहरू

## ६. कक्षागत सिकाइ उपलब्धि

### कक्षा १: सिकाइ उपलब्धि

१. गाउँपालिकाको नाम र आफू बसोबास गर्ने ठाउँको नाम बताउन
२. आफ्नो टोल वस्तीमा भएका बाटोहरूको नाम बताउन
३. स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरू चिन्न र नाम बताउन
४. विद्यालयको बाल बगैंचामा भएका विरुवाहरू चिन्न र नाम बताउन
५. स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू र वन्यजन्तुहरू चिन्न र नाम बताउन
६. स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरू चिन्न र नाम बताउन
७. आफ्नो घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइ राख्न सहयोग गर्न
८. स्थानीय क्षेत्रमा हुनसक्ने प्रकोप विप्दको नाम बताउन
९. स्थानीय क्षेत्रमा बसोबास गर्ने जाताजातिहरूको सूची, भेषभूषाको नाम बताउन र चिन्न बताउन
१०. गाउँपालिकाभित्रका पर्यटकीय, ऐतिहासिक तथा धार्मिकस्थलहरूको नाम बताउन
११. आफ्नो गाउँघरमा मान्ने चाडपर्वहरूको नाम बताउन र सहभागी भई रमाउन
१२. स्थानीय परम्परागत बाजाहरू चिन्न र नाम बताउन
१३. आफ्नो क्षेत्रमा उत्पादन हुने अन्नबाली, फलफूल बाली, तरकारीबालीको नाम बताउन
१४. गाउँघरमा कृषि कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरू चिन्न र नाम बताउन
१५. स्थानीय स्तरमा प्रचलित खेलहरूको नाम बताउन र अभ्यास गर्न
१६. स्थानीय परिकारहरूको नाम बताउन र खाने बानीको विकास गर्न
१७. गाउँपालिकाभित्र भएका सेवामूलक संस्था, सहकारी, वित्तीय संस्थाहरूको नाम बताउन

### कक्षा २:सिकाइ उपलब्धि

१. गाउँपालिकाको चार सिमानाको नाम, वडा सङ्ख्यार भौगोलिक स्वरूपबारे बताउन
२. स्थानीय ठाउँमा पाइने बोटविरुवाहरू चिन्न र अननबाली फलफूल आदिमा वर्गीकरण गर्न
३. विद्यालयमा भएको बाल बगैंचाको महत्व बोध गरी बताउन
४. स्थानीयस्तरमा पाइने वन्यजन्तु र चराहरूको पहिचान गर्न
५. स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको (ढुङ्गे धारा, कुवा, खोल्सा, खोला, ताल आदि)को सूची बनाउन र उपयोग बताउन
६. फोहोरमैलाको परिचय दिन
७. प्राकृतिक प्रकोप र मानवीय कारणले आउनसक्ने विपत्तीहरू (बाढी, पहिरो, भूकम्प, आगलागी, सडक दुर्घटना आदि)बारे बताउन
८. गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने जातजातिले बोल्ने भाषाको सूची बनाउन
९. स्थानीय जातजातिले लगाउने भेषभूषाको सूची बनाउन र परिचय दिन

१०. गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरूको सूची बनाउन र छोटो परिचय दिन
११. स्थानीय परम्परागत बाजाहरूको नाम बताउन र तिनीहरूको छोटो परिचय दिन
१२. स्थानीय कृषि उत्पादन-अन्नबाली, दलहन, फलफूल, पशुपालन, माछापालन, तरकारी खेती, जडीबुटी खेतीको सूची बनाउन
१३. स्थानीय क्षेत्रमा कृषि र पशुपालन कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरूको परिचय दिन
१४. स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय र अभ्यास (कुनै २ वटा)
१५. स्थानीय क्षेत्रमा खाइने खानाहरूका परिकारहरू चिनेर नाम बताउन र छोटो परिचय दिन
१६. गाउँपालिकाभित्र भएका विभिन्न सेवामूलक संघसस्थाहरूको सूची बनाउन र परिचय दिन

**कक्षा ३: सिकाइ उपलब्धि**

१. गाउँपालिकाको उचाइ, हावापानी र मुख्य सडकहरूको नाम बताउन
२. गाउँपालिकाको चार सिमाना सहित वडाहरूको नाम, संख्या, केन्द्र र सिमाना चिन्न र बताउन
३. स्थानीय ठाउँमा पाइने बोटविरुवाको महत्व बोध गरी उपयोग बताउन
४. विद्यालय र घरमा बाल बगैंचाको निर्माण र हेरचाहमा सहयोग गर्न
५. स्थानीय वनमा पाइने वन्यजन्तु र चराहरू चिन्न र तिनीहरूको सामान्य परिचय दिन
६. स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको परिचय दिन जस्तैः म्याग्दी नदी, अर्मन खोला, हिलबाङ, नेवारे खोला आदि
७. फोहोरमैलाको परिचय दिन र विद्यालय र घरमा ठोस फोहोरमैलाको वर्गीकरण गरी बेग्लाबेग्लै राख्न (कुहिने र नकुहिने)
८. स्थानीय क्षेत्रमा सडक दुर्घटना हुन सक्ने कारण, असर र बच्ने उपायहरू बताउन
९. स्थानीय जातजातिले बोल्ने भाषा र लगाउने भेषभूषा चिन्न र महत्व बोध गरी संरक्षणमा सहयोग गर्न
१०. स्थानीय जातजातिहरूले मान्ने धर्म, चाडपर्वको परिचय दिन
११. गाउँपालिका भित्रका पर्यटकीय, ऐतिहासिक तथा धार्मिक स्थलहरूको सूची बनाउन र कुनै तीन ओटाको परिचय र महत्व बताउन (टोड्के, टोड्के मन्दिर, पूर्ण गाउँ, रातोखोला छहरा)
१२. स्थानीय गाउँघरमा बजाईने परम्परागत बाजाहरू चिन्न, बाजाको परिचय दिन र बाजा बजाउने अभ्यास गर्न (मादल, डम्फू, झ्याम्टा)
१३. स्थानीय कृषि उत्पादन र पशुपालनको महत्व तथा फाइदा बताउन र कृषि कार्यमा घरायसी सहयोग गर्न
१४. स्थानीय उद्योग व्यवसायहरूकोसूची बनाउन र केहीको सामान्य परिचय दिन (दूध डेरी, पानीघट्ट, काठमिल)
१५. स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय, महत्व बताउन र अभ्यास गर्न
१६. स्थानीय परिकारहरूको महत्वबोध गर्न र परिकारहरूको उपयोग गर्न
१७. गाउँपालिकाभित्र भएकासेवामूलक संघसंस्थाहरूको सूची बनाउन र केहीको परिचय दिन, जस्तैः गुठी, रेडक्रस, बाल क्लव, स्वास्थ्य चौकीआदि ।

**कक्षा ४: सिकाइ उपलब्धि**

१. गाउँपालिकाको ऐतिहासिकर राजनैतिक पृष्ठभूमि तथा छिमेकी गाउँपालिकाहरूको नाम बताउन

२. गाउँपालिकाका वडाहरूको छोटो परिचय दिन
३. स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरूको पहिचान गर्न र नाम बताउन
४. विद्यालयमा बाल बगैंचा बनाउनका लागि वृक्षारोपणमा सहयोग गर्न
५. स्थानीय वनमा पाइने जनावरको महत्व सहित सूची बनाउन
६. गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरूको उपयोग सहित परिचयदिन
७. फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर बुझेर बताउन
८. स्थानीय क्षेत्रमा बाढी, पहिरो, आगलागीको असर बताउन र न्यूनीकरणका उपायहरूमा सहभागी हुन
९. ट्राफिक संकेत र चिन्हहरू चिन्न
१०. गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने मुख्य विभिन्न जातजातिले मान्ने चाडपर्वको महत्व बताउन र चाडपर्वमा सहभागी हुन
११. स्थानीय जातजातिले पाहुनालाई गर्ने आदर सत्कार रसंस्कार बुझेर अनुसरण गर्न
१२. गाउँपालिका भित्रका पर्यटकीय, ऐतिहासिक तथा धार्मिक स्थलहरूको सूची बनाई कुनै चारओटाको परिचय र महत्व बताउन र संरक्षणका कार्यहरूमा सहयोग गर्न
१३. स्थानीय क्षेत्रमा लाग्ने मेलाजात्राहरूको नाम सहित छोटो परिचय दिन
१४. स्थानीय बाजा चिन्न,महत्व बताउनर बजाउने अभ्यास गर्न (ढ्याङ्ग्रो, मादल, बाँसुरी, खैजडी, डम्फू, झ्याम्टा, टुङ्ना, पञ्चे बाजा आदि)
१५. तरकारी खेती (काउली, बन्दा, साग, आलु, प्याज र मुला)को बारेमा जानकारी हासिल गरी खेती गर्ने सीप हासिल गर्न
१६. स्थानीय परम्परागत उद्योग व्यवसायहरू चिन्न र परिचय दिन
१७. योग ध्यानको प्रारम्भिक अभ्यास गर्न
१८. परम्परागत परिकार भटुक रोटी, बारा, ढिँडो, भटमास र गुन्द्रुकको अचार बनाउने तरिका
१९. बाल क्लवको परिचय र काम
२०. स्थानीय समाजसेवी को परिचय र योगदान -पहिलो विद्यालय खोल्ने व्याक्ति, स्वास्थ्य चौकी बनाउने व्यक्ति)

**कक्षा ५: सिकाइ उपलब्धि**

१. गाउँपालिकाको सामान्य नक्सा बनाई गाउँको भू-बनोटको परिचय दिन
२. गाउँपालिकाबाट पाइने सेवा सुविधाहरूबताउन
३. स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरूको महत्व बोध गरी उपयोग र संरक्षणमा सहयोग गर्न
४. विद्यालय तथा घरमा फलफूल बगैंचाको निर्माणमा सहयोग गर्न
५. स्थानीय क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा समुदाय र विद्यार्थीको भूमिका बताउन र संरक्षणका कार्यहरूमा सहभागी हुन
६. स्थानीय क्षेत्रमा जलस्रोतको प्रदुषण कारण र असरहरू बुझेर प्रदुषण नियन्त्रणका उपायहरू अवलम्बन गर्न सहयोग गर्न
७. विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरू (कम उपयोग, पुनप्रयोग र प्रशोधन) (3R+) दैनिक जीवनमा अवलम्बन गर्न
८. विद्यालयमा उपयोग हुने उर्जाको परिचय दिन

९. स्थानीय क्षेत्रमा प्राकृतिक प्रकोपबाट बच्ने तरिकाहरू अवलम्बन गर्न (भूकम्प, हावाहुरी, चट्याङ आदि)
१०. सडक सुरक्षा, ट्राफिक संकेत र चिन्हहरूबारे बताउन
११. स्थानीय मुख्य विभिन्न जातजातिले मान्ने चाडपर्व, आदर सत्कार तथा जन्म, विवाह, मृत्युसंस्कारको परिचय दिन र सम्मान गर्न
१२. स्थानीय चाडपर्वहरूमा गरिने क्रियाकलापको वर्णन गरी चाडपर्वहरूमा सहभागीता जनाउन
१३. गाउँपालिका भित्रका पर्यटकीय, ऐतिहासिक तथा धार्मिक स्थलहरूको सूची बनाई कुनै पाँच ओटाको महत्व बताउन र संरक्षणका कार्यहरूमा सहभागीता जनाउन
१४. स्थानीय बाजाको संरक्षणमा सहभागीता जनाउन रबाजा बजाउने अभ्यास गर्न (मादल, झ्याम्टा, गितार, हार्मोनियम लगायत)
१५. अन्नखेती (धान, गहुँ, कोदो, र मकै खेती) र दाल खेतीको जानकारी लिई खेतीपातीका कार्यहरूमा सहभागी हुन त्यसको उपयोग र बजारबारे बताउन
१६. पशुपालन (बाख्रापालन, कुखुरा, माछा र बङ्गुर पालन) तरिकाहरू बताउन र पशुपालनमासहयोग गर्न
१७. योग ध्यानको परिचय दिई विभिन्न प्रकारका योग र ध्यानको अभ्यास गर्न
१८. सन्तुलित खानाको परिचय दिई पत्रु खाना (junk food)का असरहरू र पत्रु खानामा कमी ल्याउने उपायहरू बताउन
१९. बाल क्लवमा सहभागिता जनाउन
२०. स्थानीय समाजसेवीको परिचय दिन र योगदानको अनुसरण गर्न (स्थानीय बाटो, भौतिक पूर्वाधार बनाउने व्यक्ति)

## ७. विषय क्षेत्र र क्रम

| क्र. सं. | क्षेत्र/विषय वस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| १. | **मंगला गाउँपालिकाको परिचय** | • गाउँपालिकाको नाम र आफू बसोबास गर्ने ठाउँको नाम<br>• आफ्नो टोल वस्तीमा भएका बाटोहरूको नाम | • गाउँपालिकाको भौगोलिक स्वरूपरुहरूको नाम<br>• गाउँपालिकाको चार सिमानाको नाम र वडा संख्या | • गाउँपालिकाको उचाइ, हावापानी र मुख्य सडकहरूको नाम<br>• गाउँपालिकाको चार सिमाना सहित वडाहरूको नाम, संख्या, केन्द्र र सिमाना | • गाउँपालिकाको ऐतिहासिक र राजनैतिक पृष्ठभूमि तथा छिमेकी गाउँपालिकाहरूको नाम<br>• गाउँपालिकाका वडाहरूको छोटो परिचय | • गाउँपालिकाको सामान्य नक्सा र भू-बनौटको परिचय<br>• गाउँपालिकाबाट पाइने सेवा सुविधाहरू |
| २. | **प्राकृतिक स्रोत, सम्पदा, सरसफाइ र हरित विद्यालय** | • स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरूको नाम<br>• विद्यालयको बाल बगैंचामा भएका विरुवाहरूको नाम र चिनारी<br>• स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू र वन्यजन्तुहरूको नाम<br>• स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको नाम( ढुंगे धारा, कुवा, खोल्सा, म्याग्दी नदी, अर्मन खोला, हिलबाङ खोला, खोप्टी खोला, दु:खु खोला, भाइबाङ्ग खोला, नेवारे खोला, अर्जे खोला, अँधेरी खोला, घट्टे खोला, बराहथान खोला, छरबोट खोला, रातोखोला, महखोला, भुकखोला, खात्रुङ्ग खोला, घ्याप्रे खोला, औवा | • स्थानीय ठाउँमा पाइने बोटविरुवाहरूको नाम र वर्गीकरण<br>• विद्यालयमा बाल बगैंचाको महत्व<br>• स्थानीयस्तरमा पाइने वन्यजन्तु र चराहरूको सूची<br>• स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको नाम( ढुंगे धारा, कुवा, खोल्सा, म्याग्दी नदी, अर्मन खोला, हिलबाङ खोला, खोप्टी खोला, दु:खु खोला, भाइबाङ्ग खोला, नेवारे खोला, अर्जे खोला, अँधेरी खोला, घट्टे खोला, बराहथान खोला, छरबोट खोला, रातो खोला, महखोला, वुक खोला, खात्रुङ्ग खोला,घ्याप्रे खोला, औवा खोला आदि) र | • बोटविरुवाको महत्व तथा उपयोग<br>• विद्यालय र घरमा बाल बगैंचाको निर्माण र हेरचाह<br>• स्थानीय वनमा पाइने वन्यजन्तु र चराहरूको परिचय<br>• स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको परिचय (म्याग्दी नदी, अर्मन खोला, हिलबाङ खोला, खोप्टी खोला, दु:खु खोला, भाइबाङ्ग खोला, नेवारे खोला)<br>• फोहोरमैला व्यवस्थापनको परिचय र विद्यालयमा फोहोरमैलाको वर्गीकरण (कुहिने र नकुहिने) | • स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरूको नाम<br>• विद्यालयमा बाल बगैंचा र वृक्षारोपण<br>• स्थानीय वनमा पाइने जनावरको परिचय र महत्व<br>• स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको परिचय र उपयोग (अर्जे खोला, अँधेरी खोला, घट्टे खोला, बराहथान खोला, छरबोट खोला, रातो खोला, महखोला, वुक खोला, खात्रुङ्ग खोला, घ्याप्रे खोला, औवा खोला आदि)<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर | • स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरूको उपयोग र महत्व<br>• विद्यालय तथा घरमा स्थानीय फलफूल बगैंचाको निर्माण<br>• स्थानीय क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा समुदाय र विद्यार्थीको भूमिका<br>• स्थानीय क्षेत्रमा जलस्रोतको प्रदुषण: कारण र असरहरू<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरू (कम उपयोग, पुन प्रयोग र प्रशोधन)(3R+)<br>• विद्यालयमा उपयोग हुने उर्जाको परिचय |

| क्र. सं. | क्षेत्र/विषय वस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| | | खोला आदि)<br>• घर, आँगन, विद्यालय, वरिपरीको वातावरणको सरसफाइ<br>• | उपयोग<br>• फोहोरमैलाको परिचय | | | |
| ३. | **प्रकोप न्यूनीकरण र सडक सुरक्षा** | • स्थानीय क्षेत्रमा हुनसक्ने प्रकोप विपद्को नाम | • प्राकृतिक प्रकोप र मानवीय कारणले आउनसक्ने विपत्तिहरू -आगलागी, सडक दुर्घटना आदि) | • स्थानीय क्षेत्रमा सडक दुर्घटना (कारण, असर र बच्ने उपायहरू) | • स्थानीय क्षेत्रमा बाढी, पहिरो, आगलागीको असर र न्यूनीकरण<br>• ट्राफिक संकेत र चिन्हहरू | • स्थानीय क्षेत्रमा प्राकृतिक प्रकोपबाट बच्ने उपायहरू( भूकम्प, हावाहुरी, चट्याङ आदि)<br>• सडक सुरक्षा, ट्राफिक संकेत र चिन्हहरू |
| ४. | **स्थानीय जातजाति, भाषा, भेषभूषा, संस्कार र चाडपर्व** | • स्थानीय क्षेत्रमा बसोबास गर्ने जाताजातिहरूको नाम (मगर, कामी, दमाई, सार्की, क्षेत्री ब्राम्हण, थकाली, ठकुरी, नेवार लगायत)<br>• स्थानीय जातजातिहरूको भेषभूषाको नाम (दौरा सुरुवाल, टोपी, गुन्यूचोले, फरिया, लुङ्गी, पटुका, भोटो कछाड, हाकुपटासी,आदि) | • स्थानीय जातजातिले बोल्ने भाषाको सूची ( नेपाली, मगर लगायत)<br>• स्थानीय जातजातिले लगाउने भेषभूषाको परिचय(दौरा सुरुवाल, टोपी, गुन्यूचोली, फरिया, लुङ्गी, पटुका, भोटो कछाड, हाकुपटासी आदि) | • स्थानीय जातजातिले बोल्ने भाषा र लगाउने भेषभूषाको महत्व<br>• स्थानीय जातजातिहरूले मान्ने धर्म, चाडपर्वको परिचय (दशैं, तिहार, माघे संक्रान्ति, तीज, भूमे पूजा, चण्डी, पूर्णिमा, बैशाखे पूर्णिमा, जेष्ठ पूर्णिमा, बुद्ध जयन्ती, फागु पूर्णिमा, शिवरात्रि लगायत) | • स्थानीय मुख्य विभिन्न जातजातिले मान्ने चाडपर्वको (दशैं, तिहार, माघे संकान्ती, तीज, भूमे पूजा, चण्डी, पूर्णिमा, बैशाखे पूर्णिमा, जेष्ठ पूर्णिमा, बुद्ध जयन्ती, फागु पूर्णिमा, शिवरात्रि लगायत) महत्व<br>• स्थानीय मुख्य विभिन्न जातजातिले (मगर र थकाली)गर्ने आदर सत्कार तथा जन्म, विवाह, मृत्यु संस्कारको परिचय | • स्थानीय चाडपर्वहरूमा गरिने क्रियाकलापको वर्णन रमहत्वदशैं, तिहार, माघे संकान्ती, तीज, भूमे पूजा, चण्डी, पूर्णिमा, बैशाखे पूर्णिमा, जेष्ठ पूर्णिमा, बुद्ध जयन्ती, फागु पूर्णिमा, शिवरात्रि लगायत)<br>• स्थानीय चाडपर्व, मेलाजात्रामा नाचिने नाचहरू(दोहोरी, सोरठी, घाटु, लाखे, सालैजो, कौरा लगायत) को परिचय |
| ५. | **स्थानीय धार्मिक, ऐतिहासिक,** | • गाउँपालिकाभित्रका पर्यटकीय, ऐतिहासिक तथा धार्मिकस्थलहरूको | • गाउँपालिकाभित्रका ऐतिहासिक तथा धार्मिक<br>• स्थलहरूको नाम(टोड्के, | • गाउँपालिकाभित्रका कुनै तीनओटा पर्यटकीय, ऐतिहासिक तथा | • गाउँपालिका भित्रका पर्यटकीय , ऐतिहासिक तथा धार्मिक स्थलहरूको | • गाउँपालिकाभित्रका पर्यटकीय, ऐतिहासिक तथा धार्मिक स्थलहरूकोकुनै पाँच |

| क्र. सं. | क्षेत्र/विषय वस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| | **पर्यटकीय स्थल, मेलाजात्रा र बाजागाजा** | नाम (टोड्के, टोड्के मन्दिर, पूर्णगाउँ, रातोखोला छहरा, दह, झाँक्रीपानी, तिनचुले धुरी, चाङ्गा, गुँहुँकोट, लामाछहरा, चिनाकोट, गुप्तेश्वर गुफा, शिव मन्दिर, मालिका लगायत)<br>● स्थानीय परम्परागत बाजाहरूको नाम(ढ्याङ्ग्रो, मादल, , खैजडी, डम्फू, भ्याम्टा, टुङ्ना, पञ्चे बाजा आदि) | टोड्के मन्दिर, पूर्ण गाउँ, रातोखोला छहरा, दह, झाँक्रीपानी, तिनचुले धुरी, चाङ्गा, गुँहुँकोट, लामाछहरा, चिनाकोट, गुप्तेश्वर गुफा, शिव मन्दिर, मालिका लगायत) र कुनै दुई ओटाको छोटो परिचय( टोड्के, टोड्के मन्दिर)<br>● स्थानीय परम्परागत बाजाहरूको नाम र छोटो परिचय(ढ्याङ्ग्रो, मादल, , खैजडी, डम्फू, भ्याम्टा, टुङ्ना, पञ्चे बाजा आदि) | धार्मिक स्थलहरूको सूची परिचय र महत्व( टोड्के, टोड्के मन्दिर, पूर्ण गाउँ, रातोखोला छहरा)<br>● स्थानीय बाजाको परिचय र बजाउने अभ्यास (मादल, डम्फू, भ्याम्टा) | कुनै चार ओटाको परिचय र महत्व (दह, झाँक्रीपानी, तिनचुले धुरी, चाङ्गा, गुँहुँकोट, लामाछहरा, चिनाकोट, गुप्तेश्वर गुफा, शिव मन्दिर, मालिका लगायत)<br>● स्थानीय क्षेत्रमा लाग्ने मेलाजात्राहरूको नाम र छोटो परिचय<br>● स्थानीय बाजाकोपरिचय, महत्व र बजाउने अभ्यास(ढ्याङ्ग्रो, मादल, बाँसुरी, खैजडी, डम्फू, भ्याम्टा, टुङ्ना, पञ्चेबाजा आदि) | ओटाकोमहत्वर संरक्षण(टोड्के, टोड्के मन्दिर, पूर्णगाउँ, रातोखोला छहरा, दह, झाँक्रीपानी, तीनचुले धुरी, चाङ्गा, गुँहुँकोट, लामाछहरा, चिनाकोट, गुप्तेश्वर गुफा, शिव मन्दिर, मालिकालगायत)<br>● गाउँपालिकाभित्रका पर्यटकीय, ऐतिहासिक तथा धार्मिक स्थलहरूको संरक्षणमा स्थानीय समुदायको भूमिका<br>● स्थानीय बाजाको संरक्षण र बजाउने अभ्यास (मादल, भ्याम्टा, गितार, हार्मोनियम लगायत) |
| ६. | **पेशा, व्यवसाय र उद्यमशिलता** | ● स्थानीय क्षेत्रमा उत्पादन हुने अन्नबाली, फलफूल बाली, तरकारीबालीको नाम<br>● स्थानीय क्षेत्रमा कृषि कार्यमा उपयोग हुने परमपरागत सामग्रीहरूको नाम | ● स्थानीय कृषि उत्पादन ( अन्नबाली, दलहन, फलफूल, पशुपालन, माछापालन, तरकारी खेती, जडीबुटी खेतीको परिचय<br>● स्थानीय क्षेत्रमा कृषि र पशुपालन कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरूको परिचय | ● स्थानीय कृषि उत्पादन र पशुपालनको महत्व र फाइदा<br>● स्थानीय उद्योग व्यवसायहरूको परिचय( दूध डेरी, पानीघट्ट, काठमिल) | ● तरकारी खेती (काउली, बन्दा, साग, आलु, प्याज र मुला)को जानकारी<br>● स्थानीय उद्योग व्यवसायहरूको परिचय | ● अन्नखेती (धान, गहुँ, कोदो, र मकै खेती) र दाल खेतीको जानकारी<br>● पशुपालन (बाखापालन, कुखुरा, माछा र बंगुरपालन)को जानकारी |
| ७. | **स्थानीय खेलकुद, व्यायाम र भोजन** | ● स्थानीय स्तरमा प्रचलित खेलहरूको नाम र अभ्यास<br>● स्थानीय परिकारहरूको नाम | ● स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय र अभ्यास(कुनै २ वटा)<br>● स्थानीय क्षेत्रमा खाइने खानाहरूका | ● स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय, महत्व र अभ्यास (कुनै ३ वटा)<br>● स्थानीय परिकारहरूको | ● योग ध्यानको प्रारम्भिक अभ्यास<br>● परम्परागत परिकार भटुक फापरको रोटी, बारा, ढिँडो, भटमास र | ● योग ध्यानको परिचय र विभिन्न प्रकारका योग र ध्यानको अभ्यास<br>● सन्तुलित खानाको परिचय र पत्रु खाना (junk food)का |

| क्र. सं. | क्षेत्र/विषय वस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| | | | परिकारहरूको नाम र परिचय | महत्व | गुन्द्रुकको अचार बनाउने तरिका | असरहरू र पत्रु खानामा कमी ल्याउने उपायहरू |
| ८. | **स्थानीय सेवामूलक संघसंस्था र समाजसेवी व्यक्ति** | • गाउँपालिकाभित्र भएका सेवामूलक संस्था, सहकारी, वित्तीय संस्थाहरूको नाम | • गाउँपालिकाभित्र भएका विभिन्न सेवामूलक संघसस्थाहरूको परिचय ( स्थानीय क्लव, बाल क्लव, आमा समूह) | • स्थानीय सेवामूलक संघसंस्थाहरूको परिचय (गुठी, रेडक्रस, बाल क्लव, स्वास्थ्य चौकी) | • बाल क्लवको परिचय र काम<br>• स्थानीय समाजसेवीको परिचय र योगदान ( पहिलो विद्यालय खोल्ने व्यक्ति, स्वास्थ्य चौकी बनाउने व्यक्ति) | • बाल क्लवमा सहभागिता र सहयोग<br>• स्थानीय समाजसेवीको परिचय र योगदान (स्थानीय बाटो, भौतिक पूर्वाधार बनाउने व्यक्ति |

## ८. विषयवस्तुको विस्तृतीकरण

### क्षेत्र १: मंगला गाउँपालिकाको परिचय

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | • गाउँपालिकाको नाम र आफू बसोबास गर्ने ठाउँको नाम बताउन<br>• आफ्नो टोल वस्तीमा भएका बाटोहरूको नाम बताउन | • गाउँपालिकाको नाम र आफू बसोबास गर्ने ठाउँको नाम<br>• आफ्नो टोल वस्तीमा भएका बाटोहरूको नाम | • आफू बस्ने ठाउँ, गाउँपालिकाको नाम, वडा तथा विद्यालयको नाम र ठेगाना<br>• आफ्नो घर र विद्यालयनजिकको बाटोको नाम र नजिकको जोडिने ठाउँको नाम | • विद्यालय भएको क्षेत्रको नक्सा वा फोटो<br>• गाउँपालिकाको वडाहरूदेखिने नक्सा<br>• स्थानीय बाटोहरूको चित्र नक्सा<br>• विद्यालय नजिकको टोलको फोटो<br>• श्रव्यदृष्य सामग्रीहरू | • गाउँपालिकाको चित्र वा नक्सा प्रदर्शन गरी नाम र वडा सङ्ख्या भन्न लगाउने।<br>• विद्यार्थीहरूलाई गाउँपालिकाको नाम र वडासङ्ख्याबताइदिने ।<br>• विद्यार्थीहरूलाई आफ्नो विद्यालय भएको ठाउँको नाम र ठेगाना बताइदिने र भन्न सिकाउने<br>• विद्यार्थीहरूलाई आफू बस्ने वा आफ्नो घर भएको ठाउँ, टोलको नाम पालैपालो सोध्ने<br>• विद्यालय नजिकको सडक, गोरेटो बाटोको नाम, अवस्था, देखाई बाटोहरू चिनाइदिने । जस्तैः सडक, गोरेटो, विद्यालयबाट उक्त बाटो हुँदै पुगिने अर्को टोलको नाम आदि | • विद्यालयको नाम, ठेगाना र नजिकको बाटोको नामसोध्ने<br>• आफ्नो घर भएको गाउँपालिका र वडाको नाम सोध्ने<br>• विभिन्न समयमा गाउँपालिकानाम, तथा आफू बस्ने वडा भने नभनेको यकिन गरी सिकाइ उपलब्धिको मापनगर्ने<br>• चित्र वा भिडियो देखाइ बाटो छ छैन् पत्ता लगाउन लगाउने | २० |
| २ | • गाउँपालिकाको चार सिमानाको नाम, वडा सङ्ख्यार | • गाउँपालिकाको भौगोलिक स्वरूपहरूको नाम<br>• गाउँपालिकाको | • गाउँपालिका क्षेत्रको भौगोलिक स्वरूपसम्बन्धी जानकारी(अग्लो, | • गाउँपालिकाको नक्सा<br>• गाउँपालिकाकोभौगोलिक परिचय सम्बन्धी लेख, रचना | • विद्यालय रहेको ठाउँ र त्यहाँबाट देखिने वरिपरीको क्षेत्र देखाइ उक्त ठाउँ सम्म, भिरालो, गहिरो खेत, जंगल | • आफ्नो विद्यालय भएको वडा नम्बर सोध्ने<br>• फोटो देखाइ | २० |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | भौगोलिक स्वरूपबारे बताउन | चार सिमानाको नाम र वडा संख्या | होचो, उचाइ, टार, भिर, डाँडो, खेत, समथर आदि<br>• गाउँपालिकाको वरिपरिका चार सिमानाका ठाउँहरूको नाम र गाउँपालिका भित्रका वडा संख्याहरू र केन्द्रहरू<br>• | • मैदान, समथर, खोँच बुझाउने भिडियो, दृष्य सामग्री | कस्तो छ प्रश्नोत्तर गर्दै स्पष्ट पारिदिने ।<br>• गाउँपालिका क्षेत्रको उचाइ, हावापानीबारे बताइदिनेजस्तैः यो गाउँपालिकाको क्षेत्र करीव ८७३ मीटरको उचाइदेखि २९८५ मीटरको उचाइसम्म फैलिएको छ ।<br>• गाउँपालिकाको चित्र देखाई त्यसका वडा संख्याहरू, गाउँपालिकाको केन्द्र र गाउँपालिकाको चार सिमानाका ठाउँहरूको नाम बताइदिने । जस्तैः जम्मा सातवटा वडामा विभाजन भएको छ ।<br>• गाउँपालिकाको परिचय सम्बन्धी भिडियो वा बृत्तचित्र देखाउने वा स्थानीय जानकारसँग अन्तरक्रिया गराउने । | समथर, भिरालो, हिमाल, खोंच चिन्न लगाउने ।<br>• आफू बसेको ठाउँको वरिपरीको भौगोलिक स्वरूप कस्तो छ सोध्ने<br>• घर तथा विद्यालय नजिकको बाटाहरूको नाम र तिनीहरूले कहाँ जोड्छन् सोध्ने ।<br>• बहुबैकलिपक प्रश्नहरू गर्ने<br>• फोटो र शब्दको जोडा मिलाउन दिने । | |
| ३ | • गाउँपालिकाको उचाइ, हावापानी र मुख्य सडकहरूको नाम बताउन<br>• गाउँपालिकाको चार सिमाना सहित वडाहरूको नाम, संख्या, केन्द्र | • गाउँपालिकाको उचाइ, हावापानी र मुख्य सडकहरूको नाम<br>• गाउँपालिकाको चार सिमाना सहित वडाहरूको नाम, संख्या, केन्द्र र सिमाना | • गाउँपालिकाको समग्र उचाइ हावापानी, मौसम, भौगोलिक बनावटको परिचय र स्थानीय मुख्य सडकहरूको नाम र परिचय<br>• गाउँपालिकाको चार सिमानाका | • गाउँपालिकाको नक्सा<br>• गाउँपालिकाकोभौगोलिक परिचय सम्बन्धी लेख, रचना<br>• स्थानीय बाटोहरूको फोटो<br>• श्रव्यदृष्य सामग्री | • गाउँपालिकाको समग्र उचाइ हावापानी, मौसम, भौगोलिक बनावटको सूची बनाई परिचय सहित प्रस्तुत गर्ने<br>• स्थानीय मुख्य सडकहरूको नाम बताई स्थानीय क्षेमा हुने विभिन्न सडकका प्रकारहरूबारे छलफल गर्ने जस्तैः बाबियाचौर, हिदी | • आफ्नो विद्यालय र घर भएको भएको वडा नम्बर र वडा केन्द्र पत्ता लगाउन लगाउने ।<br>• फोटो देखाइ समथर, भिरालो, हिमाल, सम्म | २० |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | र सिमाना चिन्न र बताउन | | ठाउँहरूको नाम र गाउँपालिका भित्रका वडा संख्याहरू, तिनीहरूको केन्द्र सम्बन्धी जानकारी | | सडक, पोक देउराली सडक, विभिन्न ठाउँहरू जोड्ने स्थानीय सडक आदि<br>• आफ्नो विद्यालय रहेको वडामा भएका सडक तथा अन्य बाटोहरूको नाम बताइदिने<br>• गाउँपालिकाको चित्र देखाई त्यसका वडा संख्याहरू, गाउँपालिकाको केन्द्र र चारै दिशाका सिमानाबारे नक्सामा देखाई प्रश्नोत्तर गर्ने<br>• गाउँपालिकाको भूगोल सम्बन्धी श्रव्यदृष्य सामग्री खोजी गरी प्रस्तुत गर्ने र छलफल गर्ने | चिन्न लगाउने ।<br>• गाउँपालिकाको सामान्य नक्सा बनाउन लगाउने र चार सिमानाको नाम लेख्न लगाउने ।<br>• स्थानीय सडकहरूको नाम लेख्न लगाउने ।<br>• बहुबैकल्पिक प्रश्नहरू गर्ने | |
| ४ | • गाउँपालिकाको ऐतिहासिक र राजनैतिक पृष्ठभूमी तथा छिमेकी गाउँपालिकाहरूको नाम बताउन<br>• गाउँपालिकाका वडाहरूको छोटो परिचय दिन | • गाउँपालिकाको ऐतिहासिक र राजनैतिक पृष्ठभूमी तथा छिमेकी गाउँपालिकाहरूको नाम<br>• गाउँपालिकाका वडाहरूको छोटो परिचय<br>• | • गाउँपालिकाको सामान्य नक्सा बनाउने तरिका सम्बन्धी जानकारी गाउँपालिकाको ऐतिहासिक र राजनैतिक पृष्ठभूमि तथा छिमेकी गाउँपालिकाहरूको नाम र सिमाना सम्बन्धी जानकारी<br>• गाउँपालिकाका पाँचवटा वडाहरूको सामान्य परिचय | • गाउँपालिकाको नक्सा<br>• गाउँपालिकाकोप्रोफाइल<br>• गाउँपालिका नामाकरणको ऐतिहासिक पृष्ठभूमि र परिचयजानकारीमूलक लेख रचना<br>• स्थानीय इतिहासविद् | • गाउँपालिकाको स्थापना र यसको ऐतिहासिक परिचय कसरी, के आधारमा मंगला रहन गयो भन्नेबारेमा लेखिएका ऐतिहासिक दस्तावेजहरू खोजी गरी प्रस्तुत गर्ने ।<br>• गाउँपालिकाको चित्र देखाई त्यसका वडा संख्याहरू, गाउँपालिकाको केन्द्र र चारै दिशाका सिमानाबारे नक्सामा देखाई प्रश्नोत्तर गर्ने, जस्तैः पाँचवटा वडामा विभाजन गरिएको छ, गाउँपालिकाको | • गाउँपालिकाको नानमाकरण सम्बन्धी ऐतिहासिक परिचय दिन लगाउने ।<br>• आफ्नो विद्यालय वा वस्ती भएकोवडाको सामान्य नक्सा बनाउन लगाउने र वडा कार्यालय कहाँ रहेको छ नक्सामा चिन्ह | १६ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| | | | | | बाबियाचौर वडा नम्बर दुईमा रहेको छ आदि<br>• स्थानीय जानकार व्यक्ति वा जनप्रतिनिधिहरूसँग वडाहरूकोबारेमा विद्यार्थीहरूमाझ अन्तरक्रिया गराउने ।<br>• गाउँपालिको वडाहरूको बारेमा परिचय दिने<br>• गाउँपालिकाको परिचय सम्बन्धी बृत्तचित्र वा भिडियो भएमा प्रस्तुत गर्ने । | लगाउन लगाउने ।<br>• आफू बसोबास गर्ने वडाको छोटो परिचय लेख्न लगाउने<br>• वडा कार्यालय भएका ठाउँहरूको नाम लेख्न लगाउने<br>• बहुबैकल्पिक प्रश्नहरू गर्ने | |
| ५ | • गाउँपालिकाको सामान्य नक्सा बनाई गाउँको भू-बनोटको परिचय दिन<br>• गाउँपालिकाबाट पाइने सेवा सुविधाहरू बताउन | • गाउँपालिकाको सामान्य नक्सा र भू-बनोटको परिचय<br>• गाउँपालिकाबाट पाईने सेवा सुविधाहरू | • गाउँपालिका क्षेत्रको नक्सा, भ-ूबनोट र भू-उपयोगको जानकारी<br>• गाउँपालिकाबाट पाइने सेवा सुविधाहरू सम्बन्धी जानकारी | • गाउँपालिकाको भू-बनोट सहितको नक्सा<br>• गाउँपालिकाकोप्रोफाइल<br>• वडाहरू सम्बन्धी जानकारीमूलक लेख रचना<br>• गाउँपालिकाको वडापत्र<br>• श्रव्यदृष्य सामग्रीहरू | • भू-बनोट र सीमाना सहित नगरपालिकाको परिचय दिने ।<br>• गाउँपालिकाको नक्साको स्परुप कोर्न सिकाउने, चार दिशा छुट्याउन सिकाउने र सिमानाकाठाउँहरूकोनाम बताइदिने<br>• विद्यालय भएको स्थान रत्यस वरपरको भौगोलिक अवस्थाको जानकारी गराउने । जस्तैः समथर क्षेत्र, भिरालो क्षेत्र, खाली ठाउँ, नदीनाला, बाटो, खेती योग्य जमीन, घरहरू भएको क्षेत्र आदि ।<br>• नक्सा वा भिडियो, वा फोटो देखाई गाउँपालिकाभित्रका ठाउँहरूको भौगोलिक अवस्था | • आफ्नो घर वरपरको भौगोलिक अवस्थाको नक्सा सहित वर्णन गर्न लगाउने ।<br>• गाउँपालिकाको नक्सा बनाउन लगाई चार सिमाना र वडाहरू छुट्याउन लगाउने ।<br>• आफू बसेको वडाको भौगोलिक अवस्थाको छोटो परिचय दिन लगाउने । | १६ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | वर्णन गर्ने ।<br>• स्थानीय जानकार व्यक्ति वा जनप्रतिनिधिहरूसँग उक्त ठाउँहरूको बारेमा विद्यार्थीहरूमाफ अन्तरक्रिया गराउने ।<br>• गाउँपालिका तथा वडाहरूबाट हामीले के कस्ता सुविधाहरू प्राप्त गर्न सक्छौं र तिनीहरूको उपयोग कसरी गर्न सकिन्छ भन्नेबारेमा छलफल गरी निष्कर्ष दिने ।<br>• गाउँपालिकाको कार्यालय वा नजिकको वडा कार्यालयको भ्रमण गराई त्यहाँ हुने कार्यहरूबारे जानकार व्यक्तिसँग अन्तरक्रिया गराउने । | • आफ्नो विद्यालय वा वस्ती भएकोवडाको नक्सा बनाउन लगाउने र भौगोलिक अवस्था कस्तो छ चिन्नलगाउने ।<br>• अवलोकन भ्रमणका आधारमा गाउँपालिकाबाट पाइने सेवा सुविधाहरू लेखी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• हामीले घरमा बिजुली वा पानीको धारा जडान गर्न परेमा सिफारिस लिन कहाँ जानुपर्छ सोध्ने ।<br>• बहुबैकल्पिक प्रश्न गर्ने । | |

## क्षेत्र २: प्राकृतिक स्रोत, सम्पदा, सरसफाइ र हरित विद्यालय

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | • स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरूको चिन्न र नाम बताउन<br>• विद्यालयको बाल बगैंचामा भएका विरुवाहरू चिन्न र नाम बताउन<br>• स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू र वन्यजन्तुहरूको चिन्न र नाम बताउन<br>• स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरू चिन्न र नाम बताउन | • स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरूको नाम<br>• विद्यालयको बाल बगैंचामा भएका विरुवाहरूको नाम र चिनारी<br>• स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू र वन्यजन्तुहरूको नाम<br>• स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको नाम( ढुंगे धारा, कुवा, खोल्सा, म्याग्दी नदी, अर्मन खोला, हिलबाङ खोला, खोप्टी खोला, दुःखु खोला, भाईबाङ खोला, नेवारे खोला, अर्जे खोला, अँधेरी खोला, घट्टे खोला, बराहथान खोला, छरबोट खोला, रातो खोला, | • स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरूको नाम ( उत्तिस, बाँस, कटुस, लालीगुँरास, चिलाउने, फँलाट, अमला, सल्लो, सिमल, साल आदि)<br>• विद्यालयको बाल बगैंचामा भएका विरुवाहरूः सयपत्री, गुलाफ, लालुपाते आदि<br>• स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू र वन्यजन्तुहरू चिन्न रनाम बताउन (गाई, भैंसी, बाखा, बाँदर, बँदेल, स्याल, मृग, खरायो आदि)<br>• स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको नाम( ढुंगे धारा, कुवा, खोल्सा, म्याग्दी नदी, अर्मन खोला, हिलबाङ खोला, खोप्टी खोला, दुःखु खोला, भाईबाङ खोला, नेवारे खोला, अर्जे खोला, अँधेरी खोला, घट्टे खोला, बराहथान खोला, छरबोट खोला, रातो खोला, महखोला, वुक खोला, खात्रुङ्ग खोला, घ्याप्रे खोला, औवा खोला आदि) | • विभिन्न बोटविरुवाहरूको नक्सा, चित्र<br>• स्थानीय क्षेत्रमा पाइने घरपालुवा र वन्यजन्तुहरूको फोटो तथा सूची<br>• पानीका विभिन्न स्रोतहरूको चित्र, फोटो<br>• श्रव्यदृष्य सामग्रीहरू | • आफू बसोबास गर्ने ठाउँमा पाइने विभिन्न बोटविरुवाहरूको सूची बनाई चित्र सहित प्रस्तुत गर्ने<br>• विद्यालयको वरिपरि स्थलगत अध्ययन गराई त्यहाँ उपलब्ध विरुवाहरू देखाउने र वरिपरि देखिने विरुवाहरूको नाम भन्न लगाउने । जस्तैः उत्तिस, बाँस, कटुस, लालीगुँरास, चिलाउने, फँलाट, अमला, सल्लो, सिमल, साल आदि ।<br>• विद्यालयको बगैंचामा भएका विरुवाहरू देखाउने र नाम सहित चिनाउने । जस्तैः सयपत्री, गुलाफ, लालुपाते आदि<br>• विद्यालय नजिकैको कुनै घर वा कृषि फर्ममा लगेर त्यहाँ भएका जीवजनावर तथा चराचुरुङ्गीहरू देखाइ तिनीहरूको नाम भन्न, पहिचान गर्न सिकाउने । जस्तैः कुकुर, गाई, बाखा, कुखुरा, बिरालो आदि<br>• स्थानीय ठाउँमा पालिने विभिन्न जनावरहरूको फोटो देखाइ नाम भन्न, पहिचान गर्न लगाउने<br>• स्थानीय वन क्षेत्रमा पाइने विभिन्न जनावरहरूको फोटो | • चित्र देखाई विभिन्न विरुवाहरू चिन्न लगाउने<br>• आफ्नो विद्यालय र टोलमा पाइने बोटविरुवाहरूको नाम भन्न लगाउने ।<br>• आफ्नो घर वा नजिकको घरमा पालिएका जीव जनावरहरूको नाम सोध्ने<br>• विभिन्न वन्यजन्तुहरूको फोटो देखाइ चिन्न लगाउने<br>• कुनै तीववटा घरपालुवा जनावरहरूको नाम सोध्ने<br>• चित्र/फोटो देखाइ स्रोतको नाम चिन्न र भन्न लगाउने<br>• पानीका स्रोतहरूको सामान्य चित्र बनाउन लगाउने<br>• फोटोहरू मार्फत बहुवैकल्पिक प्रश्नहरू गर्ने<br>• हामीले फोहोर वस्तुहरूलाई के गर्नुपर्छ सोध्ने ।<br>• दैनिक क्रियाकलापको अवलोकन गर्ने । | ३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महखोला, वुक खोला, खात्रुङ्ग खोला, घ्याप्रे खोला, औवा खोला आदि)<br>• घर, आँगन, विद्यालय, वरिपरीको वातावरणको सरसफाइ | • घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइ | | देखाइ नाम भन्न लगाउने जस्तैः स्याल, बँदेल स्याल, मृग, खरायो, गिद्ध, रूपी आदि ।<br>• स्थानीय क्षेत्रमा भएका विभिन्न पानीका स्रोतहरूको जस्तैः ढुंगे धारा, कुवा, खोल्सा, म्याग्दी नदी, अर्मन खोला, हिलबाङ खोला, खोप्टी खोला, दुःखु खोला, भाईबाङ खोला, नेवारे खोला, अर्जे खोला, अँधेरी खोला, घट्टे खोला, बराहथान खोला, छरबोट खोला, रातो खोला, महखोला, वुक खोला, खात्रुङ्ग खोला, घ्याप्रे खोला, औवा खोला आदिको फोटो देखाइ तिनीहरूको नाम भन्न लगाउने र चिनाईदिने ।<br>• विद्यार्थीहरूलाई नजिकको पानीको स्रोतमा अवलोकन भ्रमण गराई त्यसलाई चिनाउने<br>• घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइ गर्न सिकाउने, जथाभावी फोहोर गर्नुहुदेन भन्नेबारेमा सिकाउने ।<br>• विभिन्न फोहोरलाई डस्टविनमा हाल्न सिकाउने । | | |
| २ | • स्थानीय ठाउँमा पाइने बोटविरुवाहरू चिन्न र अननबाली फलफूल आदिमा वर्गीकरण गर्न | • स्थानीय ठाउँमा पाइने बोटविरुवाहरूको नाम र वर्गीकरण<br>• विद्यालयमा बाल बगैंचाको महत्व<br>• स्थानीयस्तरमा | • स्थानीय ठाउँमा पाइने बोटविरुवाहरू रतिनीहरूको वर्गीकरण<br>• विद्यालयमा बाल बगैंचाको महत्व<br>• स्थानीयस्तरमा पालिने घरपालुवा जनावरहरूर | • विभिन्न प्रकारका बोटविरुवा हरूको नक्सा, चित्र<br>• बाल बगैचा सम्बन्धी जानकारी मूलक श्रव्यदृष्य सामग्री | • स्थानीय ठाउँमा पाइने विभिन्न बोटविरुवाहरूको सूची बनाई तिनीहरूलाई उपयोगका आधारमा विभिन्न प्रकारमा वर्गीकरण गरी चित्र सहित प्रस्तुत गर्ने जस्तैः धान,अन्नबाली, मकै,फापर, काफल, सुन्तलाः | • आफ्नो विद्यालय र टोलमा पाईने बोटविरुवाहरूको नाम भन्न लगाउने र तिनीहरूको वर्गीकरण गर्न लगाउने ।<br>• विद्यालयको | ३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | • आफ्नो क्षेत्रमा उत्पादन हुने अन्नबाली, फलफूल बाली, तरकारीबालीको नाम बताउन<br>• गाउँघरमा कृषि कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरू चिन्न र नाम बताउन | • स्थानीय क्षेत्रमा उत्पादन हुने अन्नबाली, फलफूल बाली, तरकारीबालीको नाम<br>• स्थानीय क्षेत्रमा कृषि कार्यमा उपयोग हुने परमपरागत सामग्रीहरूको नाम | • स्थानीय क्षेत्रमा उत्पादन हुने अन्नबाली, फलफूल बाली, तरकारीबाली -धान, मकै, कोदो, नास्पाती, सुन्तला, कागती, साग, मुला, काउली आदि)<br>• स्थानीय क्षेत्रमा कृषि कार्यमा उपयोग हुने परमपरागत सामग्रीहरूको नाम(हलो, जुवा, कोदालो, कुटो, हँसिया, डोको, नाम्लो आदि) | • विभिन्न बालीनालीको फोटो, चित्र<br>• स्थानीय क्षेत्रमा उत्पादन हुने बालीहरूको सूची | • स्थानीयस्तरमा उत्पादित कृषिजन्य वस्तुहरू ल्याइ प्रदर्शन गर्ने वा फोटोहरू देखाउने । जस्तैः सागसब्जी, फलफूल धान, मकै, आदि ।<br>• विद्यालय परिसर वा नजिकको तरकारी खेती वा अन्य कुनै खेती भएको क्षेत्रमा अवलोकन भ्रमण गराइ त्यहाँ उत्पादन हुने वस्तुहरूको नाम सहित चिनाइदिने ।<br>• स्थानीय ठाउँमा मानिसहरूले परावूर्व कालदेखि कृषि कार्यमा उपयोग गर्दै आएका विभिन्न घरायसीसामग्रीहरूको चित्र प्रस्तुत गर्ने र चिनाइदिने ( हलो, जुवा, कोदालो, कुटो, हँसिया, डोको, नाम्लो आदि)<br>• उक्त औजारहरूको उपयोगबारे चित्र सहित बताइदिने । | • वरिपरिरहेका वालीनालीको चित्र देखाइ के हो चिन्न लगाउने ।<br>• स्थानीय उत्पादन हुने फलफूलहरूको नामसोध्ने ।<br>• आफ्नो घरको बारी वा नजिकको बारीमा कुन कुन तरकारीहरू उत्पादन हुन्छन् सोध्ने ।<br>• फोटो देखाई विभिन्न औजारहरू चिन्न लगाउने<br>• आफ्नो घरमा भएका कृषि औजारहरूको नाम सोध्ने | २० |
| २ | • स्थानीय कृषि उत्पादन-अन्नबाली, दलहन, फलफूल, पशुपालन, माछापालन, तरकारी खेती, जडीबुटी खेतीको सूची बनाउन | • स्थानीय कृषि उत्पादन-अन्नबाली, दलहन, फलफूल, पशुपालन, माछापालन, तरकारी खेतीको परिचय | • स्थानीय कृषि उत्पादन-अन्नबाली, फलफूल, मुसुरो, सिमी, मास, पशुपालन, माछापालन, तरकारी खेती, जडीबुटी खेतीको परिचय<br>• स्थानीय क्षेत्रमा कृषि र पशुपालन कार्यमा उपयोग हुने परमपरागत सामग्रीहरूको | • विभिन्न बालीनाली हरूको फोटो, चित्र<br>• स्थानीय क्षेत्रमा उत्पादन हुने बालीहरूको सूची | • स्थानीय स्तरमा उत्पादित कृषिजन्य वस्तुहरूको सूची बनाइ फोटो सहित सूची प्रस्तुत गर्ने । जस्तैः धान, मकै, गहुँ, फापर, साग, बन्दा, मुला, गाजर, धान, मकै, दूध, मासु, फूलहरू आदि<br>• माथीका कृषिजन्य वस्तुहरूको | • आफ्नो गाउँघर तथा वस्तीवरिपरिउत्पादन हुने कृषि उत्पादनहरूको सूची बनाउन लगाउने ।<br>• विभिन्न प्रकारका कृषि उपजहरूबिच जोडा मिलाउन लगाउने<br>• फोटोद्धारा कृषि उपजहरूको | २० |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | • स्थानीय क्षेत्रमा कृषि र पशुपालन कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरूको परिचय दिन | • स्थानीय क्षेत्रमा कृषि र पशुपालन कार्यमा उपयोग हुने परमपरागत सामग्रीहरूको परिचय | परिचय | • पशुपालनमा उपयोग हुने विभिन्न सामग्रीहरूको चित्र<br>• श्रव्यदृष्य सामग्री | उत्पादनका आधारमा वर्गीकरण गर्न सिकाउने वा कुन वस्तु कहाँबाट उत्पादन हुन्छ भन्ने कुरा बताइदिने । जस्तैः धान, चामल, मकैः अन्नबाली, मुसुरोः दालबाली, साग, भण्टाः तरकारी, दूध, माछामासुः पशुपालन, सुन्तला भोगटेः फलफूल, सयपत्री, सूर्यमुखीः फूल आदि ।<br>• विद्यालय नजिकको बजार वा कृषि उत्पादन केन्द्रको अवलोकन भ्रमण गराइ त्यहाँ उत्पादित वस्तुहरूको वर्गीकरण गर्न सिकाउने ।<br>• पशुपालन गर्दा आवश्यक पर्ने विभिन्न सामग्रीहरूको फाटो वा चित्र प्रस्तुत गर्ने । जस्तैः हँसिया, खुकुरी, डोरी, दाम्लो, नाम्लो, दूध दुहुने बाल्टी, मोही पार्ने ठेकी आदि ।<br>• स्थानीय पशुपालन फर्म वा पशुपालकको मा लगेर प्रत्यक्ष सामग्रीहरू देखाउने | वर्गीकरण गर्न लगाउने ।<br>• स्थानीय क्षेत्रमा परम्परागत रुपमा प्रयोग हुने सामग्रीहरूको सूची बनाउन लगाउने<br>• कुनै एक पशुपालन गर्ला चाहिने सामानको चित्र बनाउन लगाउने ।<br>• बहुबैकलिपक प्रश्नहरू गर्ने | |
| ३ | • स्थानीय कृषि उत्पादन र पशुपालनको महत्व तथा फाइदा बताउन र कृषि कार्यमा घरायसी | • स्थानीय कृषि उत्पादन र पशुपालनको महत्व र फाइदा<br>• स्थानीय उद्योग व्यवसायहरूको | • स्थानीय कृषि उत्पादन र पशुपालनको महत्व र फाइदा<br>• स्थानीय उद्योग व्यवसायहरूको परिचय (दूध डेरी, पानीघट्ट, काठमिल) | • विभिन्न बालीनाली र पशुपालन सम्बन्धी उपयोगिता सहितकोफोटो, | • स्थानीय स्तरमा उत्पादित कृषिजन्य वस्तुहरूको सूची बनाइ त्यसको उपयोग, फोटो सहित प्रस्तुत गर्ने । जस्तैः बन्दा, आलु, प्याज, मुला, गाजर, दाल, धान, | • आफ्नो गाउँघर तथा वस्ती वरिपरिउत्पादन हुने कृषि उत्पादनहरूको उपयोग कसरी हुन्छ बताउन लगाउने<br>• विभिन्न प्रकारका कृषि | २० |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | सहयोग गर्न<br>• स्थानीय उद्योग व्यवसायहरूकोसूची बनाउन र केहीको सामान्य परिचय दिन (दूध डेरी, पानीघट्ट, काठमिल) | परिचय (दूध डेरी, पानीघट्ट, काठमिल) | | चित्र<br>• स्थानीय क्षेत्रमा भएका साना उद्योग व्यवसायहरूको सूची चित्र | मकै,फापर, दाल,दूध, मासु, फूलहरू आदि ।<br>• कृषि उत्पादनबाट हामीलाई पुग्ने फाइदाहरूको सूची तयार पारी प्रस्तुत गर्ने ।<br>• चित्र देखाइकृषि उत्पादनको सामान्य फाइदाहरूको बारेमा समूहगत छलफल गराइ प्रस्तुत गर्न लगाउने ।<br>• स्थानीय क्षेत्रमा पालिने पशुपंक्षीहरूको सूची प्रस्तुत गर्ने ।<br>• पशुपालनको फाइदा सम्बन्धी स्थानीय पशुपालकसँग अन्तरक्रिया गराई निष्कर्ष दिने<br>• गाउँपालिका भित्र भएका विभिन्न उद्योगहरूको सूची बनाई प्रस्तुत गर्ने ।<br>• विद्यालय नजिकैको कुनै एक दूध डेरी वा पानीघट्ट वा काठमिलको अवलोकन भ्रमण गराई त्यसको परिचय दिने ।<br>• उद्योग व्यसायको फाईदाबारे छलफल गरी निष्कर्ष दिने । | उपजहरू र त्यसको उपयोग बिच जोडा मिलाउन लगाउने ।<br>• स्थानीय कृषि उपजहरूको महत्वबारे लेख्न लगाउने ।<br>• आफ्नो घरमा विद्यार्थीहरूलाई कुनै एक कृषि सम्बन्धी विरुवा रोप्न लगाउने र त्यसको उपयोगबारे लेखी प्रस्तुत गर्न लगाउने ।<br>• आफ्नो गाउँघरमा भएका उद्योग व्यवसायहरूको सूची बनाउन लगाउने ।<br>• पानीघट्टको चित्र बनाई छोटो परिचय दिन लगाउने | |
| ४ | • तरकारी खेती ( काउली, बन्दा, साग, आलु, प्याज र मुला)को बारेमा | • तरकारी खेती ( काउली, बन्दा, साग, आलु, प्याज र मुला)को | • स्थानीय क्षेत्रमा गरिने तरकारी खेती -काउली, बन्दा, साग, आलु र मुला)को परिचय र खेती गर्ने सामान्य | • स्थानीय क्षेत्रमा उत्पादन हुने तरकारीबाली | • स्थानीय स्तरमा उत्पादित तरकारीवालीहरूको सूचीबनाइ त्यसको उपयोग, फोटो सहित प्रस्तुत गर्ने । जस्तैः आलु, | • आफ्नो गाउँघर तथा वस्ती वरिपरिउत्पादन हुने तरकारीबालीहरूका सूची बनाउन लगाउने | १६ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | जानकारी हासिल गरी खेती गर्ने सीप हासिल गर्न<br>• स्थानीय परम्परागत उद्योग व्यवसायहरू चिन्न र परिचय दिन | जानकारी<br>• स्थानीय उद्योग व्यवसायहरूको परिचय | तरिका<br>• स्थानीय उद्योग व्यवसायहरूको परिचय दिन( होटल, लज, व्यवसाय, कपडा/गलैंचा बुन्ने, जाम बनाउने) | हरूको महत्व सम्बन्धी चार्ट<br>• आलु, काउली, साग र मुलाको खेती सम्बन्धी भिडियो, बृत्तचित्र, पोष्टर आदि | साग, बन्दा, मुला, गाजर, आदि ।<br>• अर्गानिक खेती सम्बन्धी जानकारी दिने ।<br>• काउली, आलु, साग र मुला उत्पादन सम्बन्धी सीपको विकास गर्न त्यस सम्बन्धीभिडियो वा बृत्तचित्रप्रर्दशन गर्ने । जसमा बीउ, रोप्ने मौसम, माटोको निर्माण, सिंचाई, गोडमेल, बाली संकलन जस्ता कुराहरू समेट्ने ।<br>• विद्यालय नजिकैको कृषि फर्मको अवलोकन गरी तरकारी उत्पादन सम्बन्धी त्यहाँका जनाकार व्यक्तिसँग छलफल गर्ने ।<br>• विद्यालयको खाली जग्गामा विद्यार्थीहरू परिचालन गरी साग र मुला रोपेर हेरचाह र अवलोकन गर्न लगाउने ।<br>• स्थानीय क्षेत्रमा भएका विभिन्न उद्योग व्यवसायहरूको सूची बनाई छोटो परिचय सहित प्रस्तुत गर्ने<br>• स्थानीय क्षेत्रमा मानिसहरूले गर्ने विभिन्न व्यवसायहरू मध्ये होटल, लज, कपडा/गलैंचा बुन्ने, जाम | • साग र मुला खेती सम्बन्धी वर्णन गर्न लगाउने ।<br>• विद्यार्थीहरूको समूह बनाई विद्यालयमा काउली र मुला रोप्न लगाउने र उनीहरूको सीप बिकासको मूल्याङ्कनगर्ने ।<br>• अवलोकन भ्रमणका आधारमा परियोजना कार्य गर्न लगाउने ।<br>• आफ्नो गाउँघरमा भएका विभिन्न साना उद्योगहरूको सूची बनाउन लगाउने ।<br>• कुनै एक स्थानीय व्यवसायको परिचय र महत्व सम्बन्धी लेख्न लगाउने ।<br>• स्थानीय कुनै एक व्यवसायीकोमा गएर उक्त व्यवसाय सञ्चालन सम्बन्धी बुझेर कक्षामा प्रस्तुत गर्न लगाउने । | |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | बनाउनेव्यवसायहरूको परिचय दिने र स्थानीय व्यवसायीसँग उक्त व्यवसायहरूको सञ्चालन गर्ने प्रक्रियातथा फाईदाहरूका बारेमा अन्तरक्रियागराउने | | |
| ५ | • अन्नखेती -धान, गहुँ, कोदो, र मकै खेती) र दाल खेतीको जानकारी लिई खेतीपातीका कार्यहरूमा सहभागी हुन त्यसको उपयोग र बजारबारे बताउन<br>• पशुपालन( बाखापालन, कुखुरा, माछा र बंगुर पालन) तरिकाहरू बताउन र पशुपालनमासहयोग गर्न | • अन्नखेती -धान, गहुँ, कोदो, र मकै खेती र दाल खेतीको जानकारी<br>• पशुपालन ( बाखापालन, कुखुरा, माछा र बंगुर पालन) को जानकारी<br>• | • स्थानीय क्षेत्रमा गरिने अन्नखेती -धान, गहुँ, कोदो, फापर, मकै र दाल खेती)को जानकारी र खेती गर्ने तरिका<br>• पशुपालन (बाखापालन, कुखुरा, माछा र बंगुर पालन) को जानकारी<br>• | • विभिन्न अन्न बालीहरूको उपयोगिता सहितकोफोटो, चित्र<br>• धान, गहुँ, कोदो र मकै खेती सम्बन्धी भिडियो, बृत्तचित्र, पोष्टर आदि<br>• कुखुरा, माछा, बाखापालन, टर्की, हाँस, कुखुरा र बंगुरपालन सम्बन्धी भिडियो, बृत्तचित्र, पोष्टर आदि | • स्थानीय स्तरमा उत्पादित अन्नवालीहरूको सूचीबनाइ त्यसको उपयोग, फोटो सहित प्रस्तुत गर्ने । जस्तैः धान, गहुँ, मकै, कोदा, फापर, मुसुरो, मिी, बोडी आदि ।<br>• धान, गहुँ, कोदो र मकै उत्पादन सम्बन्धी सीपको विकास गर्न त्यस सम्बन्धीभिडियो वा बृत्तचित्रप्रर्दशन गर्ने । जसमा बीउ, रोप्ने मौसम, माटोको निर्माण, सिंचाई, गोडमेल, बाली संकलन जस्ता कुराहरू समेट्ने ।<br>• विद्यालय नजिकैको कृषि फर्मको अवलोकन गरी अन्न उत्पादन सम्बन्धी त्यहाँका जनाकार व्यक्तिसँग छलफल गर्ने ।<br>• स्थानीय स्तरमा पशुपालनसँग सम्बन्धीत विभिन्न उत्पादनहरूको सूची बनाइ त्यसको उपयोग, फोटो सहित | • आफ्नो गाउँघर तथा वस्ती वरिपरिउत्पादन हुने अन्न बालीहरूको सूची बनाउन लगाउने<br>• धान, मकै खेती सम्बन्धी वर्णन गर्न लगाउने ।<br>• विद्यार्थीहरूको समूह बनाई विद्यालयको खाली ठाउँमा वा एक एक वटा गमलामा मकै रोप्न लगाउने र उनीहरूको सीप बिकासको मूल्याङ्कन गर्ने ।<br>• माछापालन र कुखुरापालन सम्बन्धी वर्णन गर्न लगाउने<br>• विद्यालय नजिकैको कुनै एक कुखुरापालन केन्द्र, माछापालन केन्द्र वा बंगुरपालन केन्द्रको अवलोकन गर्न लगाई उक्त केन्द्रको परिचय सहितको परियोजना कार्य गर्न लगाउने ।<br>• फोटो मार्फत उद्योग व्यवसायहरू चिन्न लगाउने | १६ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रस्तुत गर्ने । जस्तैः दूध, घिउ, माछामासु, अण्डा, रौं, छाला आदि ।<br>• पशुपालन सम्बन्धी सीपको विकास गर्न त्यस सम्बन्धीभिडियो वा बृत्तचित्रप्रर्दशन गर्ने । जसमा विभिन्न प्रजाति, गोठ वा खोरको निर्माण, आवश्यक घाँस, दानापानी, उत्पादन दिन लाग्ने समय, जस्ता कुराहरू समेट्ने ।<br>• विद्यालय नजिकैको कृषि - कुखुरा, माछा, बाखा वा बंगुर) फर्मको अवलोकन गरी पशुपालन सम्बन्धी त्यहाँका जनाकार व्यक्तिसँग छलफल गर्ने । | । | |

## क्षेत्र७: स्थानीय खेलकुद, व्यायाम र भोजन

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | • स्थानीय स्तरमा प्रचलित खेलहरूको नाम बताउन र अभ्यास गर्न<br>• स्थानीय परिकारहरूको नाम बताउन र खाने बानीको विकास गर्न | • स्थानीय स्तरमा प्रचलित खेलहरूको नाम र अभ्यास<br>• स्थानीय परिकारहरूको नाम | • स्थानीय स्तरमा खेलिने खेलहरूको नाम र अभ्यास ( रुमाल लुकाईछोटो दौड, कवड्डी, चुङ्गी, डण्डीवियो, गट्टी, बाघचाल, भालेजुधाई आदि)<br>• स्थानीय क्षेत्रमा खाईने खानाहरूका परिकारहरूको नाम(ढिँडो, दालभात, फापरको रोटी, भटुक, कालो मासको बारागुन्द्रुकको अचार, मकै, भटमास, सिस्नुका परिकारहरू, सागपात, माछामासु आदि) | • स्थानीय खेलहरूको सूचीको चार्ट<br>• स्थानीय क्षेत्रमा खाईने खानाहरूको सूची, पोस्टर, ब्रोसर, लेख आदि | • स्थानीय स्तरमा बालबालिकाहरूले खेल्ने खेलहरूको सूची तयार पारी नाम प्रस्तुत गर्ने ।<br>• रुमाल लुकाईछोटो दौड, कवड्डी, चुङ्गी, डण्डीवियो, गट्टी, बाघचाल, भालेजुधाई आदिखेल सम्बन्धीका क्रियाकलापहरू विद्यार्थीहरूलाई सिकाउने र अभ्यास गराउने ।<br>• स्थानीय क्षेत्रमा खाइने खानाहरूका परिकारहरूको सूची तयार पारी फाटो सहित प्रस्तुत गर्ने । जस्तैः ढिँडो, दालभात, फापरको रोटी, भटुक बारागुन्द्रुकको अचार, मकै, भटमास, सिस्नुका परिकारहरू, सागपात, माछामासु आदि<br>• आफ्नो घरमा पाक्ने परिकारहरूको नाम पालैपालो भन्न लगाउने । | • विद्यार्थीहरूले घर तथा विद्यालयमा खेल्ने गरेका खेलहरूको नाम सोध्ने<br>• चित्रबाट कुन खेल खेलिरहेको छ चिन्न लगाउने ।<br>• स्थानीय खेलहरू खेल्न लगाई सीपको मूल्याङ्कन गर्ने ।<br>• फोटोमार्फत विभिन्न खानाका परिकारहरू चिन्न लगाउने ।<br>• आफूलाई मनपर्ने खानाहरूको नाम सोध्ने<br>• बहुबैकल्पिक प्रश्नहरू गर्ने | २० |
| २ | • स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय र अभ्यास (कुनै २ वटा)<br>• स्थानीय क्षेत्रमा खाइने खानाहरूका परिकारहरू चिनेर नाम बताउन र छोटो परिचय दिन | • स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय र अभ्यास(कुनै २ वटा)<br>• स्थानीय क्षेत्रमा खाईने खानाहरूका परिकारहरूको नाम र परिचय | • स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय(रुमाल लुकाई छोटो दौड, खेल्ने तरिकाको वर्णन रखेल अभ्यास<br>• स्थानीय क्षेत्रमा खाइने खानाहरूका परिकारहरूको नामर सामान्य परिचय (ढिँडो, दालभात, फापरको रोटी, भटुक कालो मासको बारागुन्द्रुकको अचार, मकै, | • स्थानीय क्षेत्रमा खेलिने विभिन्न खेलहरूको सूची, ब्रोसर, फोटो<br>• खेल खेल्ने तरिकाबारे जानकारी चार्ट वा | • स्थानीय क्षेत्रमा खेलिने विभिन्न खेलहरूको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः रुमाल लुकाईछोटो दौड, कवड्डी, चुङ्गी, डण्डीवियो, गट्टी, बाघचाल, भालेजुधाई आदि ।<br>• रुमाल लुकाई र छोटो दौड सम्बन्धी जानकारी दिने र खेल्ने प्रक्रियाबारे वर्णन गरी खेल अभ्यास गराउने ।<br>• विद्यार्थीहरूलाई स्थानीय | • आफ्नो विद्यालय तथा गाउँघरमा खेलिने खेलहरूको सूची बनाउन लगाउने ।<br>• रुमाल लुकाई र गाजी खेल खेल्ने तरिकाबारे वर्णन गर्न लगाउने ।<br>• रुमाल लुकाई गाजी, छोटो दौड, कवड्डी, चुङ्गी खेलको अभ्यास | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | भटमास, सिस्नुका परिकारहरू, सागपात, माछामासु आदि । | श्रव्यदृष्य सामग्री<br>• स्थानीय क्षेत्रमा खाइने खानाहरूको सूची, पोस्टर, ब्रोसर, लेख आदि | खेलहरूको परिचय, खेल्ने तरिकाबारे जानकारी गराई खेल अभ्यास गराउने ।<br>• स्थानीय क्षेत्रमा खाइने खानाहरूका परिकारहरूको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः ढिँडो, दालभात, रोटी, मकै, भटमास, सागपात, माछामासु आदि ।<br>• ढिँडो, दालभात, रोटी, मकै, भटमास, सागपात, माछामासु आदि खानाहरूको परिचय दिने । जस्तैः ढिँडो के बाट बनाइन्छ, कसरी बनाईन्छ, भन्नेबारेमा बताउने, कुनै भिडियो भए देखाउने वा ढिँडो पकाएको प्रत्यक्ष देखाउने । | गराई विद्यार्थीहरूको प्रदशर्नीका आधारमा मूल्याङ्कन गर्ने ।<br>• स्थानीय परम्परागत खानाहरूको सूची बनाउन लगाउने ।<br>• भटमासको कुन कुन परिकार बनाएर खान सकिन्छ ? सोध्ने ।<br>• चामलको भात पकाउन आवश्यक कुराहरूको सूची बनाउन लगाउने । | |
| ३ | • स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय, महत्व बताउन र अभ्यास गर्न<br>• स्थानीय परिकारहरूको महत्वबोध गर्न र परिकारहरूको उपयोग गर्न | • स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय, महत्व र अभ्यास (कुनै ३ वटा)<br>• स्थानीय परिकारहरूको महत्व | • स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय, महत्वर अभ्यास गर्न (कुनै ३ वटा) छोटो दौड, कवड्डी, चुङ्गी<br>• स्थानीय परिकारहरूको महत्व (ढिँडो, बारा, दालभात, रोटी, गुन्द्रुकको अचार, मकै, भटमास, सिस्नुका परिकारहरू, सागपात, माछामासु आदि) | • स्थानीय क्षेत्रमा खेलिने विभिन्न खेलहरूको सूची, ब्रोसर, फोटो<br>• खेल खेल्ने तरिकाबारे जानकारी चार्ट वा श्रव्यदृष्य सामग्री<br>• स्थानीय परिकारको महत्वसम्बन्धी श्रव्यदृष्य | • स्थानीय क्षेत्रमा खेलिने विभिन्न खेलहरू खेल्ने तरिकाबारे छलफल गर्ने र खेल्ने अभ्यास गराउने ।<br>• छोटो दौड, कवड्डी, चुङ्गी, चम्चा दौड,सम्बन्धी जानकारी दिने र खेल्ने प्रक्रियाबारे वर्णन गरी खेल अभ्यास गराउने ।<br>• स्थानीय खेलहरूको महत्वबारे बताइदिने<br>• स्थानीय बुढापाकाहरूसँग यी खेलहरूबारे छलफल गराउने ।<br>• स्थानीय परिकारहरूको सूची बनाई प्रस्तुत गर्ने र उक्त परिकारहरू के बाट कसरी बन्छन्, कसरी खाने गरिन्छ | • आफ्नो विद्यालय तथा गाउँघरमा खेलिने खेलहरूको परिचय दिन लगाउने<br>• भाले जुधाइ, चुङ्गी चम्चा दौड, कवड्डी, खेल्ने तरिकाबारे वर्णन गर्न लगाउने ।<br>• विभिन्न खेलहरूखेल्ने अभ्यास गराई विद्यार्थीहरूको प्रर्दशनीका आधारमा मूल्याङ्कन गर्ने ।<br>• स्थानीय खानाका परिकारहरूको सूची प्रस्तुत गर्नलगाउने | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | सामग्री | भन्नेबारेमा बताउने ।<br>• स्थानीय परिकारको महत्व र फाईदा सम्बन्धी छलफल गरी निष्कर्ष दिने । जस्तैः स्थानीय परिकारहरूले आफ्नो मौलिक परिचयमा सहयोग गर्छन् । स्वस्थ खाना खान पाईन्छ । आफ्नै खेतवारीका उत्पादनहरूले बजार पाउँछन् आदि ।<br>• विभिन्न स्थानीय खानहरू पकाउने तरिकाहरूको भिडियो प्रस्तुत गर्ने । | • स्थानीय परिकारहरूको महत्व लेख्न लगाउने ।<br>• आफ्नो घरमा खाने गरेका खानाका परिकारहरूबारेसोध्ने | |
| ४ | • योग ध्यानको प्रारम्भिक अभ्यास गर्न<br>• परम्परागत परिकार भटुक रोटी, बारा, ढिँडो, भटमास र गुन्द्रुकको अचार बनाउने तरिका सिक्न | • योग ध्यानको प्रारम्भिक अभ्यास<br>• परम्परागत परिकार भटुक रोटी, बारा, ढिँडो, भटमास र गुन्द्रुकको अचार बनाउने तरिका | • सामान्य योग तथा ध्यानको अभ्यास<br>• परम्परागत परिकार भटुक रोटी, बारा, ढिँडो, भटमास र गुन्द्रुकको अचार बनाउने तरिका | • योग अभ्यास सम्बन्धी चित्र, फोटो, भिडियो, बृत्तचित्र<br>• परम्परागत परिकार भटुक रोटी, बारा, ढिँडो, भटमास र गुन्द्रुकको अचार बनाउने तरिका फोटो, भिडियो<br>• स्थानीय खाना पकाउन जान्ने मानिस | • मेरुदण्ड सोझो बस्न बस्न लगाउने<br>• ज्ञान मुद्रा (आँखा चिम्लेर बुढी र चोर औंलाको टुप्पा जोडेर बाकी तीन औंला सोझो गरेर घुँडा माथि राखी शान्त बस्न लगाउने ।<br>• हात, खुट्टा, दायाँबायाँ, तलमाथि गर्न र सामान्य मार्चपास जस्तो सिकाउने ।<br>• सामान्य योग अभ्यासका भिडियो देखाउने र अभ्यास गराउने ।<br>• स्थानीय क्षेत्रमा बनाईने परम्परागत खानाहरू बनाउने तरिकाबारे श्रव्यदृष्य सामग्री खोजी गरी प्रस्तुत गर्ने ।<br>• परम्परागत परिकार भटुक रोटी, बारा, ढिँडो, भटमास र गुन्द्रुकको अचार बनाउने तरिकाको सीपको फोटो, भिडियो प्रस्तुत गर्ने वा स्थानीय जानकार व्यक्तिलाई बोलाएर उक्त परिकारहरूप्रत्यक्ष | • क्रियाकलाप अनुसारको बसाइ तथा व्यवहार परिवर्तन अवलोकन गर्ने ।<br>• हातखुट्टाको चाल मिलाएर चलाउन लगाउने ।<br>• उफ्ने, दौडने जस्ता अभ्यासहरू गर्न लगाउने ।<br>• सामान्य योग अभ्यास गराई अवलोकन गर्ने ।<br>• परम्परागत गुन्द्रुक र ढिँडो बनाउने तरिकावारे वर्णन गर्न लगाउने ।<br>• स्थानीय कुनै एक परिकार बनाउन लगाउने र त्यसका आधारमा सीपको | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | बनाएर देखाउन लगाउने ।<br>• विद्यार्थीहरूलाई समूहगतरुपमा गुन्द्रुक र ढिँडो बनाउने अभ्यास गराउने । | मूल्याङ्कन गर्ने । | |
| ५ | • योग ध्यानको परिचय दिई विभिन्न प्रकारका योग र ध्यानको अभ्यास गर्न<br>• सन्तुलित खानाको परिचय दिई पत्रु खाना (junk food) का असरहरू र पत्रु खानामा कमी ल्याउने उपायहरू बताउन | • योग ध्यानको परिचय र विभिन्न प्रकारका योग र ध्यानको अभ्यास<br>• सन्तुलित खानाको परिचय र पत्रु खाना (junk food)का असरहरू र पत्रु खानामा कमी ल्याउने उपायहरू | • योग ध्यानको परिचय र विभिन्न प्रकारका योग र ध्यानको अभ्यास<br>• सन्तुलित खानाको परिचय र पत्रु खाना (junk food)का असरहरू र पत्रु खानामा कमी ल्याउने उपायहरू | • योग अभ्यास सम्बन्धी चित्र, फोटो, भिडियो, वृत्तचित्र<br>• स्थानीय योग गुरु<br>• स्थानीय खाना विज्ञ | • ज्ञान मुद्रा (आँखा चिम्लेर बूढी र चोर औंलाको टुप्पा जोडेर बाँकी तीन औंला सोझो गरेर घुँडामाथि राखी शान्त बस्न लगाउने ।<br>• श्वासप्रश्वास सम्बन्धी खेल खेलाउने<br>• योग गर्ने तरिकाहरूबारे भिडियो देखाई अभ्यास गराउने ।<br>• स्थानीय पाक विज्ञ (cook)लाई विद्यालयमा बोलाएर फापरको आल्दुम, ढिँडो र चामलको पिठोको बाबर बनाउने तरिकाहरूप्रत्यक्ष देखाउन लगाउने ।<br>• विद्यार्थीहरूलाई स्थानीय खाना बनाउने परियोजना वा अभ्यास कार्य गर्न लगाउने ।<br>• पत्रु खाना (junk food)को सूची प्रस्तुत गर्ने ।<br>• पत्रु खानाका असरहरू र पत्रु खानामा कमी ल्याउने उपायहरूबारे छलफल गर्ने । | • हात खुट्टा चलाउने अभ्यास गर्न लगाउने ।<br>• खेल, योग ध्यानको परिचय दिन लगाउने ।<br>• दैनिक क्रियाकलाप अवलोकन गर्ने ।<br>• फापरको आल्दुम र ढिँडो बनाउने तरिकाबारे वर्णन गर्न लगाउने ।<br>• विभिन्न स्थानीय खाना बनाउने परियोजना कार्यका आधारमा मूल्याङ्कन गर्ने ।<br>• बहुबैकल्पिक प्रश्न गर्ने<br>• पत्रु खानाका असरहरू लेखेर प्रस्तुत गर्न लगाउने । | १६ |

## क्षेत्र ८: स्थानीय सेवामूलक संघसंस्था र समाजसेवी व्यक्ति

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | • गाउँपालिकाभित्र भएका सेवामूलक संस्था, सहकारी, वित्तीय संस्थाहरूको नाम बताउन | • गाउँपालिकाभित्र भएका सेवामूलक संस्थाहरू (विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, सहकारी, बैंक, हुलाक कार्यालय आदि) | • गाउँपालिकाभित्र भएका सेवामूलक संस्था, सहकारी, वित्तीय संस्थाहरूको नाम - विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, आमा समूह, सहकारी संस्था, क्लव, रेडक्रस, स्काउट आदि) | • गाउँपालिकाभित्र भएका सेवामूलक संस्थाहरूको सूची, चित्र,फोटो, चार्ट, ब्रोसर, पम्प्लेट | • स्थानीय क्षेत्रमा विभिन्न सेवामूलक संघसंस्थाहरूको सूची बनाई चित्र सहित प्रस्तुत गर्ने । जस्तैः विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, आमा समूह, सहकारी संस्था, वडा कार्यालय, हुलाक कार्यालय आदि ।<br>• उक्त संस्थाहरूबाट हामीले पाउने सेवाहरूको बारेमा बताइदिने ।<br>• विद्यालय नजिकको कुनै एक सामाजिक संस्थामा लगेर त्यहाँ हुने कामहरूप्रत्यक्ष देखाउने र त्यसबाट हामीले लिन सकिने सेवाको बारेमा छलफल गर्ने । | • आफ्नो घर तथा विद्यालय नजिक भएका सेवामूलक संस्थाहरूको नाम सोध्ने<br>• विद्यालय र स्वास्थ्य चौकीबाट हामीले के सुविधा पाउँछौ बताउन लगाउने ।<br>• आफ्नो विद्यालयको चित्र बनाउन लगाउने<br>• चित्रहरूमार्फत संस्थाहरू चिन्न लगाउने । | १० |
| २ | • गाउँपालिकाभित्र भएका विभिन्न सेवामूलक संघसस्थाहरूको सूची बनाउन र परिचय दिन | • गाउँपालिकाभित्र भएका विभिन्न सेवामूलक संघसस्थाहरूको नाम बताउन र केही संस्थाले गर्ने कामको परिचय दिन (स्थानीय गाउँपालिका र वडा कार्यालयहरू,विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, बाल क्लव) | • गाउँपालिकाभित्र भएका विभिन्न सेवामूलक संघसस्थाहरूको सूची र परिचय(विद्यालय, आमा समूह, प्रहरी चौकी, स्वास्थ्य चौकी) | • गाउँपालिकाभित्र भएका सेवामूलक संस्थाहरूको सूची, चित्र,फोटो, चार्ट, ब्रोसर, पम्प्लेट<br>• स्थानीय क्लव, आमा समूह, स्वास्थ्य चौकीले दिने सेवा वा गर्ने कार्यहरूको सूची, पर्चा, पोष्टर आदि | • स्थानीय क्षेत्रमा विभिन्न सेवामूलक संघसंस्थाहरूको सूची बनाई चित्र सहित प्रस्तुत गर्ने । जस्तैः विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, आमा समूह, सहकारी संस्था आदि ।<br>• स्वास्थ्य चौकी, स्थानीय युवा क्लव तथा स्थानीय आमा समूह वा महिला समूहले समाजमा गर्ने वा गरेका राम्रा कार्यहरूको खोजी गरी प्रस्तुत गर्ने । जस्तैः स्वास्थ्य चौकीले हामीलाई स्वास्थ्य सेवा दिन्छ, स्थानीय युवा क्लवले खेलकुद प्रतियोगिताको आयोजना गर्छ, महिला समूहले गाउँमा जुवातास खेल्ने कार्य रोक्न मद्दत गर्छ । विद्यालयमा हामी पढ्छौं आदि । | • आफ्नो घर तथा विद्यालय नजिक भएका सेवामूलक संस्थाहरूको नामको सूची बनाउन लगाउने ।<br>• स्थानीय आमा समूह र स्वास्थ्य चौकीबाट हामीले के सुविधा पाउँछौ बताउन लगाउने ।<br>• विद्यालयबाट हामीले के के सुविधाहरू पाउँछौं ?<br>• चित्रहरूमार्फत संस्थाहरू चिन्न | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | • विद्यालय नजिकको कुनै एक सामाजिक संस्थामा लगेर त्यहाँ हुने कामहरूप्रत्यक्ष देखाउने । त्यसबाट हामीले लिन सकिने सेवाको बारेमा छलफल गर्ने ।<br>• स्थानीय संघसस्थाका प्रतिनिधीसँग भेट गराई अन्तरक्रिया गराउने र निष्कर्ष दिने । | लगाउने ।<br>• बहुबैकल्पिक प्रश्नहरू गर्ने । | |
| ३ | • गाउँपालिकाभित्र भएका सेवामूलक संघसंस्थाहरूको सूची बनाउन र केहीको परिचय दिन | • स्थानीय सेवामूलक संघसंस्थाहरूको पहिचान गरी चिनीहरूको छोटो परिचय दिन (स्थानीय युवा क्लव, महिला समूह, आमा समूह, रेडक्रस, बाल क्लव, स्वास्थ्य चौकी, सहकारी, वित्तीय संस्थाहरू) | • स्थानीय सेवामूलक संघसंस्थाहरूको परिचय ( स्थानीय युवा क्लव, महिला समूह, आमा समूह, रेडक्रस, बाल क्लव, स्वास्थ्य चौकी, सहकारी, वित्तीय संस्थाहरू) | • गाउँपालिका भित्र भएका सेवामूलक संथहरूको सूची, चित्र,फोटो, चार्ट, ब्रोसर, पम्प्लेट<br>• स्थानीय युवा क्लव, महिला समूह, आमा समूह, रेडक्रस, बाल क्लव, स्वास्थ्य चौकी, सहकारी, वित्तीय संस्थाहरूले दिने सेवा वा गर्ने कार्यहरूको सूची, पर्चा, पोष्टर आदि | • स्थानीय क्षेत्रमा विभिन्न सेवामूलक संघसंस्थाहरूको सूची बनाई चित्र सहित प्रस्तुत गर्ने । जस्तैः स्थानीय युवा क्लव, महिला समूह, आमा समूह, रेडक्रस, बाल क्लव, स्वास्थ्य चौकी, सहकारी, वित्तीय संस्थाहरू आदि ।<br>• गाउँपालिका क्षेत्रभित्रका मानिसहरूले सञ्चालन गर्दै आएका रेडक्रस, बाल क्लव, स्वास्थ्य चौकी, सहकारी, वित्तीय संस्थाहरूसम्बन्धी खोजी गरी परिचय र त्यसले गर्ने कार्यहरूबारे बताइदिने । जस्तैः स्वास्थ्य चौकीबाट हामीले स्वास्थ्य सेवा पाउँछौं । सहकारी तथा वित्तीय संस्थाहरूमा पैसा सम्बन्धीको कारोबार गर्न पाईन्छ ।जसमा नगद जम्मा गर्ने लगायतका कार्यहरू पनि पर्दछन् ।<br>• आफ्नो विद्यालयमा भएको बालक्लवले गर्ने कार्यहरूको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः विभिन्न दिवशहरू मनाउने, विद्यालय सरसफाइ, बगैचा निमार्ण आदि | • स्थानीय स्वास्थ्य चौकीले गर्ने कामहरू सहित छोटो परिचय दिन लगाउने ।<br>• आफ्नो गाउँपालिका भित्र भएका संस्थाहरूको नामको सूची बनाउन लगाउने<br>• आफ्नो विद्यालयमा बाल क्लवले गर्ने कार्यहरूको सूची बनाउन लगाउने ।<br>• विद्यार्थीहरूलाई बाल क्लवमा समाहित गराई उनीहरूले गर्ने कार्यहरूको अवलोकन गर्ने<br>• बहुबैकल्पिक प्रश्नहरू गर्ने<br>• आफ्नो घर नजिक भएको कुनै एक सहकारीको नाम लेखी अभिभावकलाई सोधेर त्यसले गर्ने कार्यहरूका | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | कार्य गर्ने ।<br>• विद्यालय नजिकको कुनै एक सामाजिक संस्थामा लगेर त्यहाँ हुने कामहरूप्रत्यक्ष देखाउने ।<br>• स्थानीय संस्था वा रेडक्रस संस्थाका प्रतिनिधीसँग भेट गराई अन्तरक्रिया गराउने र निष्कर्षदिने । | बारेमा लेख्न लगाउने । | |
| ४ | • बाल क्लवको परिचय र काम<br>• स्थानीय समाजसेवी को परिचय र योगदान - पहिलो विद्यालय खोल्ने व्याक्ति, स्वास्थ्य चौकी बनाउने व्यक्ति) | • बाल क्लवको परिचय र काम<br>• स्थानीय समाजसेवीको परिचय दिन र उनीहरूको समाजमा योगदानबारे बताउन | • बाल क्लवको परिचय र काम<br>• स्थानीय समाजसेवीको परिचय र समाजमा योगदान | • बल क्वल सम्बन्धी ब्रोसर, भिडियो, लेख<br>• स्थानीय पुरानो शैक्षिक संस्था तथा व्यक्ति सम्बन्धी फोटो, ब्रोसर, लेख, रचना, भिडियो<br>• स्थानीय इतिहासविद् | • बाल क्लव सम्बन्धी परिचय दिई यसले गर्ने सक्ने कार्यहरू र बाल क्लवमा सहभागी हुँदा हुने फाईदाहरूबारे छलफल गर्ने ।<br>• गाउँपालिका क्षेत्रमा भएको सबभन्दा पुरानो शैक्षिक संस्थाबारे खोजी गरी त्यस संस्थाको परिचय र उक्त संस्था खोल्न महत्वपूर्ण योगदान दिने स्थानीयहरूबारे जानकारीगराउने ।<br>• स्थानीय समाजसेवीले समाजमा गरेका योगदानहरूबारे लेख, रचना खोजी गरी प्रस्तुत गर्ने, स्थानीय जानकार व्यक्तिहरूसँग छलफल गराउने ।<br>• आफ्नो विद्यालयको स्थापनाबारे छलफल गर्ने । स्थानीय सामाजिक व्यक्तित्वले सामजमा गरेका राम्रा कार्यहरूको उदाहरण प्रस्तुत गर्ने ।<br>• विद्यार्थीहरूलाई सामाजिक कार्यहरूमा सहयोग गर्ने बानीको बिकास गर्न विभिन्न प्रेरणात्मक बृत्तचित्र वा भिडियो प्रस्तुत गरी छलफल गर्ने । | • स्थानीय समाजसेवीको परिचय र उनीहरूले समाजमा गरेका योगदानहरूबारे लेख्न लगाउने ।<br>• गाउँपालिकाको सबभन्दा पुरानो शैक्षिक संस्था र आफ्नो विद्यालयको छोटो परिचय दिन लगाउने ।<br>• गाउँ टोल वा गाउँपालिका भित्रको कुनै एक सामाजिक व्यक्तिको खोजी गरी परिचय दिनलगाउने<br>• सामाजिक कार्यमा सहयोगबाट हुने फाइदाहरूकाबारेमा लेख्न लगाउने । | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | • असल कार्य र सकरात्मक सोचले समाजमा पार्ने सकरात्मक प्रभावका बारेमा छलफल गरी निष्कर्ष दिने । | | |
| ५ | • बाल क्लवमा सहभागीता जनाउन<br>• स्थानीय समाजसेवीको परिचय दिन र योगदानको अनुसरण गर्न ( स्थानीय बाटो, भौतिक पूर्वाधार बनाउने व्याक्ति) | • बाल क्लवमा सहभागीता र सहयोग<br>• स्थानीय समाजसेवी को परिचय र योगदान (स्थानीय बाटो, भौतिक पूर्वाधार बनाउने व्याक्ति | • बाल क्लवमा सहभागीता र सहयोग<br>• स्थानीय समाजसेवी को परिचय र योगदान (स्थानीय बाटो, भौतिक पूर्वाधार बनाउने व्याक्ति | • बालक्लब सम्बन्धी भिडियो<br>• गाउँपालिकाको पहिलो निवार्चित जनप्रतिनिधि सम्बन्धी सम्बन्धी लेख, फोटो, बृत्तचित्र<br>• स्थानीय इतिहास विद वा जानकार व्यक्ति | • बाल क्लवले गर्न कार्यहरू र त्यसका फाइदाहरूको बारेमा छलफल गर्ने ।<br>• कक्षामा नमूना बाल क्लव बनाई त्यसमा सहभागी गराउने र विभिन्न कार्यहरू गर्न सिकाउने ।<br>• स्थानीय समाजको बिकास, विद्यालय स्थापना र भौतिक पूर्वाधार बिकास आदि क्षेत्रमा गरेका योगदानहरूबारे स्थानीय जानकार व्यक्तिहरूसँग अन्तरक्रियागराउने । जस्तैः सडक बनाउने कार्यमा येगदान, स्थानीय विद्यालय बनाउने कार्यमा योगदान आदि ।<br>• गाउँपालिकाको पहिलो जननिर्वाचित प्रतिनिधि गाउँपालिका अध्यक्ष, उपाध्यक्षको परिचय दिने । समग्र गाउँपालिकाको विकासका लागि उनीहरूले गरेका योगदान र राम्रा कार्यहरूबारे छलफल गर्ने ।<br>• स्थानीय सामजसेवी र ऐतिहासिक व्यक्तिहरूको जीवनीबाट हामीले अनुसरण गर्नुपर्ने राम्रा कार्यहरूबारे समूहगत छलफल गरी निष्कर्ष दिने | • बाल क्वलमा सहभागी हुदाँ हुने फाइदाहरूबारे लेख्न लगाउने ।<br>• आफू पढिरहेको विद्यालय स्थापना गर्न योगदान दिने व्यक्तिहरूको खोजी गरी परिचय दिन लगाउने ।<br>• गाउँपालिकाको प्रथम निर्वाचित जनप्रतिनिधीहरूको परिचय दिन लगाउने ।<br>• आफ्नो वस्ती नजिकको सडक वा कुनै सेवाकेन्द्र बनाउन को को मानिसहरूको योगदान रहेको छ भन्नेबारेमा अविभावकलाई सोधेर लेख्न लगाई प्रस्तुत गर्न लगाउने ।<br>• परियोजना कार्य गराउने । | १० |

## ९. कार्यघण्टा विभाजन तालिका

**कक्षा १-५**

| क्र.स. | क्षेत्र/एकाइ | कार्यघण्टा | |
|---|---|---|---|
| | | कक्षा १-३ | कक्षा ४-५ |
| १. | मंगला गाउँपालिकाको परिचय | २० | १६ |
| २. | प्राकृतिक स्रोत, सम्पदा, सरसफाइ र हरित विद्यालय | ३० | २४ |
| ३. | प्रकोप न्यूनीकरण र सडक सुरक्षा | १२ | १२ |
| ४. | स्थानीय जातजाति, भाषा, भेषभूषा, संस्कार र चाडपर्व | २३ | १६ |
| ५. | स्थानीय धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थल, मेलाजात्रा र बाजागाजा | २५ | १८ |
| ६. | पेशा, व्यवसाय र उद्यमशीलता | २० | १६ |
| ७. | स्थानीय खेलकुद, व्यायाम र भोजन | २० | १६ |
| ८. | स्थानीय सेवामूलक संघसंस्था र समाजसेवी व्यक्ति | १० | १० |
| | **जम्मा** | **१६०** | **१२८** |

## १०.सिकाइ सहजीकरण प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयनका क्रममा विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थी केन्द्रित विधिलाई प्राथमिकता दिएर सिकाइ अगाडि बढाइनेछ ।यस पाठ्यक्रमलाई विद्यालयमा विद्यार्थीहरूबीच प्रभावकारी शिक्षण गर्नका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, वेवमा आधारित सामग्री र स्थानीय विज्ञसँगको अन्तरक्रिया लगायतका शैक्षणिक सामग्रीहरूको अधिकतम प्रयोग गरिनेछ । सिकाइ सहजीकरण गर्न विभिन्न प्रचलित विधिहरू अपनाउन सकिने छ ।

कुनै पनि सिकाइ दिगो हुनका लागि सिकारुहरूले/विद्यार्थीहरूले प्रत्यक्ष अनुभव गरेका कुराहरूले महत्वपूर्ण प्रभाव पारेको हुन्छ । त्यसका लागि सहजकर्ताले जहिले पनि विद्यार्थीहरूको रुची, उनीहरूको अवस्थालाई बुझेर विद्यार्थी केन्द्रित सहजीकरण गर्नुपर्दछ । जसबाट विद्यार्थीहरूको संज्ञानात्मक (Congnitive), भावनात्मक (Affective) तथा मनोक्रियात्मक (Psychomotor)सिकाइमा प्रत्यक्ष फाइदा पुग्छ । विद्यार्थी केन्द्रित सहजीकरण गर्दा सहजकर्ताले मुख्य गरी निम्न तीनवटा तहलाई ध्यानमा राखी कक्षा सञ्चालन गर्नुपर्दछ ।

क) पूर्व तयारी : विद्यार्थीहरूमा उत्प्रेरणा जगाउने

ख) उपयुक्त सहजीकरण बिधि : विद्यार्थी केन्द्रित अन्तरक्रियात्मक शिक्षण विधिहरूको प्रयोग गर्ने

ग) अभिलेखीकरण तथा सिकाइ उपलब्धि/सक्षमता मापन : विषय वस्तुको अभिलेखीकरण र त्यसको प्रस्तुति गर्ने

**पूर्व तयारी :** स्थानीय विषयको सहजीकरण गर्दा सहजकर्ता/शिक्षकले कक्षाकोठामा पस्नु अगाडि र कक्षामा पसिसकेपछि विषयवस्तुको सहजीकरण गर्नुभन्दा अगाडि विभिन्न चरणका तयारीहरू गर्नुपर्दछ, जस्लाई पूर्व तयारी भनिन्छ ।कक्षामा जानु अगाडि विषयस्तुसँग सम्बन्धित कुराहरूको खोजी गरी त्यसको पाठ योजना सहितको तयारी प्रथम चरणको तयारी हो, जसमा सिकाइउपलब्धि, सक्षमता समावेश गरी सहजीकरणका विधिहरू समेतको तयारी गर्नुपर्दछ । यदि कोही अन्य सहजकर्ता, विषयवस्तु बिज्ञलाई बोलाउने हो भने उक्त व्यक्तिलाई पनि विषयवस्तुबारे अग्रीम

जानकारी गराउनु पर्दछ । यदि अवलोकन भ्रमण वा बाहिरी वातावरणमा लगेर सिकाउन लागिएको छ भने त्यस ठाउँको बारेमा अग्रीम जानकारी लिई त्यस अनुरुपको तयारी गर्नुपर्दछ ।

सहजकर्ता कक्षाकोठामा विषयवस्तुको तयारी सहित प्रवेश गरिसकेपछि कक्षामा विद्यार्थीहरूको बसाइको अवस्थामा ध्यान दिनुपर्दछ । विषयवस्तुको माग र सहजीकरण बिधिलाई सहयोग पुग्नेगरी यु (U)आकार, राउन्ड टेवल (Round Table) आकार, स्क्यायर (Square) आकार, लहरमा (Line) राख्ने जस्ता विभिन्न तरिकामा कक्षाकोठाको बसाइको व्यवस्था मिलाउनुपर्दछ । विद्यार्थीहरूको इच्छा बुझ्ने,विभिन्न खेलहरू खेलहरूमार्फत उत्प्रेरणा जगाउने कार्य गर्नुपर्दछ । विद्यार्थीहरूमा उत्प्रेरणा दुई तरिकाबाट जगाउन सकिन्छ । जसमा बाहिरी कुराहरूको सहयोगमा उत्प्रेरणा जगाउने (Extrinsic Motivation)जस्तैः विषयवस्तुसँग सम्बन्धित प्रश्नहरू गरी पुरस्कारको व्यवस्था गरेर तथाआफैंभित्रबाट उत्प्रेरणा जगाउने (Intrinsic motivation), जस्तैः विद्यार्थीहरूलाई केही रमाइला अनुभवहरू सुनाई उनीहरूमा पनि विषयवस्तु सम्बन्धी जान्ने इच्छाशक्ति बढाउन अभिप्रेरित गर्ने । विद्यार्थीहरूमा उत्प्रेरणासँगै अघिल्लो दिनको विषयवस्तु वा क्रियाकलापको अनुभव, समीक्षा विद्यार्थीहरूबाटै गर्ने/गराउने र आजको विषयवस्तुलाई जोडेर विषयवस्तुमा प्रवेश गर्ने गर्नुपर्दछ ।

**उपयुक्त सहजीकरण बिधि :** शिक्षक वा सहजकर्ताले तयारीका चरणहरू पूरा गरी विषयवस्तुमा प्रवेश गरेपछि उद्देश्य अनुसार सक्षमता हासिल हुने गरी विद्यार्थी केन्द्रित विधिहरू उपयोग गरी सहजीकरण गर्नुपर्दछ । हाल प्रचलनमा रहेका प्रश्नोत्तर विधि, प्रदर्शन विधि,समस्या समाधान विधि, अवलोकन, छलफल, अभिनय, कथावाचन, क्षेत्र भ्रमण, परियोजना, द्रुतलेखन, जिग्सअ, मष्तिस्क मन्थन आदि विधिहरू अपनाउन सकिन्छ । पाठ्यक्रमको उद्देश्य अनुसार एकैपटकमा पनि एकभन्दा धेरै बिधिहरूको प्रयोग गर्न सकिन्छ तर सबै बिधिहरूमा विद्यार्थी केन्द्रित, सक्रिय सहभागिता, सामाजिक सहभागिता, उपयुक्त क्रियाकलाप र रणनीतिको प्रयोग हुनुपर्दछ ।

**अभिलेखीकरण तथा सिकाइ उपलब्धि/सक्षमता मापन :**विद्यार्थीहरूलाई आफूले सिकेका कुराहरूको अभिलेखीकरण गर्न लगाउनु पनि सहजीकरण प्रक्रियाको एक महत्वपूर्ण अंग हो । यहाँ अभिलेखीकरण गर्नु भन्नुको अर्थ विद्यार्थीहरूले सिकेका कुराहरूलाई हुबहु कपीमा लेख्ने भन्न खोजिएको होइन् । विद्यार्थीहरूले आफूले सिकेका कुराहरूको अभिलेखीकरण गर्ने क्रममा विषयवस्तुमा आधारित कथा, कविता, निवन्ध आदी लेख्ने, चित्र बनाउने, विभिन्न फोटोहरू टाँस्ने वा वास्तविक वस्तुहरू नै टाँस्ने, जस्तैः कुहिने र नकुहिने वस्तु छुट्याउने विषय छ भने कागजको टुक्रा र प्लाष्टिक टाँस्ने, कुनै विरुवाको जिवनचक्र वा खेती सम्बन्धी छ भने त्यसको विउ, पातहरू टाँस्न सकिन्छ । कुनै विषय वस्तुमा क्षेत्र भ्रमण, अवलोकन आदी गराईएको छ भने त्यसको सामूहिक परियोजना कार्य गराई प्रस्तुत गर्न लगाउनुपर्छ ।कुनै विषयवस्तुहरूमा विद्यार्थीहरूलाई सीपसँग सम्बन्धित सामग्रीहरू बनाउन लाई प्रस्तुत गर्न लगाउने । जस्तैः बाँसका सामग्री बनाउन लगाउने । विद्यार्थीहरूलाई विषयवस्तुको सहजीकरणका क्रममा यस्ता विभिन्न कार्यहरू गराउँदा उनीहरूसँग सिकेका कुराहरूको अभिलेख रहिरन्छ र भविष्यमा पूनरावलोकन गर्न समेत सहज हुन्छ । यसरी विद्यार्थीहरूले गरेको अभिलेखको प्रस्तुति गर्न लगाई उनीहरूलाई सकरात्मक पृष्ठपोषण (Positive feedback) सहित हौसला प्रदान (Appreciation)गर्नुपर्दछ । विद्यार्थीहरूको अभिलेखीकरण, प्रस्तुति, अभिनय जस्ता कार्यहरूबाट सहजकर्ताले सहजीकरण गरेका विषयवस्तुहरूको सिकाइउपलब्धि, सक्षमता, सीप कति हाँसिल भयो भन्ने कुराको मापन समेत गर्न सक्छन् ।

सिकाइसहजीकरणका क्रममा विद्यार्थीहरूको दैनिक कार्य, अनुभव, सीप तथा व्यवहारिक परिवर्तनको समेत अवलोकन गर्दै सहजकर्ताले समेत प्रत्येक विद्यार्थीहरूको दैनिक अभिलेख राख्ने कार्य सम्पन्न गरेपछि मात्र सहजीकरणको प्रक्रियापूरा भएको मानिन्छ । विद्यार्थी तथा सहजकर्ता दुवैले राख्ने अभिलेखबाट विद्यार्थी मूल्याङ्कन प्रक्रियासम्पन्न गर्न समेत सजिलो हुन्छ ।

## ११. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

यस स्थानीय विषयको पठनपाठनपछि विद्यार्थी मूल्याङ्कनका निम्न तरिकाहरू अवलम्बन गरिने छ । आधारभूत तहको कक्षा १–३ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनकोपरम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाईआत्मसात् गरिएको छ । यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्तगर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ । कक्षाकोठामाआधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्नअङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ ।कक्षाकोठामा आधारित यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात् विद्यार्थीको सिकाइस्तरपहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ । यसरी निर्माणात्मक उद्देश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मकप्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकाले यस्तो मूल्याङ्कन पद्धतिलाई निरन्तर मूल्याङ्कन पद्धति पनि भन्ने गरिन्छ ।

आधारभूत तहको कक्षा १–३ मागरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ सुधार गर्ने निर्माणात्मक हुने भए पनि आवश्यकतानुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तरनिर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ ।

आधारभूत तहको कक्षा १–३ को एकीकृत संरचनाको पाठ्यक्रमअनुसार विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गरिने विधि, प्रक्रिया तथा साधनहरू पहिचान गरिने छ । त्यसै गरी यस मार्गदर्शनमा अपेक्षित सिकाइ उपलब्धिमाविद्यार्थीको सिकाइस्तरको मूल्याङ्कन तथा सुधारात्मक सिकाइको अभिलेखीकरण गर्ने तरिका र अभिलेखीकरण साधनसमेत समावेश गरिएको छ । यसैकाआधारमा मातृभाषा तथा स्थानीय पाठ्यक्रममा विद्यार्थीको मूल्याङ्कनका लागि आवश्यक साधन तथा प्रक्रिया विकास गरी अभिलेखीकरण गर्न सकिन्छ ।

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोगगर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइउपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्नसकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीकोसिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजनाकार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठनभएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा

निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारीपठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनिआवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमायथासक्य वास्तविक कार्य (Authentic task) समावेश गर्नु उपयुक्त हुने छ ।

*विद्यार्थी मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्नअनुसार हुने छ :*

१.मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।

२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनाको तयारी गर्नुपर्छ ।

३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारितन्यूनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।

४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षणगर्नुपर्छ ।

५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन रसिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।

६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सिपमा प्राप्तिमा विद्यार्थीको हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइक्रियाकलापमा सुधार गर्नुपर्छ ।

७. मूल्याङ्कनपश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरीअपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइउपलब्धि हासिल गर्न नसक्नेविद्यार्थीका उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनकोनतिजाका साथै अन्य सान्दर्भिक विवरणसहितको कार्यसञ्चयिका (एयचतायष्यि) व्यवस्थित गरेर राख्नुपर्छ ।

९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावि सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिकोअभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।

१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिबिम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।

## *कक्षा ४-५ विद्यार्थी मूल्याङ्कन*

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक रनिर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन रपृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । मूल्याङ्कनलाई सिकाइ प्रक्रियासँगसँगै सञ्चालन गरीसिकाइ सुधारका लागि प्रयोग गर्नुपर्छ । यसरी मूल्याङ्कनको एउटा प्रमुख उद्देश्य सिकाइ सुधार गर्नु अर्थात्सिकाइका लागि मूल्याङ्कन गरिनु हो । यस्तो सिकाइका लागि गरिने मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनशिक्षण सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा निरन्तर र नियमित रूपमा सञ्चालन गर्नुपर्छ । आन्तरिकमूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनको तोकिएका शीर्षकमा प्राप्त अङ्कको निश्चित भार विद्यार्थीको

समग्रसिकाइस्तर निर्धारण अर्थात् निर्णयात्मक मूल्याङ्कनमा समावेश गरिने छ । विद्यार्थीको समग्र सिकाइस्तर निर्धारणगर्ने निर्णयात्मक मूल्याङ्कनका लागि कक्षा ४ र ५ प्रत्येकमा ५० प्रतिशत भार आन्तरिक मूल्याङ्कनबाट र बाँकी५० प्रतिशत भारको अन्तिम परीक्षा सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

विद्यार्थीको मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागिविद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा,व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची, श्रेणी मापनलगायतका व्यवहारअवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता,कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमाशिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्नेसाधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वाएकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ। यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मकसिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरकोसिकाइको अवसर प्रदान गर्नु पर्दछ । पटकपटकको सुधारात्मक सिकाइपश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तरहासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्दछ ।

निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोगगर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्यको अवलोकन, व्यवहार अवलोकन, गृहकार्य,परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठीमूल्याङ्कनलगायतका साधन तथा विधिहरूको प्रयोग गर्न सकिन्छ । (विस्तृत अनुसूची ३ मा हेर्नुहोला)

## ११. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

स्थानीय विषयको यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक र विषय शिक्षकको भूमिका महत्वपूर्ण हुनेछ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अबलम्बन गरिने छ । समूदायका बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय, क्षेत्रमा जानकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा उपयोग गरिनेछ । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यता अनुसार स्थानीय भाषा, नेपाली भाषा वा अंग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्नेछन् । विषय क्षेत्रमा आबद्ध गाउँपालिकाएवम् जिल्लाका विवरणहरूसङ्कलन गरी पठनपाठनमा प्रयोग गरिनेछ । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइनेछ । विद्यार्थीहरूको समूहकार्य, अन्तरक्रियालाई जोड दिइनेछ । पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको बिकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रकिया सम्बन्धी अभिमुखीकरण, तालिम आदिको व्यवस्था गरिने छ ।

## १२. समय निर्धारण

आधारभूत तह कक्षा १-३ मा स्थानीय विषयको साप्ताहिक ५ कार्यघण्टा हुनेछ जसमा वार्षिक १६० कार्यघण्टा पठनपाठन गर्नुपर्नेछ । त्यसैगरी आधारभूत तह कक्षा ४-५ मा स्थानीय विषयको साप्ताहिक ४ कार्यघण्टा कायम गरी वार्षिक १२८ कार्यघण्टा दिइएको छ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यबिधि बमोजिम विद्यालय खुल्नेछ र पठनपाठन हुनेछ । वार्षिक रुपमा कक्षा १-३ मा १६० कार्यघण्टा र कक्षा ४-५ मा १२८ कार्यघण्टा नघट्ने गरी दैनिक पाठ घण्टी ४० मिनेट वा ४५ मिनेट वा ६० मिनेटको बनाउन सकिन्छ । पाठ्यांश अनुसार विद्यार्थीहरूलाई अध्ययन/अवलोकन भ्रमण/प्रयोगात्मक क्रियाकलापलाई पनि अध्ययन अवधिमा मिलान गरिने छ ।

## १३. पाठ्यक्रम परिमार्जन

मानिसका सामाजिक इच्छा, आकाङ्क्षा र आवश्यकताहरूको परिवर्तनसँगै आवश्यकता अनुसार यो पाठ्यक्रमलाई परिमार्जन र परिष्कृत गर्दै लगिनेछ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, साँस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको सकारात्मक सर्न्दभहरूको खोज, अनुसन्धान र अध्ययन गरिनेछ र प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ । परिवर्तित सन्दर्भलाई यस पाठ्यक्रमले निरन्तर सम्बोधन गर्दै अगाडि बढ्नेछ ।

## अनुसूचीहरू

## अनुसूची १

## बिधा/क्षेत्र, क्रम अनुसार कक्षागत अनुमानित पाठ सङ्ख्यातालिका

| क्र.स. | क्षेत्र | सिकाइ उपलब्धिसङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
| १. | मंगला गाउँपालिकाको परिचय | २ | २ | २ | २ | २ |
| २. | प्राकृतिक स्रोत, सम्पदा, सरसफाइ र हरीत विद्यालय | ५ | ५ | ५ | ५ | ५ |
| ३. | प्रकोप न्यूनीकरण र सडक सुरक्षा | १ | १ | १ | २ | २ |
| ४. | स्थानीय जातजाति, भाषा, भेषभूषा, संस्कार र चाडपर्व | २ | २ | २ | २ | २ |
| ५. | स्थानीय धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थल, मेलाजात्रा र बाजागाजा | २ | २ | २ | ३ | ३ |
| ६. | पेशा, व्यवसाय र उद्यमशिलता | २ | २ | २ | २ | २ |
| ७. | स्थानीय खेलकुद, व्यायाम र भोजन | २ | २ | २ | २ | २ |
| ८. | स्थानीय सेवामूलक संघसंस्था र समाजसेवी व्यक्ति | १ | १ | १ | २ | २ |
| | **जम्मा** | **१७** | **१७** | **१७** | **२०** | **२०** |

## अनुसूची २

## विद्यार्थी मूल्याङ्कन योजना

### (क) निरन्तर मूल्याङ्कन प्रक्रिया

कक्षा १–३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमाप्रयोग गर्नु पर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले के कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा ४-५ मा भने ५०% निरन्तर मूल्याङ्कन/निर्माणात्मक/आन्तरिक परीक्षा सञ्चालन गर्नुपर्दछ भने बाँकी ५०% को लिखित/अन्तिम परीक्षा सञ्चालन गर्नुपर्दछ । कक्षा १-५ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख राख्नुपर्छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिनु उपयुक्त हुने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ । यसरी विद्यार्थीलाई गृहकार्य दिनु परेमा दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन ।

कक्षा १–५ मा विद्यार्थी निरन्तर/आन्तरिक मूल्याङ्कनको प्रक्रियासामान्यतया निम्नअनुसार हुनेछ :

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोगगर्नुपर्छ ।

२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।

३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारानिर्धारित न्यूनतम सिकाइ सुनिश्चित गर्नुका साथै सबै विद्यार्थीलाई थप तथा माथिल्लो स्तरको सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।

४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतःविद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेकोपरीक्षण गर्नुपर्छ । विद्यार्थीको मूल्याङ्कनमा यथासक्य वास्तविक कार्य (Authentic task)समावेश गर्नुपर्दछ ।

५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषयगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन रसिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।

६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सीप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसारसिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।

७. मूल्याङ्कन पश्चात कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइसुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ ।पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइउपलब्धिहासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।
८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल खडा गरीमूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरणसहितको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नु पर्छ ।
९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावि सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिकोप्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।
१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकलेप्रेरित गर्नुपर्छ ।

## मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या,शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका साधनहरूले सिकाइउपलब्धिअनुसारको सूचक अर्थात् विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ । मूल्याङ्कनका साधनहरूको अर्कोगुणभनेको फरकफरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरूपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ । मूल्याङ्कन साधनहरूकोअर्को महइभ्वपूर्ण गुण भनेको विविधताको सम्बोधन गर्न सक्नु हो । यहाँ विविधतालाई मूलतः दुई रूपमा लिन सकिन्छ । पहिलो, विद्यार्थीका विविध क्षमतामापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने अर्को एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधना विकास गरी विद्यार्थीको रुचितथा प्राथमिकताअनुरुपको साधन छनोट गरी प्रयोग गर्नु पनि विविधताको सम्बोधन हो ।

मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । केकस्ता तरिका तथा साधनहरू प्रभावकारी हुन्छन् भन्ने कुरामा विभिन्न पक्षले प्रभाव पारेका हुन्छन्भन्ने कुरा अघिल्लो अनुच्छेदमा उल्लेख गरिसकिएको छ । त्यसैले यस्तै तरिका तथा साधन मात्र प्रयोग गर्नुपर्छ भन्नेकुरा उपयुक्त नहुने भएकालेमूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू मात्र यहाँ उल्लेख गरिएको छ । यसको थप विस्तृतीकरण विषयक्षेत्रगत रूपमा अनुसूचीमा समावेश गरिएकोछ । शिक्षकले आवश्यकतानुसारका तरिका तथा साधन छनोट गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

शिक्षण सिकाइका क्रममा विद्यार्थीको नियमित मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरू निम्नअनुसार छन् :

**१. कक्षा सहभागिता :** नियमित रूपमा कक्षामा नआउँदा शिक्षण सिकाइ कार्य कमजोर हुने भएकाले नियमित रूपमा हाजिरी र कक्षामा सहभगितामा पनिध्यान दिनुपर्छ । विद्यार्थीको कक्षा कार्यमा सहभागिताको परीक्षण गर्ने विभिन्न साधनहरू तयार गरी विद्यार्थीको उपलब्धि र सक्षमताको मूल्याङ्कनगर्न सकिन्छ ।

**२. लिखित तथा मौखिक कार्य :** अध्ययन अध्यापनका क्रममा कुराकानी तथा छलफललगायत लिखित तथा मौखिक प्रश्नहरू गरेर पनि सिकाइ अवस्थाकाबारेमा जानकारी लिन सकिन्छ । छोटा

छोटा कक्षा परीक्षा सञ्चालन गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यस्ता परीक्षाहरूऔपचारिक किसिमका र लामा नभई अनौपचारिक स्वरूपका छोटा हुनु उपयुक्त हुन्छ । विषयवस्तुको स्वरूप तथा परीक्षण गरिने सिकाइआधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम, २०७६
उपलब्धिलाई विचार गरेर लिखित वा मौखिक प्रतिक्रिया प्राप्त हुने परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । त्यस्तै, कक्षामा गर्न दिएका कार्य नियमितरूपमा सक्रियतापूर्वक गरे नगरेका, यदि गरेको भए सही रूपमा गरे वा नगरेको हेरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्छ । विद्यार्थीले सही रूपमा कक्षा कार्य नगरेको भए आवश्यक पृष्ठपोषण दिनुपर्दछ । कक्षामा गर्न नसकिएका कार्यहरू र थप अभ्यास गर्न केही गृहकार्य पनि दिन सकिन्छ । गृहकार्यगराइको मूल्याङ्कन गरी थप पृष्ठपोषण दिन सकिन्छ । तर कक्षा १-३ का विद्यार्थीलाई सामान्यतया गृहकार्यको बोझ दिनुहुन्न । यस तहकाविद्यार्थीलाई गृहकार्य कुनै विशिष्ट अवस्थामा न्यून मात्रामा मात्र दिनुपर्छ अर्थात् दैनिक र नियमित गृहकार्य दिनु आवश्यक हुन्न ।

**३. परियोजना तथा प्रयोगात्मक कार्य :** विद्यार्थीको क्षमता, स्तर र पाठ्यवस्तुसँग मिल्दा परियोजना कार्य गर्न दिनुपर्छ । जस्तै : आफ्नो समुदायमाबोलिने भाषाभाषीको विवरण ल्याउने, समुदायमा बोलिने भाषाको अवस्था पहिचान गर्नुपर्छ । यसमा चरणबद्ध र व्यवस्थित रूपमा पूरा कार्य गरे वानगरेको अवलोकन तथा अध्ययन गरी आवश्यक भए थप सुझाव दिनुपर्दछ ।

**४. अवलोकन :** सिकेका कुरा व्यवहारमा प्रयोग गरे वा नगरेको, कार्यसम्पादन गर्न सके वा नसकेको अवलोकन गरी पृष्ठपोषण दिन सकिन्छ ।

**५. विद्यार्थीका कार्यको प्रदर्शन** : विद्यार्थीले गरेका कार्यहरूको प्रदर्शन गराई उनीहरूको कार्यको मूल्याङ्कन गर्न सकिन्छ । यसमा सिर्जनात्मक कार्यकविता निबन्ध, कथा लेखन, चित्र बनाउने आदिको प्रदर्शन पनि गराउन सकिन्छ ।

**६. घटनावृत्त अभिलेख :** विद्यार्थीले कुनै घटनामा प्रदर्शन गरेका व्यवहार तथा कार्यको विवरण सङ्कलन तथा व्याख्या गरी विद्यार्थीको मूल्याङ्कन गर्न
सकिन्छ ।

**७. छोटा परीक्षा:** कुनै विषयवस्तुको सिकाइपश्चात् विषयवस्तरको प्रकृतिअनुसार लिखित तथा मौखिक परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । यस्तापरीक्षाहरू अनौपचारिक रूपमा सञ्चालन गर्नुपर्छ । यस्तो अनौपचारिक रूपमा सञ्चालन गरिने परीक्षाले विद्यार्थीहरूलाई परीक्षाको त्रासबाट मुक्तगर्न सहयोग पुग्नाका साथै सहज ढङ्गबाट सिकाइ मूल्याङ्कन गर्न सकिन्छ ।

**८. स्व र सहपाठी मूल्याङ्कन :** विद्यार्थीले आफूले केकति सिक्न सकेँ भनी सिकाइसँग सम्बन्धित विभिन्न कार्य सम्पादनलगायत अन्य माध्यमबाट सिकाइअवस्थाको मूल्याङ्कन गरी स्वपृष्ठपोषण प्राप्त गरी सिकाइ सुधारको अवसर सिर्जना गर्न सकिन्छ । विद्यार्थीले आफ्नो सिकाइ तथा कार्यबाट अनुभवतथा सिकाइको प्रत्यावर्तन ९चभाभिअतष्यल० गर्ने विभिन्न नमुनाहरूमा विद्यार्थीलाई प्रत्यावर्तन लेख्न लगाई त्यसका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नसकिन्छ । त्यसै गरी कक्षामा सहपाठीहरूले एकअर्काका कार्यको मूल्याङ्कन गर्ने, सँगै बसेर गरिएका कार्यको मूल्याङ्कन गर्ने गरी पृष्ठपोषण प्राप्तगर्ने अवसर प्रदान गर्न सकिन्छ ।

**९. अभिभावकको प्रतिक्रिया :** विद्यार्थीले कार्यसम्पादन, व्यवहारमा भएको परिवर्तन र विशिष्ट तथा समग्र सिकाइका बारेमा अभिभावकको राय तथाप्रतिक्रियाबाट पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यसमा शिक्षक र अभिभावक छलफल गर्ने वा शिक्षक, अभिभावक र विद्यार्थीबिच छलफल गरेर विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिन सकिन्छ भने शिक्षकले पनि यसबाट शिक्षण सिकाइ प्रक्रियामा सुधारका लागि आधार पनि प्राप्तहुन सक्छ ।

विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने उल्लिखित कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ ।

कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनकोमाध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थीपरीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका(Portfolio)तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरूहटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

**विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू**

| क्र.स. | मूल्याङ्कन आधार/सूचक | मूल्याङ्कनका सम्भावित साधन |
|---|---|---|
| १. | कक्षा सहभागिता | अवलोकन, दैनिक क्रियाकलाप, अविभावक प्रतिक्रया, रुजु सूची, हाजिरी फारम, रुब्रिक्स |
| २. | मौखिक कार्य | अवलोकन, रुजु सूची, फारम, दैनिक क्रियाकलाप, रुब्रिक्स |
| ३. | लिखित कार्य | अवलोकन फारम, रुजु सूची, रुब्रिक्स, लेखन तरिका |
| ४. | परियोजना तथा प्रयोगात्मक कार्य | प्रस्तुति अवलोकन फारम, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न,श्रव्य तथा दृष्य सामग्री, |
| ५. | कार्य समपादन तथा प्रदर्शन | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री, प्रस्तुति अवलोकन फारम, लेखन शैली |
| ६. | सहपाठी मूल्याङ्कन | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री, मौखिक प्रश्न, प्रस्तुति अवलोकन फारम आदि । |
| ७. | स्वमूल्याङ्कन | रुजू सूची, श्रेणी मापन, फारम |
| ८. | अविभावकको प्रतिक्रिया | रुजू सूची, श्रेणी मापन, फारम |
| ९. | कुराकानी, छलफल | अवलोकन, रुजू सूची, श्रेणी मापन, फारम |

## विद्यार्थी उपलब्धि स्तरको व्याख्या

| **उपलब्धि स्तर** | **स्तर मापन** | **उपलब्धि स्तरको सामान्य व्याख्या** |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइआवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

१. सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । विद्यार्थीको सिकाइ स्तर पहिचान गर्नका लागि प्रयोगगर्न सकिने केही साधनका उदाहरण यहाँ दिइएको छ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोग गरेका साधनमध्ये फाराममा उल्लेखभएमा त्यसमा चिह्न लगाउनु पर्छ ।फाराममा उल्लेख भएका बाहेक अन्य साधन प्रयोग गरेको भए सो साधनको उल्लेख सोही लहरमाउल्लेख गर्नुपर्छ ।

२. प्रत्येकसिकाइ उपलब्धि हासिल भयो वा भएन भनी यकिन गनुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढीमूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइउपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।
३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्राप्त गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागिनियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा विद्यार्थीले १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मकसिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममाउल्लेखभएअनुसार अभिलेखित गनुपर्छ ।
४. सामान्यतया प्रत्येक विद्यार्थीको सिकाइस्तर न्यूनतम ३ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनिविद्यार्थीलाई सिकाइस्तर १ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ भन्दा माथि जानसकेन भने त्यसको कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइआवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षणसिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।
५. विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसारनिकाल्नुपर्छ :

क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत= **उपलब्धिस्तरको अङ्कको जोड ×१००**

**४ ×मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या**

## प्रतिशतका आधारमा श्रेणी निर्धारण गर्ने तरिका

पाठगत आधारमा मापन गरिसकेछि हरेक त्रैमासिकमा उपलब्धि स्तर प्रतिशतका आधारमा विद्यार्थीहरूलाई निम्न लिखित तरिकाले अक्षराङ्कन पद्धतिमा छुट्याउनु पर्दछ ।

| **क.स.** | **उपलब्ध प्रतिशत** | **उपलब्धि स्तर** | **उपलब्धि स्तरको व्याख्या** |
|---|---|---|---|
| १. | ९०-१०० | A+ | उत्कृष्ट |
| २. | ७५-९० | A | उच्च |
| ३. | ६०-७५ | B | राम्रो |
| ४. | ४०-६० | C | सामान्य |
| ५. | २०-४० | D | कमजोर |
| ६. | २० भन्दा तल | E | ज्यादै कमजोर |

* ५०% निरन्तर मूल्याङ्कन/आन्तरिक परीक्षाबाट लिइन्छ भने बाँकी ५०% आवधिक/अन्तिम परीक्षाबाट लिइन्छ ।

## विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन्भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनु पर्ने हुनसक्दछ । शिक्षकले विद्यार्थीको आफ्नो कक्षाकोठामा भएका विद्यार्थीकोअपाङ्गताको किसिम तथा स्वरूपअनुरुप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथासाधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका

कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्नेअवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नु पर्दछ ।विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उपयोगी मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको विविधता रपरिस्थितिजन्यतालाई विचार गर्दा सबै तरिका तथा साधनहरू उल्लेख गर्न सम्भव देखिदैन र यसो गर्नु उपयुक्त पनि हुँदैन । त्यसैले यहाँ वैकल्पिकतरिका तथा साधनका केही उदाहरण मात्र प्रस्तुत गरिएको छ ।

- दृष्टि क्षमता कमजोर भएका विद्यार्थीका लागि पढ्नुपर्ने सामग्रीवा प्रश्न ठुलो आकारको अक्षरमा छाप्ने, अतिरिक्त प्रकाश भएको स्थानमा कार्य गर्ने वा परीक्षा दिने व्यवस्था गर्ने, परिस्थितिअनुरूप आवश्यक देखिए अतिरिक्त समय दिने इत्यादि ।
- दृष्टिविहिन मध्ये ब्रेललिपि पढ्न र लेख्न सक्नेहरूका लागि सोहीअनुसार व्यवस्था गरी आवश्यकतानुसार अतिरिक्त समय दिने । तर ब्रेललिपि प्रयोग नगर्नेका लागि सहयोगी व्यवस्था गर्ने वा मौखिक वा अन्य कुनै वैकल्पिक तरिका तथा साधन प्रयोग गर्ने । जस्तै विकल्पका रूपमा प्रश्न वा कार्यको निर्देशनको अडियो रेकर्डिङ दिएर उत्तर वा कार्यको विवरण अडियो रेकर्डिङगर्न लगाउने । यस्ता विद्यार्थीहरूका लागि चित्र बनाउने तथा प्रयोगात्मक कार्यमा विकल्प तयार गर्ने ।
- दृष्टि क्षमता कमजोर भएका र दृष्टिविहिनका लागि लिखित कार्यको विकल्प कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सक्ने भएमा त्यसको उपयोग गर्ने ।
- कमजोर सुनाइ क्षमता भएकाहरूका लागि मौखिक प्रश्न तथा निर्देशनमा विशेष ध्यान दिई आवश्यक भए वैकल्पिक तरिका प्रयोग गर्ने । यस्ता विद्यार्थीका लागि विकास गरिएका कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सकेमा त्यसको उपयोग गर्ने ।
- शारीरिक रूपमा कमजोर तथा अपाङ्गता भएकाहरूका लागि अपाङ्गताको स्वरूपअनुरूपको वैकल्पिक प्रबन्ध गर्ने ।
- बौद्धिक अपाङ्गता भएका लागि आवश्यकतानुसार वैकल्पिक तरिका तथा साधनहरूको पहिचान, तयारी तथा प्रयोग गर्ने ।

**ख) निर्णयात्मक (आवधिक) परीक्षा**

**कक्षा : ४-५** पूर्णाङ्क : ५०

समय : १ घण्टा ३० मिनेट उत्तीर्णाङ्क: अक्षराङ्कनमा मूल्याङ्कन गरिने

**औषत प्रश्न तालिका (तहगत रुपमा)**

| **ज्ञान/बोध तह (Knowledge/Understanding Level)** | **सीप/उच्च तह (Hard Skill Level/Higher Abilities)** | **व्यवहारिक परिवर्तन/उच्च तह(Soft Skill/Attitude/Higher Abilities)** |
|---|---|---|
| **५० %** | **३०%** | **२० %** |

**(ग) परीक्षा प्रक्रिया**

- ❖ विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक (Formative)पद्धति तथा निर्णयात्मक (Summative)पद्धति, सैद्धान्तिक र प्रयोगात्मक (Theoritical and Practical)दुबै अपनाउनु पर्दछ ।
- ❖ ज्ञान तथा बोध तह (Knowledge/Understanding Level) मा अति छोटा प्रश्नहरू पर्दछन् । जस अन्तर्गत वस्तुगत बहुबैल्पिक उत्तर, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठीक बेठीक छुट्याउने, चित्र हेरेर चिन्ने आदि पर्दछन् । त्यसैगरी छोटो उत्तर लेख्ने/भन्ने एक वाक्य देखि चार वाक्यसम्मको उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू पर्दछन् ।
- ❖ सीप तथा उच्च तह (Hard Skill/Higher Abilities) अन्तर्गत लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू पर्दछन् । जसमा विद्यार्थीको व्याख्या गर्ने, विश्लेषण गर्ने, नमूनाहरू बनाउने, गरेर देखाउने, व्यवहारिक ज्ञानको क्षमता आदि पर्दछन् ।
- ❖ व्यवहार कौसल सीप/व्यवहारिक परिवर्तन तथा उच्च तह (Soft Skill/Attitude/Higher Abilities) अन्तर्गत सकरात्मक परिवर्तन, विद्यार्थीहरूको दैनिक आनीबानी, समाजिक कार्यहरूमा सहभागीता, सम्मान आदि जस्ता कुराहरूको मूल्याङ्कनगरिन्छ ।
- ❖ मूल्याङ्कनमा संज्ञानात्मक (Congnitive), भावनात्मक (Affective) तथा मनोक्रियात्मक (Psychomotor)क्षेत्रलाई समेत समेटेको हुनुपर्दछ ।
- ❖ प्रयोगात्मक क्रियाकलापमा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमूनाहरूबनाइ प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ । यस भित्र विषयवस्तुको ज्ञान, बोध, सीपको क्षमता, बुझाइको प्रस्तुतिकरण, व्यवहारिक परिवर्तन जस्ता कुराहरू पर्दछन् ।
- ❖ प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा स्थानीय वातावरण, जैविक विविधता, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/बिपद्का उदाहरणहरू, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनु पर्दछ ।

## अनुसूची ३
## बिधा/क्षेत्र, क्रम अनुसार कक्षागत अनुमानित प्रश्न सङ्ख्यायोजना तालिका

**कक्षा ४-५**

| क्र.स. | बिधा/क्षेत्र | अति छोटो उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न संख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रश्न संख्या | अंकभार | जम्मा अंक | प्रश्न संख्या | अंकभार | जम्मा अंक | प्रश्न संख्या | अंकभार | जम्मा अंक | | |
| १. | मंगला गाउँपालिकाको परिचय | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| २. | प्राकृतिक स्रोत, सम्पदा, सरसफाइ र हरित विद्यालय | ४ | १ | ४ | २ | २ | ४ | १ | ३ | ३ | ७ | ११ |
| ३. | प्रकोप न्यूनीकरण र सडक सुरक्षा | १ | १ | १ | १ | २ | २ | - | - | - | २ | ३ |
| ४. | स्थानीय जातजाति, भाषा, भेषभूषा, संस्कार र चाडपर्व | २ | १ | २ | २ | २ | ४ | - | - | - | ४ | ६ |
| ५. | स्थानीय धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थल, मेलाजात्रा र बाजागाजा | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| ६. | पेशा, व्यवसाय र उद्यमशीलता | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| ७. | स्थानीय खेलकुद, व्यायाम र भोजन | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| ८. | स्थानीय सेवामूलक संघसंस्था र समाजसेवी व्यक्ति | २ | १ | २ | १ | २ | २ | - | - | - | ३ | ४ |
| जम्मा | | **१५** | **१** | **१५** | **१०** | **२** | **२०** | **५** | **३** | **१५** | **३०** | **५०** |

**नोटः**

१. प्रश्न बनाउँदा तीनै तहका (ज्ञान, बोध, उच्च/ज्ञान, शिप, व्यवहारिक परिवर्तन/संज्ञात्मक, भावनात्मक, मनोक्रियात्मक) प्रश्नहरू समावेश गर्नुपर्छ ।

२. ज्ञान तहमा १ अंकभार हुने, बोध तहमा २ अंकभार हुने र उच्च तहमा ३ अंकभार हुनेगरी प्रश्न निर्माण गर्नुपर्दछ ।

## अनुसूची ४

## विद्यार्थीको कार्यसञ्चयिकाफारम नमूना

**विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण**

विद्यालयको नाम : ..................................................................

ठेगाना :......................................... विद्यार्थीको नाम :.........................................

जन्म मिति : .........................................................कक्षा/रोल न.. :....................

विद्यार्थीको घरको ठेगाना : ................................................................................

परिवारिक विवरण : आमाको नाम : .........................................पेसा : ..........................

सम्पर्क नं. : .......................... बाबुको नाम : ..................................................................

पेसा : .......................... सम्पर्क नं. : ..........................

बाबुआमाबाहेक अरु कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको नाम : ................................................पेसा : .......................... सम्पर्क नं. : .......................... विद्यार्थीसँगको नाता : .......................... विद्यालय भर्ना मिति : .............................

**स्वास्थ्य सम्बन्धी विवरण**

**मिति**:............................ **तौल (के.जी.मा)** :......................... **उचाइ (से.मि.मा)** :.............

कुनै विशेष रोग वा शारीरिक अपाङ्गता भएमा भएमा सो बारे टिपोटः

शिक्षकको नाम र सही : ....................................

मिति : ................

## निरन्तर विद्यार्थी मूल्याङ्कन विवरण नमूना

कक्षा :………… विषय :…………………….. विद्यार्थीको नाम :……………………………………रोल नं. :………

| विषय क्षेत्र/पाठ | अपेक्षित सिकाइ उपलब्धि/सक्षमता | मूल्याङ्कन आधार/सिकाइ उपलब्धि सूचक | नियमित पढाइ पछिको मूल्याङ्कन | मिति | थप सहायता पछिको पछिको मूल्याङ्कन | मिति | समग्र सिकाइउपलब्धि स्तर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | **सिकाइ उपलब्धि स्तर** | | **सिकाइ उपलब्धि स्तर** | | | |
| | | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**नोटः** पाठहरूको सिकाइ उपलब्धि/सक्षमता पाठ्यक्रमले दिए अनुसार लेख्नुपर्दछ । मूल्याङ्कनका आधार/सूचकहरू अनुसूची ३ मा दिए बमोजिम राख्न सकिन्छ । कुन मितिमा मूल्याङ्कन गरेको हो, प्रत्येक पटकको मिति उल्लेख गर्नुपर्दछ । सिकाइ उपलब्धि स्तरलाई १ देखि ४ सम्म स्तरीकृत गर्ने, यदि कुनै विद्यार्थीको सिकाइ उपलब्धि सामान्य भन्दा पनि कम आएमा त्यस्ता विद्यार्थीको स्तर बढाउन थप सहायता कक्षा सञ्चालन गरी, पुनः सिकाइ उपलब्धि स्तर मापन गरी समग्र/औसत स्तर निकाल्नुपर्दछ । प्रत्येक त्रैमासिकमा विद्यार्थी मूल्याङ्कन विवरण फारमका आधारमा प्रत्येक विद्यार्थीको उपलब्धि स्तर/श्रेणी निर्धारण गरी अविभावक समेतको सहभागीतामा पृष्ठपोषण प्रदान गर्नुपर्दछ । कक्षामा उपस्थिती रेर्कड दैनिक हारिज कापीबाट लिन सकिन्छ ।

## सन्दर्भ सामग्री


- नेपालको संविधान, २०७२, कानुन किताव समिति, बबरमहल, काठमाडौंः नेपाल सरकार
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कानुन किताव समिति बबरमहल, काठमाडौंः नेपाल सरकार
- राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६, पाठ्यक्रम विकास केन्द्र,सानोठिमी, भक्तपुर
- आधारभूत तह कक्षा १-३ का लागि विद्यार्थी मूल्याङ्कन मार्गदर्शन, २०७६, पाठ्यक्रम विकास केन्द्र,सानोठिमी, भक्तपुर
- लाङटाङको सेरोफेरो, स्थानीय पाठ्यक्रम, २०७४, गोसाइकुण्ड गाउँपालिका, रसुवा/वन्यजन्तु संरक्षण संघ नेपाल, हाम्रो बुढानीलकण्ठ २०७६, बुढानीलकण्ठ गाउँपालिका, काठमाडौं/वन्यजन्तु संरक्षण संघ नेपाल, हाम्रो गौरव, हाम्रो भरतपुर, स्थानीय पाठ्यक्रम, २०७६, भरतपुर महागाउँपालिका, चितवन/वन्यजन्तु संरक्षण संघ नेपाल, हाम्रो शंखरापुर, स्थानीय पाठ्यक्रम, २०७६, शंखरापुर गाउँपालिका, काठमाडौं/वन्यजन्तु संरक्षण संघ नेपाल
- मंगला गाउँपालिकाको वस्तुगत विवरण २०७६
- Ian Keith, Allen Rugambwa, Frances Vavrus, and Adrian Maganga : The Active Teaching and Learning Handbook, 2016
















प्रकाशक:
मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी

# हाम्रो मंगला गाउँपालिका

## स्थानीय विषयको पाठ्यक्रम

## कक्षा ६-८

## २०७९



मंगला गाउँपालिका
गण्डकी प्रदेश, म्याग्दी, नेपाल

# भनाई

आजको २१औं सताब्दीमा विद्यार्थीहरुले विश्व परिवेशमा भएका विषयवस्तुहरुको जानकारीसँगै स्थानीय परिवेशका बारेमा पनि जानकार हुन आवश्यक रहेको छ । स्थानीय परिवेश, रहनसहन, प्राकृतिक, धार्मिक तथा साँस्कृतिक स्रोतसाधनहरुको पहिचान गरी त्यसको महत्वलाई नबुझिकन शिक्षाको उद्देश्य पूरा हुन सक्दैन् र तिनीहरूको दिगो संरक्षण पनि हुन सक्दैन् । तसर्थ यस मंगला गाउँपालिकाले स्थानीय आवश्यकताका विषयवस्तुहरुलाई समेटेर स्थानीय विषयको पाठ्यक्रम **"हाम्रो मंगला कक्षा ६-८, २०७९"** निर्माण गरी प्रकाशनसँगै गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरूमा लागू गर्न लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ ।

बहुजातिय, बहुभाषिक, बहुसंस्कृति भएको यस गाउँपालिकाको पहिचानलाई औपचारिक शिक्षामा विद्यालय तहमा उजागर गरिएकोले यो पाठ्यक्रम महत्वपूर्ण रहेको छ । यसका लागि स्थानीय स्तरमा व्यक्ति, समुदाय र सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरी स्थानीय सम्पदाको महत्वलाई शिक्षाको मुलधारमा ल्याउन गरिएको प्रयास उदाहरणीय रहेको छ । यस पाठ्यक्रमले आधारभूत तहमा (कक्षा ६-८) अध्ययनरत विद्यार्थी लगायत स्थानीय समूदायलाई समेत आफ्नो प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा भाषिक सम्पदाहरुको संरक्षण र संबर्धन गर्दै भविष्यमा आईपर्न सक्ने प्रकोप र बिपद्का असरहरु न्यूनीकरण गर्न समेत अभिप्रेरित गर्नेछ भन्ने मैले बिश्वास राखेको छु । स्थानीय पेशा, प्रविधि तथा सम्पदाको आवश्यकता र महत्वलाई बुझेर यस पाठ्यक्रमको लेखन तथा सम्पादनमा संयोजन गर्नुहुने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, पाठ्यक्रम लेखन तथा सम्पादनमा विज्ञ राजेश्वर रिजाल, करुणा धिताल लगायत यस पाठ्यक्रमलाई मुर्त रुप दिन खोज अनुसन्धान कार्यमा सहयोग पुऱ्याउने अन्तर्राष्ट्रिय अनुसन्धान, तालिम र बिकास केन्द्र प्रा. लि. लाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । यसैगरी उपाध्यक्ष ज्यू, वडाध्यक्षहरू, स्थानीय शिक्षा विद्, शिक्षाप्रेमी सम्पूर्ण महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको सहयोगप्रति आभार प्रकट गर्दछु । यस पाठ्यक्रम निर्माणको सुरुवाती चरणबाट अन्त्यसम्म सहभागी भइ गहन अध्धयन गरी सुझाव दिनुभएकोमा विषय विज्ञहरुप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा यसमा कुनै कमीकमजोरी रहन गएमा विज्ञ विद्वतवर्गको सुझाव सहित आगामी दिनमा संशोधन गरिदै लगिने वाचाका साथ यो पाठ्यक्रम यस गाउँपालिका र जिल्लाकै लागि अविष्मरणीय कृतिका रुपमा ग्रहण गर्दै यसको सफलता एवम् प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।


सत प्रसाद रोका
अध्यक्ष मंगला गाउँपालिका

# भनाइ

स्थानीय आवश्यकताका विषयवस्तुहरुलाई समेटेर यस मंगला गाउँपालिकाले आफ्नो शैक्षिक अधिकारको उपयोग गरी स्थानीय विषयको पाठ्यक्रम **"हाम्रो मंगला कक्षा ६-८, २०७९"** निर्माण र प्रकाशनसँगै गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरूमा लागु हुन लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ ।

मंगला गाउँपालिका बहुजातीय, बहुभाषिक, बहुसंस्कृति र प्राकृतिक रुपमा समेत सम्पन्न भएको एक महत्वपूर्ण र ऐतिहासिक क्षेत्र हो । यसका लागि स्थानीय स्तरमा व्यक्ति, समुदाय र सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरी स्थानीय सम्पदाको महत्वलाई शिक्षाको मुलधारमा ल्याउन गरिएको प्रयास सबैका लागि मार्गदर्शन हुन सक्छ । यस पाठ्यक्रमले आधारभूत तहमा (कक्षा ६-८) अध्ययनरत विद्यार्थी लगायत स्थानीय समूदायलाई समेत आफ्नो प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा भाषिक सम्पदाहरुको संरक्षण र संबर्धन गर्दै भविष्यमा आइपर्न सक्ने प्रकोप र बिपद्का असरहरु न्यूनीकरण गर्न समेत अभिप्रेरित गर्ने छ भन्ने मैले बिश्वास राखेको छु । स्थानीय पेसा, प्रविधि तथा सम्पदाको आवश्यकता र महत्वलाई बुझेर यस कार्यलाई अगाडि बढाउनका लागि हौसला प्रदान गर्नुहुने अध्यक्ष ज्यू, त्यसैगरी कार्यक्रम सफल बनाउन लागिपर्ने प्रमुख प्रशासकीय अधिकृत, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, पाठ्यक्रम लेखन तथा सम्पादनमा सहयोग गर्ने विज्ञ लगायत सम्पूर्ण सरोकारवालाहरुप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

यस पाठ्यक्रमको प्रभावकारी र दिगो कार्यान्वयनको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रेम कुमारी क्षेत्री<br>
उपाध्यक्ष<br>
मंगला गाउँपालिका

# सुभकामना

यस मंगला गाउँपालिकाले स्थानीय आवश्यकताका विषयवस्तुहरुलाई समेटेर स्थानीय विषयको पाठ्यक्रम **"हाम्रो मंगला कक्षा ६-८, २०७९"** निर्माण गरी प्रकाशनसँगै गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरूमा लागू गर्न लागेकोमा सर्वप्रथम गाउँपालिकाप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

मंगला गाउँपालिका बहुजातिय, बहुभाषिक, बहुसंस्कृति भएको एक महत्वपूर्ण र ऐतिहासिक क्षेत्र हो । यसका लागि स्थानीय स्तरमा व्यक्ति, समुदाय र सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरी स्थानीय सम्पदाको महत्वलाई शिक्षाको मुलधारमा ल्याउन गरिएको प्रयास सबैका लागि मार्गदर्शन हुन सक्छ । यस पाठ्यक्रमले आधारभूत तहमा (कक्षा ६-८) अध्ययनरत विद्यार्थी लगायत स्थानीय समूदायलाई समेत आफ्नो प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा भाषिक सम्पदाहरुको संरक्षण र संबर्धन गर्दै भविष्यमा आईपर्न सक्ने प्रकोप र बिपद्का असरहरु न्यूनीकरण गर्न समेत अभिप्रेरित गर्नेछ भन्ने मैले बिश्वास राखेको छु । स्थानीय पेशा, प्रविधि तथा सम्पदाको आवश्यकता र महत्वलाई बुझेर यस कार्यलाई अगाडी बढाउनका लागि हौसला प्रदान गर्नुहुने गाउँपालिकाका अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, त्यसैगरी कार्यक्रम सफल बनाउन लागिपर्ने शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, पाठ्यक्रम लेखन तथा सम्पादनमा सहयोग गर्ने विज्ञ लगायत सम्पूर्ण सरोकारवालाहरु प्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा यस पाठ्यक्रमको प्रभावकरी कार्यान्वयनको कामना सहित हार्दिक सुभकामना व्यक्त गर्दछु ।

मनोहर ढुंगाना

प्रमुख प्रशासकीय अधिकृत, मंगला गाउँपालिका

# विषयसूची

विषयवस्तु


१. परिचय

२. पाठ्यक्रम निर्माण गर्दा अवलम्बन गरेका सिद्दान्त र प्रक्रिया

३. अन्तराष्ट्रिय अभ्यास

४. स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्यता

५. विषय क्षेत्र छनोट

६. तहगत सक्षमता

७. विषयवस्तुको क्षेत्र र क्रम

८. विषयवस्तुको विस्तृतीकरण

९. पाठ्यक्रमको पाठ्यघण्टा र अङ्क विभाजन तालिका

१०. सिकाई सहजीकरण प्रक्रिया

११. विद्यार्थी मूल्याङ्कन

१२. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

१३. समय निर्धारण

१४. पाठ्यक्रम परिमार्जन

१५. अनुसूचीहरू

## १. परिचय

स्थानीय क्षेत्रमा भएका तथा स्थानीय आवश्यकताका विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने उद्देश्यका साथ तयार गरिएको योजनावद्ध शैक्षणिक सामग्रीलाई नै स्थानीय पाठ्यक्रम भनिन्छ । जसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षाकोठासम्म पु¥याउँछ । यसमा स्थानीय स्तरका प्राकृतिक, साँस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय, स्थानीय खेलकुद, भोजन, ऐतिहासिक व्यक्तित्व आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिएको हुन्छ ।

नेपालको संविधानको अनुसूचि  ८ ले आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरिसकेको छ । संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्नु सबै स्थानीय तहको कर्तब्य हो । हाम्रो देश नेपाल एक बहुसाँस्कृतिक, बहुधार्मिक, बहुजातीय, बहुभाषिक, बहुभौगोलिक, एवम् प्राकृतिक विविधता भएको देश हो । ठाउँ अनुसार मानिसहरुको रहनसहन, शिक्षाको प्रभाव तथा विद्यार्थीहरुको सिकाई उपलब्धी स्तर समेत फरक फरक रहेका पाईन्छ । ठाउँ र उचाई अनुसार हावापानी लगायत सम्पूर्ण कुराहरु फरक फरक हुनु नै यहाँको सौन्दर्य हो । फरक फरक परिवेशमा सिकाईका तरिका तथा शिकाईका आवश्यकताका विषयवस्तुहरु पनि फरक फरक हुन सक्छन् ।

नेपालमा स्थानीय पाठ्यक्रमको नितिगत व्यवस्था केलाउँला औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेअनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो तर उक्त व्यवस्था पूर्ण रुपमा कार्यान्वय भने भएन । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले समेत स्थानीय मातृभाषा वा स्थानीय विषय १०० पूर्णाङ्कको पाठ्यक्रम सम्बन्धित विद्यलायले नै तयार गर्ने प्रावधान राख्यो । त्यसैगरी  आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७१ अनुसार आधारभूत तहमा २० प्रतिशत वा १०० पूर्णाङ्कको मातृभाषा  वा स्थानीय  विषय राख्न पाउने व्यवस्था गरियो । स्थानीय पाठ्यक्रम सम्बन्धी स्रोत सामग्री, २०६६ ले “स्थानीय सरोकारवाको आवश्यता, चाहना र उनीहरुकै सहभागीतामा स्थानीय विषयवस्तुलाई समावेस गरि निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ” भनि परिभाषित गरेको छ । त्यसैले, स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरुकै विज्ञता सकृयतामा यथासक्य कम लागतमा तयार गरिने पाठ्यक्रम हो ।

राष्ट्रिय पाठ्यक्रम पारुप, २०७६ मा भएको प्रावधान अनुसार स्थानीय तहले विद्यालय तहमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न पाउने व्यवस्था गरिएको छ । उक्त प्रारुपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १–३ सम्म साप्ताहिक ५ कार्यघण्टा र वार्षिक रुपमा १६० कार्यघण्टा र कक्षा ४–८ को लागि साप्ताहिक ४ कार्यघण्टा र वार्षिक १२८ कार्यघण्टा निर्धारण गरेको छ । नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचा लगायतको बारेमा स्पष्ट मार्गदर्शन गरेको छ ।

यो स्थानीय पाठ्यक्रमले मंगला गाउँपालिका क्षेत्र भित्रको विशिष्ट पहिचानलाई उजागर गर्नेछ । आधारभूत तहको कक्षा ६–८ मा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज, भूगोलको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्द्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक बिपत्तीहरूका बारेमा समेत पहिचान गर्नेछन् । स्थानीय क्षेत्रमा प्रचलित पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्नेछन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्नेछ । यस पाठ्यक्रमबाट बालबालिकाहरूले सामाजिक मूल्य मान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुशरण गर्ने अपेक्षा गरिएको छ ।

## २. पाठ्यक्रम निर्माण गर्दा अवलम्बन गरेका सिद्दान्त र प्रक्रिया

स्थानीय पाठ्यक्रमको निर्माण गर्दा स्थानीय आवश्यकता, विद्यार्थी तथा अविभावकहरुको चाहाना र सन्दर्भमा आधारित विषयवस्तु समावेश गरिनुपर्दछ भन्ने भनाइका आधारमा स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणालाई आत्मसात गरी यो पाठ्यक्रमको निर्माण गरिएको हो । यसै आधारमा स्थानमा आधारित शिक्षाको सिद्धान्त (Place-based education theory)ले वातावरण तथा ग्रामीण जनजीवनको संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउन स्थानीय ज्ञानलाई विद्यार्थीसामु फरक ढङ्गले राख्न स्थानीय पाठ्यक्रम निर्माण हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छ । त्यस्तै समाजिक पुनर्संरचनावादी सिद्धान्त (Social Reconstructivism Theory) ले पाठ्यक्रम निर्माणमा सामाजिक आवश्यकता, सामाजिक मुद्दा, समसामयिक विचार र भविष्यपरक आशा उल्लेख गर्नुपर्ने कुरामा जोड दिन्छ (Murray Print, 1998) । यिनै सिद्दान्तहरुलाई आत्मसात गर्दै यो पाठ्यक्रम विकास गर्दा नेपालका सामाजिक, साँस्कृतिक तथा भाषिक लगायतका विविधतालाई समावेश गरिनुका साथै स्थानीय आवश्यकतामा आधारित ढाँचा अवलम्बन गरिएको छ ।

मंगला गाउँपालिकाले स्थानीय स्तरका शिक्षाविद, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिरु, गाउँपालिकाका सदस्यहरु, पाठ्यक्रम विज्ञ लगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरि प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा मंगला गाउँपालिकाको परिरचय, प्राकृतिक स्रोत र सम्पदा, संस्कार र साँस्कृतिक, पर्यटन, पेसा प्रविधि र उद्यमशिलता, स्वास्थ्य र सफाइ, प्रकोप, पर्यावरण र हरित विद्यालय, व्यक्ति र संस्था लगायतका विषय क्षेत्रलाई समेटेर कक्षा १ देखि ५ सम्मको लागि स्थानीय पाठ्यक्रम गत साल नै तयार भई लागू हुने क्रममा रहेको छ । यो साल कक्षा ६–८ को समेत तयार पार्ने उद्देश्य अनुरुप यो पाठ्यक्रम तयार गरिएको हो । यो पाठ्यक्रम शैक्षिक सत्र २०७९ देखि गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा लागू गरिने छ ।

## ३. अन्तर्राष्ट्रिय अभ्यास

विश्वव्यापी रुपमै स्थानीय पाठ्यक्रम कार्यान्वयनका उदाहरणहरु अध्ययन अवलोकन गर्दा सबैजसो देशहरुमा ठाउँ र आवश्यकता अनुसार स्थानीय ज्ञान (Local Wishdom) मा आधारित स्थानीय प्रकृति, संस्कृति, भाषा, परम्परागत सिप र प्रबिधिलाई नै उजागर गर्ने गरी पाठ्यक्रमहरु निर्माण गरी लागु गर्ने गरेको पाइनेछ । जसबाट विद्यार्थीहरुमा स्थानीय प्रविधिमा आधारित सिपको विकासमा सहयोग पुग्नका साथै स्थानीय धरोहरहरुको प्रवर्धन र संरक्षणमा समेत महत्वपूर्ण योगदान रहन्छ ।

नर्वे, फिनल्याण्ड, डेनमार्क त्यसैगरी एसीयाली देशहरु जापान, थाइल्याण्ड लगायतका देशहरुमा विद्यालयहरुले आ-आफ्नै आवश्यकताका आधारमा स्थानमा आधारित पाठ्यक्रमहरु निर्माण गरी लागू गर्दै आएका छन् । यी देशका पाठ्यक्रमहरु विषय क्षेत्रमा (Theme based) आधारित रहेर बनाइएका छन् । स्थानीय आवश्यकता र महत्वका आधारमा स्थानीय प्रविधि र सिपलाई जोड दिई प्रयोगात्मक शिक्षालाई प्रर्वधन गर्ने कार्यमा स्थानीय विषयवस्तुका पाठ्यक्रमहरु समेत महत्वपूर्ण हुँदै आएका छन् । कतिपय विद्यालयहरुले व्यवसायिक शिक्षा (Vocational education) र आर्थिक क्रियाकलापसँग जोडेर पनि पठनपाठन गरिरहेका छन् । जसबाट स्थानीय साँस्कृतिक धरोहर संरक्षण, स्थानीय ज्ञान, सिपको प्रवर्धन हुनका साथै विद्यार्थीहरुमार्फत विद्यालयहरुमा आर्थिक क्रियाकलापहरु सञ्चालन गर्न समेत सहयोग भइरहेको हुन्छ ।

## ४. स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्यता

नेपाल सरकारबाट स्वीकृत कक्षा १-१२, २०७६ को पाठ्यक्रमको ढाँचा अनुसार कक्षा १–३ को एकिकृत पाठ्यक्रम देश भर लागू भैसकेको छ भने अन्य कक्षाका पाठ्यक्रमहरु समेत चरणवद्ध रुपमा लागू भईरहेका छन् । उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्था अनुसार कक्षा १-८ मा एउटा स्थानीय आवश्यकताको विषय (मातृभषा/स्थानीय आवश्यकताको विषय/स्थानीय सीप, प्रविधी/संस्कृत) निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान छ सो स्थानीय विषयको निर्माण स्थानीय तहबाटै गर्नुपर्छ । यसै प्रावधानका आधारमा समेत स्थानीय पाठ्यक्रमको आवश्यकता महत्वपूर्ण रुपमा रहेको छ ।

बालबालिकाको सिकाइ आफ्नो घर परिवार तथा बासस्थानबाटै प्रारम्भ हुन्छ । त्यसका लागि बालबालिकाहरुलाई आफ्नो गाउँ, समूदायको बारेमा जानकारी हुनु पर्दछ । त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्दछ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोत सामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमान्दार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ ।

राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रम सबै सरोकारवालाको संलग्नताको सम्भावना रहदैन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ ।

हरेक स्थानीय तहको आ आफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् साँस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ । केन्द्रिय तहमा तयार गरीने पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सीप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेस अनुसारको ज्ञान र सीप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गर्न बाञ्छनिय भएकाले र संबैधानिक र नीतिगत रुपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले मंगला गाउँपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले अझ स्पष्ट पार्दछ :

क) स्थानीय क्षेत्रको समग्र परिचय र महत्व वर्णन गर्न ।

ख) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।

ग) स्थानीय कला कौशल, संस्कृति, पर्यटकीय क्षेत्र, पेशा, व्यवसाय, प्रविधि, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको सीपको प्रर्दशन र व्यवहार गर्न सक्ने तुल्याउन ।

घ) स्थानीय क्षेत्रमा भएका स्रोत र साधनको अधिकतम परिचालन गर्न ।

ङ) विद्यार्थीहरुमा स्वास्थ्य, सरसफाई, स्थानीय मूल्य मान्यता र सदाचारी बानीको बिकास गर्न ।

च) स्थानीय क्षेत्रमा भएका परम्परागत खेलकुद तथा बाजागाजा, संगीतको प्रवर्धन गर्न ।

छ) स्थानीय क्षेत्रमा हुनसक्ने प्रकोप, विपद् र जोखिम न्यूनीकरणमा सहयोग गर्न ।

ज) स्थानीय क्षेत्रमा भएका सामाजिक संघसंस्था तथा ऐतिहासिक महत्वपूर्ण व्यक्तिहरुको योगदान बुझेर सामाजिक संघसंस्थामा सहभागी हुन ।

## ५. विषय क्षेत्र छनौट

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ । एउटै पाठ्यक्रममा सबै विषयवस्तु अटाउन र पठनपाठन गर्न सम्भव हुँदैन । यस पाठ्यक्रमले मंगला गाउँपालिका क्षेत्रको सेरोफेरोलाई समेटेको छ । त्यसैले मंगला गाउँपालिका भित्रका अध्ययन गर्नु पर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक, आर्थिक, स्वास्थ्य र सफाइ र वातावरणीय क्षेत्रसँग सम्बन्धित ज्ञान, सिप र अभिबृत्तिका पक्षहरुलाई स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर यो पाठ्यक्रम तयार गरिएको छ । यस पाठ्यक्रमले मुख्य रुपमा निम्न विषय क्षेत्रलाई समेटेको छ :

**१.** हाम्रो गाउँपालिका : भौगोलिक अवस्था, साँध सिमाना, जनसङ्ख्या, जातजाती भौगोलिक, प्राकृतिक, ऐतिहासिक परिचय र गाउँपालिकाको संरचना तथा गाउँपालिकाले प्रदान गर्ने सेवासुविधाहरु ।

**२.** प्राकृतिक स्रोत, सम्पदा, सरसफाई र हरीत विद्यालय : वन जङ्गल, बोटविरुवा, चरा, जनावर, सामुदियक वन, जडिबुटि, नदि, ताल, झरना कुवा, पानीका स्रोत, ढुङ्गेधारा, डाँडा ।

**३.** प्रकोप न्यूनीकरण र सडक सुरक्षा : प्रकोप (आगजनी, भूकम्प, भुक्षय, बाढी, पहिरो चट्याङ, हावाहुरी, सडक सुरक्षा) ।

**४.** स्थानीय जातजाति, भाषा, भेषभूषा, संस्कार र चाडपर्व : स्थानीय जातजाती, जात्रा, चाडपर्व, मेला, आनीबानी, मूल्य मान्यता, भाषा र भेषभूषा, आदि ।

**५.** स्थानीय धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थल, मेलाजात्रा र बाजागाजा : टोड्के, टोड्के मन्दिर, पूर्ण गाउँ, रातोखोला छहरा, दह, झाँक्रीपानी, तिनचुले धुरी, चाङ्गा, गुँहुँकोट, लामाछहरा, चिनाकोट, गुप्तेश्वर गुफा, शिव मन्दिर, मालिका लगायत) अन्य स्थलहरु , पाटीपौवा, पुल, देउराली तथा स्थानीय परम्परागत बाजाहरुको नाम (ढ्याङ्ग्रो, मादल, , खैजडी, डम्फु, झ्याम्टा, टुङ्ना, पञ्चे बाजा आदि ।

**६.** पेशा, व्यवसाय र उद्यमशिलता : स्थानीय पेशा (कृषि र पशुपंक्षी पालन विशेष) उद्यमशिलता र प्रविधि ढीकी जाँतो पानी घट्ट, उद्योग, स्थानीय परम्परागत कृषि औजार ।

७. स्थानीय खेलकुद, व्यायाम र भोजन : स्थानीय क्षेत्रमा परम्परागत रुपमा खेलिने खेलहरु, योग व्यायामहरू, सन्तुलित भोजन ।
८. स्थानीय सेवामुलक संघसंस्था र समाजसेवी व्यक्ति : गाउँपालिका भित्रका सामाजिक संघसंस्था तथा मंगला गाउँपालिकाको विकास निर्माण र समाज सेवामा विशेष योगदान पुर्याउने महत्वपूर्ण व्यक्तिहरु ।

## ६. सक्षमता

यो स्थानीय विषयको पाठ्यक्रम सक्षमतामा आधारित भई तयार पारिएको छ । जसमा यो स्थानीय विषयको अध्ययन पश्चात कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरुले निम्नलिखित सक्षमता हासिल गर्नेछन्।

- गाउँपालिकाको भौगोलिक, राजनैतिक, जातिगत संरचनाको पहिचान र गाउँपालिकाको भौगोलिक नक्सा बनाउने सिप
- गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाहरुको उपभोग
- स्थानीय क्षेत्रमा भएका वनहरुको उपयोग, व्यवस्थापन र संरक्षणमा सहभागिता
- स्थानीय वनमा पाइने चरा लगायत वन्यजन्तुको संरक्षणमा सहभागिता र वन्यजन्तु अपराध नियन्त्रणमा सहयोग
- स्थानीय क्षेत्रको जलस्रोत तथा खनिज पदार्थहरुको संरक्षणका सिपहरु र सहभागिता
- वातावरणीय प्रदुषण न्यूनीकरण र फोहोर व्यवस्थापन सम्बन्धी सिप
- हरीत विद्यालय विकास सम्बन्धी सिप र सहभागिता
- विद्यालय तथा टोलमा प्रकोप/विपद् व्यवस्थापन, सडक सुरक्षा लगायतका योजना निर्माणमा सहभागिता
- स्थानीय धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थलहरु (मन्दिर, गुम्बा, बिहार, चर्च, मस्जिद)हरुको पहिचान, महत्व बोध
- स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरुको संरक्षण र व्यवस्थापनमा समुदाय र स्थानीय सरकारलाई सहयोग
- स्थानीय जातजातिको भाषा, संस्कृति, भेषभूषाको महत्वबोध, सम्मान र संरक्षण
- स्थानीय मेलाजात्रा दशैं, तिहार, ल्होसार, बुद्ध जयन्ती, क्रिसमस, इद जस्ता चाडपर्वमा सहभागिता, धर्म संस्कृतिको सम्मान र संरक्षण
- स्थानीय सामाजिक तथा धार्मिक सहिष्णुता कायम गर्न सहयोग
- स्थानीय क्षेत्रमा गरिने कृषि कार्यहरु सम्बन्धी सिप
- स्थानीय उत्पादनको प्रर्वधन र बजारीकरण सम्बन्धी सिप
- पर्यटनसँग सम्बन्धित व्यसायको महत्व बोध, होम स्टे सञ्चालन
- स्थानीय प्रविधिमा आधारित काठ, बाँस, माटोका सामान निर्माण गर्ने सिप तथा परम्परागत प्रविधिमा आधारित सामग्रीको उपयोग
- स्थानीय खेलहरुको महत्व र खेल खेल्ने सिप

- दैनिक जीवनमा योग ध्यान र सन्तुलित भोजनको महत्व बोध गरी अभ्यास
- सामाजिक विकासको सिप
- स्थानीय सामाजिक सङ्घसस्था (सहकारी, वित्तीय संस्था, रेडक्रस, स्काउट, बाल क्लव आदि) हरुको महत्वबोध र सामाजिक कार्यहरुमा सहभागिता

## ७. विषय क्षेत्र र क्रम

| क्र.सं. | क्षेत्र/विषय वस्तु | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १. | **मंगला गाउँपालिकाको परिचय** | ● गाउँपालिकाको नक्सा, चार सिमाना तथा वडाहरुको वर्गीकरण, जनसङ्ख्या, जातजाति, मुख्य वस्तीहरु र सेवा सुविधाको अवस्था<br>● गाउँपालिकाका ५ वटा वडा केन्द्र तथा वडाहरुको जानकारी | ● गाउँपालिकाको संरचना<br>● वडाको संरचना परिचय र वडा कार्यालयका कार्यहरु | ● गाउँपालिकाको सेवा सुविधाहरु<br>● स्थानीय तहमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी परिचय |
| २. | **प्राकृतिक स्रोत, सम्पदा, सरसफाई र हरीत विद्यालय** | ● स्थानीय वनहरुका प्रकार र व्यवस्थापन<br>● वन्यजन्तुको संरक्षणमा विद्यार्थी र स्थानीयको भूमिका<br>● स्थानीय क्षेत्रमा फोहोरमैलाले प्राकृतिक स्रोत र स्वास्थ्यमा पार्ने असर र रोकथामका उपायहरु त्था हरित विद्यालयको महत्व | ● सामुदायिक वन र संरक्षण<br>● स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापन (3R+) मा हरित विद्यालय कार्यक्रमको सहयोग<br>● स्थानीय क्षेत्रमा पाइने खनिज पदार्थको परिचय - ढुंगा, माटो, तामा खानी मच्छिम) (फलाम खानी ताकम) (तामाखानी, डुङ्डुङ्गे धारापानी) | ● वन र वन्यजन्तुको संरक्षण र व्यवस्थापनमा कानुनी व्यवस्था तथा स्थानीय समुदाय र गाउँपालिकाको भूमिका<br>● हरित विद्यालय निर्माण र स्थानीय जलस्रोत संरक्षण (कोत खोला, भूमेस्थान खोला रातखोला, घट्टेखोला ताकम, चिसापानी, धारा पानी राउटे, पँधेरो), फोहोर र प्रदुषण नियन्त्रणमा हाम्रो भूमिका<br>● स्थानीय क्षेत्रमा पाइने खनिज पदार्थको महत्व र उपयोग |
| ३. | **प्रकोप न्यूनीकरण र सडक सुरक्षा** | ● सडक सुरक्षाका लागि ट्राफिक चिह्नहरुको उपयोग र महत्व | ● स्थानीय क्षेत्रमा हुन सक्ने महामारी र विभिन्न विपद्हरू न्यूनीकरण | ● स्थानीय क्षेत्रमा महामारी, प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माण र कार्यान्वयन |
| ४. | **स्थानीय जातजाति, भाषा, भेषभूषा, संस्कार र चाडपर्व** | ● स्थानीय मगर, ब्राम्हण, कामी, साकी, गुरुङ, थकाली जाति -भाषा, भेषभूषा (चोली, फरिया, घलेन, पटुका, टेकी, भाङग्रा, पछ्यौरा, खाडी, भोटो, इस्टकोट, टोपी लगायत), जन्म, विवाह, मृत्यु लगायतका संस्कार, न्वारन, ब्रतबन्ध, छेवर, विवाह, चौरासी, मर्दा जुठो बार्ने, नुन बार्ने, कुल पूजा, देवाली पूजा आदि) | ● स्थानीय छन्त्याल, परियार, विश्वकर्मा, सुनार, नेपाली लगायतका जातजातिको (भाषा, भेषभूषा, जन्म, विवाह, मृत्यु संस्कार (छैठी, न्वारन, व्रतबन्ध, छेवर, विवाह, मृत्यु, चौरासी पूजा, कुल पूजा, बाली पूजा, विश्वकर्मा पूजा आदि<br>● स्थानीय मेलाजात्रा, चाडपर्वको संरक्षण र प्रवर्धनमा सहभागिता तथा विद्यार्थीको भूमिका | ● स्थानीय जातजाति, असल संस्कार, भाषा तथा भेषभूषा संरक्षण र सम्र्बधनमा स्थानीय सरकारको भूमिका<br>● इद पर्व, क्रिसमस, माघे जात्रा, फागु जात्रा, बुद्ध पूर्णिमा जात्रा, लगायतका स्थानीय मेलाजात्राहरु र तिनीहरुको संरक्षण तथा प्रवर्धनमा स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका |

| | | | | |
|---|---|---|---|---|
| | | ● स्थानीय धुलेमेला, कालरात्री, आगोदेव, शिलाधुर, पराल हाल्ने, छाइ राख्ने, होरे गर्ने लगायतका मेलाजात्रा चाडपर्वको महत्व, संरक्षण र सहभागिता | | |
| ५. | **स्थानीय धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थल, मेलाजात्रा र बाजागाजा** | ● गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरु मध्ये छ ओटाको महत्व र संरक्षण (मालिका मन्दिर, कुहँकोट, गुप्तेश्वर, टोडके, नरसिंह, माइथान, मालिका मन्दिर, सहश्रधारा, देवी मन्दिर, बाबिया चौर, शिवालय मन्दिर, रणवाङ, माइकोधाम मन्दिर खुम्लिया शिवालय मन्दिर, त्यालेखोर आदि<br>● गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको संरक्षण र प्रवर्धन (लामो छहरा, सिमलचौर, भाले बास्ने ताल, दरुङ, इन्द्रेणी पार्क, तथा संग्राहलय, बाबियो चौर)<br>● मादल, मुरेली, डम्फू, गिटार, नौमति बाजा, हार्मोनियमलगायतका बाजाहरुको परिचय र महत्व | ● गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरुको महत्व, संरक्षण र प्रवर्धनमा स्थानीय समुदायको भूमिका (दुदिं शिवालय, थर्कु कोट घर, मालिका दह शिवालय, मुतेरह आदि)<br>● गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुमा जस्तैः टोडके, रातोखोला छहरा, लामो छहरा आदिमा सचांलन गर्न सकिने सम्भावित पर्यटकीय गतिविधीहरुः क्यानोयिङ्ग र पर्यटकीय स्थलको संरक्षण तथा प्रर्वधनमा विद्यार्थीको भूमिका<br>● स्थानीय मेलाजात्रा (धुलेमेला, कालरात्री, आगोदेव, शिलाधुर, पराल हाल्ने, छाइ राख्ने, होरे गर्ने) र परम्परागत बाजागाजाको प्रवर्धन (नौमति बाजा, सताई, दमाहा, छोलकी, खैजडी, कर्णाल, त्याम्को, मुजुरा, मादल, बाँसुरी, सारंगी) | ● गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरुमा सञ्चालन हुने क्रियाकलापहरु र यी सम्पदाहरुले समाज र राष्ट्रमा पुऱ्याएको योगदान र प्रवर्धन<br>● गाउँपालिका भित्रका प्राकृतिक पर्यटकीय स्थलहरुमा (भांक्रिपानी भ्यू टावर, विनाकोट धरी, गम्फाका धुरी, झांक्रिपानी कुवा आदिमा) सञ्चालन गर्न सकिने सम्भावित पर्यटकीय गतिविधिः होम स्टे, पर्यापर्यटन लगायत र प्रवर्धनमा स्थानीय समुदाय र गाउँपालिकाको भूमिका<br>● नौमति बाजा, सताई, दमाहा, छोलकी, खैजडी, कर्णाल, त्याम्को, मुजुरा, मादल, बाँसुरी, सारंगी लगायतको बजाउने अभ्यास र संरक्षणका उपायहरु |
| ६. | **पेशा, व्यवसाय र उद्यमशिलता** | ● पशुपालन (बाखापालन, कुखुरा, हाँस पालन, माछा र बंगुर पालन) को जानकारी<br>● स्थानीय पहिलो उद्योग वा व्यवसायको परिचय र त्यसको समाजमा योगदान<br>● पर्यटन व्यसाय परिचयः क्यानोइङ्ग, कृषि, धार्मिक, प्राकृतिक ऐतिहासिक) | ● जडीबुटी खेती (चिमाली, टोप्रे झार, कुरकुरे, तुलसी, कुरिलो, अैजेद, कालि काफल सिल टिमुर, सिन्काउली, लसुन, असुरो, अभीजाले, टोप्रे झार, चरिम्लो, भोकिम्लो, चौतारी, ऐंसेलु, ऐजुरु, पाँचऔंले, विखमा, अमला, सलुवा, चिराइतो, कालो काफल, हलहले, बोझो, सतुवा, पाखनवेद, हर्रो, वर्रो, गुर्जे गानो, जटामसी, भुतकेस, कचुर आदि) खेतीको जानकारी र सम्भावना<br>● स्थानीय परम्परागत प्रविधिमा आधारित काठका सामग्री निर्माण | ● स्थानीय कृषि उत्पादनको उपयोग गर्ने तरिका, बजारीकरण, कृषि क्षेत्रमा चुनौती र कृषि प्रर्वधनान स्थानीय सरकारको भूमिका<br>● स्थानीय परम्परागत प्रविधिमा आधारित माटो (मूर्तिकला) र बाँसका सामग्री निर्माण<br>● होम स्टे सञ्चालन |

| | | | | |
|---|---|---|---|---|
| | | | ● पर्यटन व्यवसाय परिचय, सम्भावना र आर्थिक विकास | |
| ७. | **स्थानीय खेलकुद, व्यायाम र भोजन** | ● स्थानीय खेल, योग व्यायामको महत्व<br>● स्थानीय क्षेत्रमा उत्पादित सन्तुलित भोजनको परिचय | ● विभिन्न प्रकारका योग प्रणायाम र ध्यानको अभ्यास<br>● पत्रु खाना (junk food) का असरहरु र पत्रु खानामा कमी ल्याउने उपायहरु | ● खेलकुद, योग ध्यानको दैनिक जीवनमा प्रयोग र यसबाट स्वास्थ्यमा पर्ने सकरात्मक प्रभाव<br>● स्थानीय स्तरमा उत्पादित प्राकृतिक तथा रेसादार, बोक्रायुक्त खानाका फाईदाहरु |
| ८. | **स्थानीय सेवामुलक संघसंस्था र समाजसेवी व्यक्ति** | ● विद्यालयमा बाल क्लव र रेडक्रसको परिचय, कार्यहरु र सहभागिता | ● सहकारी परिचय र समाजमा योगदान, जस्तैः स्थानीय क्षेत्रमा भएका सहकारीहरुको नाम सहित परिचय) | ● स्थानीय सामाजिक सङ्घसंस्थाहरुमा हाम्रो सहभागिता (बैशालु वातावरण युवा क्लब, जनजागरण युवा क्लब, प्रगति शिल युवा क्लब, सृजना युवा क्लब, महिला समूह, टोल सुधार समिति, अर्मन बहुउद्दशीय सहकारी, महिला सहकारी आदि) |

## ८. विषयवस्तुको विस्तृतीकरण

**क्षेत्र १: मंगला गाउँपालिकाको परिचय**

| कक्षा | सिकाइ उपलब्धी | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| ६ | ● गाउँपालिकाको नक्सा, चार सिमाना तथा वडाहरुको वर्गीकरण, जनसङ्ख्या, जातजाति, मुख्य वस्तीहरु र सेवा सुविधाको अवस्था बताउन<br>● गाउँपालिकाका ५ वटा वडा केन्द्र (कुहुँ, बावियाचौर, बरंजा, अर्मन) तथा वडाहरुको जानकारी दिन | ● गाउँपालिकाको नक्सा, चार सिमाना तथा वडाहरुको वर्गीकरण, जनसङ्ख्या, जातजाति, मुख्य वस्तीहरु र सेवा सुविधाको अवस्था<br>● गाउँपालिकाका ५ वटा वडा केन्द्र तथा वडाहरुको जानकारी | ● गाउँपालिकाको नक्सा, चार सिमाना तथा वडाहरुको वर्गीकरण, जनसङ्ख्या, जातजाति, मुख्य वस्तीहरु र सेवा सुविधाको अवस्थाबारे जानकारी<br>● गाउँपालिकाका ५ वटा वडा केन्द्र तथा वडाहरुको जानकारी ( कुहुँ, बावियाचौर, बरंजा, अर्मन) | ● गाउँपालिकाको सङ्केत सहितको नक्सा<br>● गाउँपालिकाको परिचय सम्बन्धी लेख, रचना, भिडियो, वृत्तचित्र<br>● गाउँपालिकाको प्रोफइल<br>● गाउँपालिकाको कुहुँ, बावियाचौर, बरंजा, अर्मन) नामकरणको ऐतिहासिक पृष्ठभूमि सम्बन्धि लेख रचना, श्रव्यदृश्य | ● गाउँपालिकाले ओगटेको क्षेत्रको बारेमा नक्सा वा चित्र देखाएर बर्णन गर्ने ।<br>● गाउँपालिकाको नक्सा देखाइ वरिपरीका सिमानाहरूको जानकारी दिने ।<br>● गाउँपालिकाको समान्य नक्सा बनाइ त्यसमा सङ्केत/चिह्नहरू राख्न सिकाउने, उचाइ, अंक्षास र देशान्तर छुट्याउन सिकाउने ।<br>● दिइएको नक्सामा भएका सङ्केतका आधारमा महत्वपूर्ण साँस्कृतिक, ऐतिहासिक ठाउँहरू पहिचान गर्न लगाउने ।<br>● गाउँपालिकाको जनसङ्ख्या, जातजाति, मुख्य वस्तीहरु, सडक, बिजुली, स्वास्थ्यचौकी आदिको सेवासुविधा सम्बन्धी पालिकाको प्रोफाइलका आधारमा बताईदिने ।<br>● स्थानीय जानकार व्यक्तिसँग गाउँपालिकाको जनसङ्ख्या, जातजाति, मुख्य वस्तीहरु, सडक, बिजुली, स्वास्थ्यचौकी आदिको | ● गाउँपालिकाको नक्सामा सीमानाको चार किल्ला छुट्याई, सङ्केत सहितको नक्सा बनाउन लगाउने ।<br>● नक्सामा आफ्नो विद्यालय भएको वडा छुट्याउन लगाउने ।<br>● आफ्नो विद्यालय वा वस्ती भएको वडाको नक्सा बनाउन लगाउने र भौगोलिक अवस्था कस्तो छ चिन्न लगाउने ।<br>● गाउँपालिका भित्रका मुख्य जातजातिहरुको जनसङ्ख्या सूची र लेख्न लगाउने ।<br>● गाउँपालिका भित्रका मुख्य | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | सामग्री<br>● स्थानीय इतिहासविद | सेवासुविधा सम्बन्धी छलफल गराइ निष्कर्ष दिने ।<br>● गाउँपालिका क्षेत्रभित्रका ५ वटै वडा र केन्द्रहरु (कुहुँ, बावियाचौर, बरंजा, अर्मन) नामकरणको ऐतिहासिक पृष्ठभूमी सम्बन्धीको लेख, रचना, भिडियो आदि खोजी गरी कक्षामा प्रस्तुत गर्ने ।<br>● कुहुँ, बावियाचौर, बरंजा, अर्मन मध्ये विद्यालयबाट नजिक पर्ने ठाउँहरुको क्षेत्रगत भ्रमण गराइ ति ठाउँहरुको ऐतिहासिक नामाकरणबारे स्थानीय जानकार, बुढापाका व्यक्तिहरुसँग छलफल गराउने ।<br>● स्थानीय जानकार व्यक्ति वा जनप्रतिनिधिहरुसँग उक्त ठाउँहरुको बारेमा विद्यार्थीहरुमाभ्र अन्तरक्रिया गराउने । | वस्ती र सडकहरुको नाम लेख्न लगाउने ।<br>● कुहुँ, बावियाचौर, बरंजा, अर्मन नामाकरणको ऐतिहासिक पृष्ठभूमि सहित परिचय लेखेर कक्षामा प्रस्तुत गर्न लगाउने<br>● क्षेत्रगत भ्रमणका आधारमा कुनै एक क्षेत्रको परिचय लेखी कक्षामा प्रस्तुत गर्न लगाउने । | |
| ७ | ● गाउँपालिकाको संरचना बुझ्केर बताउन<br>● वडाको संरचना सहित परिचय दिन र वडा कार्यालयका कार्यहरु बताउन, | ● गाउँपालिकाको संरचना<br>● वडाको संरचना र वडा कार्यालयका कार्यहरु | ● गाउँपालिकाको राजनैतिक संरचना, वडा विभाजन, जनप्रतिनिधि सम्बन्धी जानकारी<br>● वडाको संरचना परिचय र वडा कार्यालयका कार्यहरु | ● गाउँपालिकाको संरचना सम्बन्धी गाउँपालिका बाट प्रकाशित ब्रोसर वा श्रव्यदृश्य सामग्री<br>● गाउँपालिका र | ● गाउँपालिकाको संरचनाबारे छलफल गर्ने । जस्तैः गाउँपालिकामा रहेका वडा सङ्ख्या, कतिजना जनप्रतिनिधिहरु हुन्छन्, गाउँपालिकाभित्र कतिजना र कुन कुन पदमा निर्वाचित जनप्रतिनीधीहरु हुन्छन् भन्ने बारेमा बताईदिने । | ● आफू बस्ने वडामा कतिजना जनप्रतिनिधिहरु रहेका छन् बुझ्केर नाम सहित लेख्न लगाउने ।<br>● आफ्नो गाउँपालिकाका | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | वडाबाट सेवा सुविधा लिन | | र वडा कार्यालयबाट प्राप्त हुने सेवा सुविधा सम्बन्धी जानकारी | वडाको बडापत्र | ● गाउँपालिकाको संरचना सम्बन्धी कुनै लेख वा भिडियो भएमा प्रस्तुत गर्ने ।<br><br>● नजिकको वडा कार्यालय वा गाउँपालिकाको कार्यालयको भ्रमण गरी गाउँपालिकाको संरचना र त्यहाँबाट जनताले पाइने सेवा सुविधा सम्बन्धी छलफल गर्ने ।<br><br>● स्थानीय वडा कार्यालयबाट हामीले पाउने सेवा सुविधा लिनका लागि हामीले गर्नुपर्ने कार्यहरुका बारेमा छलफल गर्ने । जस्तैः जन्म, मृत्यु प्रमाणित, खानेपानीको सिफारिस, विभिन्न विकास निर्माणको सिफारिस लगायतका कार्यहरु । | जनप्रतिनिधहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● गाउँपालिकाको संरचना चार्ट बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● तपाईलाई आफ्नो घरमा खानेपानीको लाइन जोड्नुपर्ने छ त्यसका लागि कहाँ गएर सिफारिस लिनुपर्दछ र त्यसको प्रक्रिया के हुन्छ भन्ने बारेमा एउटा परियोजना तयार पार्नुहोस् ।<br>● वडा कार्यालयबाट हामीले पाउने सेवा सुविधाहरुको सूची प्रस्तुत गर्न लगाउने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | ● गाउँपालिकाको सेवा सुविधाहरु बुझेर सेवा सुविधा लिन<br>● स्थानीय तहमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी परिचय दिन | ● गाउँपालिकाको सेवा सुविधाहरु<br>● स्थानीय तहमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी परिचय | ● गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाहरुबारे जानकारी र सेवा लिनका लागि अपनाउने पर्ने प्रक्रियाहरुको बारेमा वर्णन<br>● गाउँपालिका/स्थानीय सरकारको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी परिचय | ● गाउँपालिकाको संरचना सम्बन्धी गाउँपालिका बाट प्रकाशित ब्रोसर वा श्रव्यदृश्य सामग्री<br>● गाउँपालिका र वडाको बडापत्र | ● गाउँपालिकाबाट पाइने सेवा सुविधाहरु र त्यसका लागि अपनाउनुपर्ने प्रक्रियाहरुको सूची वा चार्ट बनाइ प्रस्तुत गर्ने । जस्तैः नयाँ घरको नक्सा पास, विकासका कार्यहरुमा बजेट, सामान्य झैझगडा मेलमिलाप आदि ।<br>● विद्यार्थीहरुलाई गाउँपालिका कार्यालयको भ्रमण गराइ त्यहाँबाट पाइने सेवा सुविधा सम्बन्धी स्थानीय जनप्रतिनिधि वा कर्मचारीसँग भेट गराइ अन्तरक्रिया गराउने ।<br>● गाउँपालिकाको सेवा सुविधा सम्बन्धी भिडियो वा वृत्तचित्र भएमा प्रस्तुत गर्ने वा स्थानीय जनाकार व्यक्तिसँग छलफल गर्ने ।<br>● सेवा लिनका लागि आवश्यक पर्ने आधारभूत कुराहरुको बारेमा बताइदिने । जस्तैः विभिन्न निवेदनहरुको ढाँचा र आवश्यक कागजात ।<br>● गाउँपालिकाको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका भनेको के हो र तिनीहरुको काम कर्तव्य र अधिकार सम्बन्धी | ● गाउँपालिकाबाट हामीले पाइने सेवा सुविधाहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● यदि कुनै विद्यार्थीको कक्षा ८ को परीक्षाको मार्कसिटमा नाम बिग्रिएर आयो अब उक्त नाम सच्याउन के के प्रक्रिया अपनाउनुपर्छ क्रमबद्ध रुपमा लेखेर प्रस्तुत गर्न लगाउने ।<br>● गाउँपालिकामा हुने कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले गर्ने कार्यहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● गाउँ स्तरीय | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | स्थानीय विज्ञसँग छलफल गराउने ।<br>● स्थानीय सरकारको कार्यपालिका, कार्यपालिका र व्यवस्थापिका सम्बन्धी भिडियो वा वृत्तचित्र खोजी गरी प्रर्दशन गर्ने, अन्तरक्रिया गर्ने, गाउँपालिकाका जनप्रतिनिधिसँग छलफल गर्ने । | न्यायपालिकाको भूमिका सम्बन्धी परियोजना कार्य गराउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |

## क्षेत्र २: प्राकृतिक स्रोत, सम्पदा, सरसफाई र हरीत विद्यालय

| कक्षा | सिकाइ उपलब्धी | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | गराउने ।<br>● स्थानीय विज्ञको सहयोगमा कुनै एक बाँसको सामान बनाउने अभ्यास गराउने ।<br>● बाँसका सामानहरु बनाउने तरिकासँग सम्बन्धित फोटो, भिडियो प्रस्तुत गर्ने, त्यसको परिचय र महत्वबारे बताईदिने ।<br>● स्थानीय क्षेत्रमा बनाइने माटोका सामग्रीहरुको सूची बनाइ प्रस्तुत गर्ने । जस्तैः माटोका भाँडाहरु, मुर्तिहरु आदि ।<br>● स्थानीय ठाउँमा माटोका सामानहरु वा मूर्ति बनाउने मानिससँग प्रत्यक्ष भेटघाट गराइ माटोको सामान्य मुर्ति बनाउन सिकाउने ।<br>● होम स्टेको परिचय दिई यसको सञ्चालनका लागि आधारभूत आवश्यक कुराहरुको सूची बनाइ प्रस्तुत गर्ने ।<br>● विद्यालय नजिकको कुनै होम स्टे सञ्चालन भईरहेको क्षेत्रको अवलोकन गराइ सम्बन्धित व्यक्तिसँग भेट गराइ होम स्टे सञ्चालनका सिपहरु र फाईदा सम्बन्धी अन्तरक्रिया गराउने ।<br>● देशको कुनै नमुना होम स्टे सम्बन्धी भिडियो वा वृत्तचित्र खोजी गरी प्रस्तुत गर्ने । | दिई यसका लागि आवश्यक कुराहरुको बुँदागत रुपमा लेखी प्रस्तुत गराउने ।<br>● मानौ तपाईको घरको तीनवटा कोठाहरु खाली छन् । तपाईले अव उक्त कोठाहरुलाई उपयोग गरी होम स्टे सञ्चालन गर्ने बिचार गर्नुभयो । अव तपाईको घरमा होम स्टे सञ्चालनको योजना बनाइ प्रस्तुत गर्नुहोस् । | |

## क्षेत्र ७: स्थानीय खेलकुद, व्यायाम र भोजन

| कक्षा | सिकाइ उपलब्धी | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| ६ | ● स्थानीय खेल, योग व्यायामको महत्व बुझेर दैनिक जिवनमा लागू गर्न<br>● स्थानीय क्षेत्रमा उत्पादित सन्तुलित भोजनको परिचय दिन | ● स्थानीय खेल, योग व्यायामको महत्व<br>● स्थानीय क्षेत्रमा उत्पादित सन्तुलित भोजनको परिचय | ● स्थानीय स्तरमा शारीरिक अभ्यासका लागि खेलिने खेलहरु र योगको महत्व सम्बन्धी वर्णन<br>● स्वस्थ भोजन र फाइदाहरु सम्बन्धी वर्णन | ● स्थानीय क्षेत्रमा प्रचलित विभिन्न खेलहरुको सूची, ब्रोसर, फोटो<br>● खेल खेल्ने र विभिन्न योगका तरिकाबारे जानकारी चार्ट वा श्रव्यदृश्य सामग्री<br>● खानाका विभिन्न परिकारहरुको सूची, फोटो र महत्व सम्बन्धी श्रव्यदृश्य सामग्री<br>● | ● स्थानीय क्षेत्रमा खेलिने खेलहरूको महत्वको सूची तयार पारी कक्षामा प्रस्तुत गर्ने । जस्तैः परम्परागत अभ्यास, शारीरिक तन्दुरुस्ती आदि ।<br>● मर्निङ्ग वाक, पिटी लगायतका शारीरिक अभ्यासहरुको महत्व र फाइदा सम्बन्धी छलफल गरी निष्कर्ष दिने ।<br>● सूक्ष्म व्यायामको भिडियो देखाउने, शिक्षकले गरेर देखाउने र विद्यार्थीहरूलाई अभ्यास गराउने ।<br>● योग ध्यानका फाइदाहरूबारे चर्चा गर्ने (शारीरिक तथा मानसिक फाइदा) स्थानीय विज्ञको सहयोगमा विभिन्न योग व्यायामहरु गराउने ।<br>● स्थानीय क्षेत्रमा उत्पादित र तयार पारिएका खानाहरुको महत्व बताउने । जस्तैः स्वच्छ हुन्छ, स्वस्थ हुन्छ, किन्नलाई धेरै महङ्गो पर्दैन आदि ।<br>● कस्तो खानालाई स्वस्थ खाना भनिन्छ भन्ने बारेमा छलफल गर्ने । जस्तैः सफा, ताजा, धेरै तेलयुक्त नभएको, राम्ररी पाकेको, सडेगले नभएको, स्थानीय क्षेत्रमा उत्पादित सागसब्जीहरु आदि । | ● स्थानीय क्षेत्रमा खेलिने खेलहरूको महत्वको सूची बनाउन लगाउने ।<br>● योग ध्यानका फाइदा बताउन लगाउने ।<br>● कुनै दुईवटा स्थानीय खेलहरुको प्रतिस्पर्धा गराउने ।<br>● सामान्य योगका आसनहरु गर्न लगाउने र विद्यार्थीहरुको प्रदशर्नीका आधारमा मूल्याङ्कन गर्ने ।<br>● कस्तो खानालाई स्वस्थ खाना भनिन्छ ?<br>● स्वस्थ खानाका फाइदाहरुबारे | १६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● सन्तुलित भोजन वा विभिन्न प्रकारका खानाको महत्वबारे भिडियो प्रस्तुत गरी छलफल गर्ने वा स्थानीय पोषणविद्सँग अन्तरक्रिया गराउने । | सोध्ने ।<br>● दैनिक क्रियाकलाप अवलोकन गर्ने । | |
| ७ | ● विभिन्न प्रकारका योग प्रणायाम र ध्यानको अभ्यास गर्न<br>● पत्रु खाना (junk food) का असरहरु र पत्रु खानामा कमी ल्याउने उपायहरु बताउन र पत्रु खानाको प्रयोगमा कमी ल्याउन | ● विभिन्न प्रकारका योग प्रणायाम र ध्यानको अभ्यास<br>● पत्रु खाना (junk food) का असरहरु र पत्रु खानामा कमी ल्याउने उपायहरु | ● योग ध्यानको परिचय, विभिन्न प्रकारका योगप्रणायाम र ध्यानको अभ्यास सम्बन्धी जानकारी<br>● पत्रु खाना (junk food) प्राकृतिक खानाको परिचय र पत्रु खानामा कमी ल्याउने उपायहरु | ● विभिन्न योगा र प्रणायाम सम्बन्धी सूची, ब्रोसर, फोटो, श्रव्यदृश्य सामग्री<br>● स्वस्थकर, प्राकृतिक खाना र पत्रु खानाहरुको सूची, फोटो, पोस्टर<br>● स्वस्थकर, प्राकृतिक खाना र पत्रु खाना सम्बन्धी भिडियो, वृत्तचित्र<br>● | ● विभिन्न योगहरूको नामसहित गर्ने तरिकाबारे भिडियो प्रस्तुत गर्ने । जस्तैः बसेर गर्ने (गौमुख आशन, बज्र आशन) उठेर गर्ने (ताड आशन, ध्रुव आशन) सुतेर गर्ने (शब आशन, ध्वज आशन) लगायत योगहरूको नाम पहिचान र अभ्यास)<br>● स्थानीय योग गुरुबाट योग तथा आशन सम्बन्धी अभ्यास गराउने ।<br>● सूक्ष्म व्यायामको भिडियो देखाउने, शिक्षकले गरेर देखाउने र विद्यार्थीहरूलाई अभ्यास गराउने ।<br>● योग ध्यानका फाइदाहरूबारे चर्चा गर्ने (शारीरिक तथा मानसिक फाइदा) बारेमा चर्चा गर्ने ।<br>● स्थानीय क्षेत्रमा उत्पादन हुने अन्न, सागपात, आलु, फलफूलको सेवनबाट फाईदा हुन्छ भन्ने कुरा बताउने । चिल्लोरहित, ताजा, रेसादार खानाले, रसायन नमिसाईएको खानाले हामीलाई हुने फाईदाहरुबारे छलफल गर्ने ।<br>● बजारमा पाइने पत्रुखाना (junk food) हरुको सूची बनाइ त्यसले हामीलाई गर्ने असरहरुबारे प्रस्तुत गर्ने । जस्तैः चिल्लो पिरोको मात्रा हुने, पहिले बनाएर | ● बसेर, उठेर वा सुतेर गर्ने कुनै २।२ वटा आसन गरेर देखाउन लगाउने ।<br>● कुनै एउटा योग तथा आशनको बारेमा वर्णन गर्न लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरू गर्ने ।<br>● सामान्य योगका आसनहरु गर्न लगाउने र विद्यार्थीहरुको प्रदशर्नीका आधारमा मूल्याङ्कन गर्ने ।<br>● प्राकृतिक र पत्रु खानाको परिचय दिन लगाउने ।<br>● स्थानीय क्षेत्रमा पाइने पत्रु खानाहरुको सूची बनाउन लगाउने ।<br>● पत्रु खानाको | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्याकिङ्ग गरिएको हुनाले स्वच्छ नहुने आदि ।<br>● प्राकृतिक खाना र पत्रु खाना सम्बन्धी भिडियो प्रस्तुत गर्ने । | असरबारे वर्णन गर्न लगाउने ।<br>● दैनिक खाजाको अवलोकन गर्ने । | |
| ८ | ● खेलकुद, योग ध्यानको दैनिक जीवनमा प्रयोग र यसबाट स्वास्थ्यमा पर्ने सकरात्मक प्रभावबारे बताउन<br>● स्थानीय स्तरमा उत्पादित प्राकृतिक तथा रेसादार, बोक्रायुक्त खानाका फाईदाहरु बुझेर उपयोग गर्न | ● खेलकुद, योग ध्यानको दैनिक जीवनमा प्रयोग र यसबाट स्वास्थ्यमा पर्ने सकरात्मक प्रभाव<br>● स्थानीय स्तरमा उत्पादित प्राकृतिक तथा रेसादार, बोक्रायुक्त खानाका फाईदाहरु | ● योग ध्यानले हाम्रो दैनिक जीवनमा र स्वास्थ्यमा पर्ने सकरात्मक प्रभाव र योग अभ्यासका सिपहरु<br>● स्थानीय स्तरमा उत्पादित प्राकृतिक तथा रेसादार, बक्रायुक्त खानाका फाईदाहहरु र पत्रुखानाको (junk food) असर सम्बन्धी जानकारी | ● विभिन्न योगा र प्रणायाम सम्बन्धी सूची, ब्रोसर, फोटो, श्रव्यदृश्य सामग्री<br>● योग ध्यानको फाईदा सम्बन्धी सूची, ब्रोसर, फोटो, श्रव्यदृश्य सामग्री<br>● स्वस्थकर, प्राकृतिक खाना र पत्रु खानाहरुको सूची, फोटो, पोस्टर, वृत्तचित्र<br>● स्थानीय पोषण विज्ञ | ● विभिन्न योगहरूको नामसहित गर्ने तरिकाबारे भिडियो प्रस्तुत गर्ने । जस्तैः बसेर गर्ने (गौमुख आसन, बज्र आसन) उठेर गर्ने (ताड आशन, धुव आसन) सुतेर गर्ने (शब आसन, ध्वज आशन) लगायत योगहरूको नाम पहिचान र अभ्यास)<br>● योग ध्यानका फाइदाहरूबारे चर्चा गर्ने (शारीरिक तथा मानसिक फाइदा) बारेमा चर्चा गर्ने ।<br>● दैनिक अभ्यासको तालिका बनाउन लगाउने र कुनै प्रसिद्ध व्यक्तिहरूले बनाएको नमूना प्रदर्शन गर्ने र त्यसै अनुरुप दैनिक अभ्यास गर्ने ।<br>● प्राकृतिक खाना र पत्रु खाना सम्बन्धी भिडियो प्रस्तुत गर्ने ।<br>● स्थानीय क्षेत्रमा उत्पादित खानाहरुको सूची र महत्व प्रस्तुत गर्ने ।<br>● चिल्लोरहित, ताजा, रेसादार खानाले, रसायन नमिसाईएको खानाले हामीलाई हुने फाइदाहरुबारे छलफल गर्ने । जस्तैः रोग क्षमता बढाउने ।<br>● बजारमा पाइने पत्रुखाना (junk food) हरुको सूची बनाइ त्यसले हामीलाई गर्ने असरहरुबारे प्रस्तुत गर्ने । | ● योग ध्यानले कसरी हाम्रो स्वास्थ्यमा राम्रो प्रभाव पार्दछ भन्ने बारेमा सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● कुनै एउटा योग तथा आशनको बारेमा वर्णन गर्न लगाउने ।<br>● सामान्य योगका आसनहरु गर्न लगाउने र विद्यार्थीहरुको प्रदशर्नीका आधारमा मूल्याङ्कन गर्ने ।<br>● प्राकृतिक र रेसादार खानाको महत्व लेख्न लगाउने ।<br>● पत्रु खानाहरुले हाम्रो स्वस्थ्यमा पार्ने असरहरुका | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ● हाम्रो दैनिक जीवनमा सन्तुतिल भोजन र योग व्यायामको अन्तरसम्बन्धबारे विज्ञसँग छलफल गरी बुँदागत रुपमा प्रस्तुत गर्ने । | बारेमा लेख्न बनाउन लगाउने ।<br>● पत्रु खाना खाने बानीमा कमी ल्याउन हामीले सुर्धानु पर्ने बानीको सूची बनाउन लगाउने | |

## क्षेत्र ८: स्थानीय सेवामुलक संघसंस्था र समाजसेवी व्यक्ति

| कक्षा | सिकाइ उपलब्धी | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| ६ | ● विद्यालयमा बाल क्लव र रेडक्रसको परिचय दिई उक्त ठाउँहरुमा सहभागिता जनाउन | ● विद्यालयमा बाल क्लव र रेडक्रसको परिचय, कार्यहरु र सहभागिता | ● विद्यालयमा भएका बाल क्लव र रेडक्रसको परिचय र उक्त संस्थाहरुले गर्ने कार्यहरु | ● विद्यालयमा भएका संस्थाहरुको सूची र त्यस सम्बन्धी फोटो, ब्रोसर, लेख, रचना, भिडियो<br>● बाल क्लव र रेडक्रसको परिचय सम्बन्धी श्रव्यदृश्य सामग्री | ● विद्यालयमा भएका विभिन्न सङ्घसंस्थाको परिचय र तिनीहरुले गर्ने कामहरुबारे जानकारी गराउने । जस्तैः इको क्लव, बाल क्लव, जुनियर रेडक्रस सोसाइटी आदि ।<br>● विद्यार्थीहरुलाई उक्त क्लवहरुमा सहभागी गराइ विद्यालयमा सामुहिक कार्यमा सहभागी गराउने ।<br>● विद्यार्थीहरुलाई सामाजिक कार्यहरुमा सहयोग गर्ने बानीको विकास गर्न विभिन्न प्रेरणात्मक वृत्तचित्र वा भिडियो प्रस्तुत गरी छलफल गर्ने ।<br>● विद्यालय परिपरिको सरसफाई कार्यमा सहभागी गराउने ।<br>● असल कार्य र सकरात्मक सोचले समाजमा पार्ने सकरात्मक प्रवाभका बारेमा छलफल गरी निष्कर्ष दिने । | ● आफ्नो विद्यालयमा बाल क्वल, जुनीयर रेडक्रस, इको क्लव आदिले गर्ने कार्यहरुबारे लेख्न लगाउने ।<br>● विद्यालय परिसरमा सरसफाई तथा पुष्प बगैँचा बनाउन लगाउने ।<br>● सामाजिक कार्यमा सहयोगबाट हुने फाईदाहरुकाबारेमा लेख्न लगाउने ।<br>● दैनिक क्रियाकलापको अवलोकन गर्ने । | १० |
| ७ | ● सहकारीको परिचय दिई समाजमा योगदानबारे बताउन | ● सहकारी परिचय र समाजमा योगदान, जस्तैः स्थानीय क्षेत्रमा भएका सहकारीहरुको नाम सहित परिचय) | ● स्थानीय क्षेत्रमा भएका सहकारीहरुले दिने सेवा सुविधा र तिनीहरुबाट सेवा सुविधा लिने प्रक्रिया तथा सहकारीको | ● स्थानीय क्षेत्रमा भएका वित्तीय संस्था र सहकारीको सूची, तिनीहरुले दिने सेवा | ● गाउँपालिका क्षेत्रमा भएका सहकारी संस्थाहरुको खोजी गरी नामको सूची बनाएर प्रस्तुत गर्ने । जस्तैः कृषि तथा पशु विकास सहकारी, बचत तथा ऋण सहकारी, कृषि सहकारी आदि ।<br>● सहकारी संस्थाबाट हामीले पाउने सेवा सुविधाहरुको बारेमा छलफल गर्ने र | ● स्थानीय क्षेत्रमा भएका सहकारीहरुको सूची सहित वर्गीकरण गर्न लगाउने ।<br>● सहकारीमा | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | समाजमा योगदान | सुविधा सम्बन्धी पोष्टर, ब्रोसर, श्रव्यदृश्य सामग्री (कृषि तथा पशु विकास सहकारी रिघा बचत तथा ऋण सहकारी, जनविश्वास सहकारी, पञ्चौली कृषि सहकारी) | उक्त सुविधाहरु लिनका लागि अपनाउनुपर्ने प्रक्रियाका बारेमा छलफल गरी निष्कर्ष दिने । जस्तैः महिला सहकारीमा सदस्य बन्नका लागि महिलाले मात्र पाउने, कृषि सहकारीमा सदस्य बन्न स्थानीय कृषक, पशुपालक हुनुपर्ने, सदस्य बन्नलाई निश्चित रकम जम्मा गर्नुपर्ने, सदस्य बनेपछि आवश्कताका आधारमा निश्चित व्याज तिरेपछि ऋण लिन सकिने आदि ।<br>● विद्यालय नजिकको कुनै एक सहकारीको अवलोकन भ्रमण गराइ उक्त संस्थाहरुले दिने सेवा सुविधा र त्यसमा हामी कसरी समाहित हुन सक्छौं भन्ने बारेमा संस्थाका प्रतिनिधिसँग छलफल गर्ने । जस्तैः पैसा बचत गरी राख्न र त्यसबाट व्याज आर्जन गर्न सकिने, विभिन्न व्यसायहरु सञ्चालन गर्न ऋण, सापटी लिन सकिने आदि ।<br>● सहकारी संस्थाहरुमा समाहित भएपछि हामीलाई कसरी फाईदा हुन्छ र त्यसबाट समाजमा के योगदान पुग्छ भन्नेबारेमा स्थानीय विज्ञसँग अन्तरक्रिया गर्ने । जस्तैः समूहमा आवद्ध भएपछि आफ्ना उत्पादनहरु बेच्न सजिलो हुन्छ । आफ्नो रकम बचत गर्न सजिलो हुन्छ । मानिसहरुको आर्थिक बृद्धिमा सहयोग पुग्छ आदि । | समाहित हुनका लागि हामीले के के गर्नुपर्छ भन्नेबारेमा सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● कक्षामा नमूना सहकारी बनाइ मासिक बचतको अभ्यास गराउने ।<br>● स्थानीय सहकारी कार्यालयको भ्रमणका आधारमा परियोजना कार्य गर्न लगाउने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | ● स्थानीय सामाजिक सङ्घसंस्था हरुमा सहभागिताबारे बुझेर सामाजिक संघसंस्थाहरुका कार्यमा सहभागिता जनाउन | ● स्थानीय सामाजिक सङ्घसंस्थाहरुमा हाम्रो सहभागिता (वातावरण युवा क्लब, जनजागरण युवा क्लब, प्रगति शिल युवा क्लब, सृजना युवा क्लब, महिला समूह, टोल सुधार समिति, अर्मन बहुउद्देशीय सहकारी, महिला सहकारी आदि) | ● स्थानीय क्षेत्रमा भएका समाजिक सङ्घसंस्थाहरुले गर्ने कार्यहरु (सहकारी संस्था, महिला समूह, क्लव, रेडक्रस, स्काउट, र सामाजिक संस्थाहरुले गर्ने कार्यहरु र हाम्रो सहभागिता | ● समुदायमा भएका संस्थाहरुको सूची र त्यस सम्बन्धी फोटो, ब्रोसर, लेख, रचना, भिडियो<br>● सकरात्मक सोच, असल बानी र सामाजिक सेवा जगाउने किसिमका वृत्तचित्रहरु | ● विद्यालय तथा समुदायमा भएका विभिन्न सङ्घसंस्थाको परिचय र तिनीहरुले गर्ने कामहरुबारे जानकारी गराउने । जस्तैः वातावरण युवा क्लब, जनजागरण युवा क्लब, प्रगति शिल युवा क्लब, सृजना युवा क्लब, महिला समूह, टोल सुधार समिति, अर्मन बहुउद्देशीय सहकारी, महिला सहकारी आदि ।<br>● स्थानीय सहकारी संस्थाले गर्ने कार्यहरुको बारेमा जानकारी दिने र उक्त कार्यालयमा अवलोकन गराइ त्यसमा हामी विद्यार्थी कसरी सहभागी हुन सक्छौं भन्नेबारेमा छलफल गर्ने ।<br>● विद्यार्थीहरुलाई सामाजिक कार्यहरुमा सहयोग गर्ने बानीको विकास गर्न विभिन्न प्रेरणात्मक वृत्तचित्र वा भिडियो प्रस्तुत गरी छलफल गर्ने<br>● विद्यार्थीहरुलाई विद्यालयमा हुने विभिन्न कार्यक्रमहरुमा स्वयंसेवकको रुपमा परिचालन गर्ने ।<br>● कक्षामा नमुना सहकारी र नमुना बालक्लव गठन गरी तिनीहरुले गर्ने कार्यबारे समूहगत रुपमा परियोजना कार्य गराउने । | ● आफ्नो टोलमा महिला समूह वा आमा समूहको बारेमा सोधीखोजी त्यसले गर्ने कार्यहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● विद्यालयमा रेडक्रस र स्काउटले गर्ने कार्यहरुबारे बुझेर लेख्न लगाउने ।<br>● सामाजिक कार्यमा सहयोगबाट हुने फाईदाहरुका बारेमा लेख्न लगाउने ।<br>● विद्यालयमा हुने कार्यहरुमा सहभागिताको अवलोकन गर्ने ।<br>● समुहगत परियोजनाको प्रस्तुति दिन लगाउने । | १० |

## ९. कार्यघण्टा विभाजन तथा अङ्क विभाजन तालिका

**कक्षा ६–८**

| क्र.स. | क्षेत्र/एकाइ | कक्षा ६–८ | |
|---|---|---|---|
| | | कार्यघण्टा | पठ्यभार |
| १. | मंगला गाउँपालिकाको परिचय | १६ | १२ |
| २. | प्राकृतिक स्रोत, सम्पदा, सरसफाई र हरीत विद्यालय | २४ | २० |
| ३. | प्रकोप न्यूनीकरण र सडक सुरक्षा | १२ | ८ |
| ४. | स्थानीय जातजाति, भाषा, भेषभूषा, संस्कार र चाडपर्व | १६ | १३ |
| ५. | स्थानीय धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थल, मेलाजात्रा र बाजागाजा | १८ | १५ |
| ६. | पेशा, व्यवसाय र उद्यमशिलता | १६ | १२ |
| ७. | स्थानीय खेलकुद, व्यायाम र भोजन | १६ | १२ |
| ८. | स्थानीय सेवामुलक संघसंस्था र समाजसेवी व्यक्ति | १० | ८ |
| | **जम्मा** | **१२८** | **१००** |

## १०. सिकाइ सहजीकरण प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयनका क्रममा विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थी केन्द्रित विधिलाई प्राथमिकता दिएर सिकाइ अगाडि बढाइनेछ । यस पाठ्यक्रमलाई विद्यालयमा विद्यार्थीहरूबीच प्रभावकारी शिक्षण गर्नका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, वेवमा आधारित सामग्री र स्थानीय विज्ञसँगको अन्तरक्रिया लगायतका शैक्षणिक सामग्रीहरुको अधिकतम प्रयोग गरिनेछ । सिकाइ सहजीकरण गर्न विभिन्न प्रचलित विधिहरू अपनाउन सकिने छ ।

कुनै पनि सिकाई दिगो हुनका लागि सिकारुहरुले/विद्यार्थीहरुले प्रतक्ष्य अनुभव गरेका कुराहरुले महत्वपूर्ण प्रभाव पारेको हुन्छ । त्यसका लागि सहजकर्ताले जहिले पनि विद्यार्थीहरुको रुची, उनीहरुको अवस्थालाई बुझ्ेर विद्यार्थी केन्द्रीत सहजीकरण गर्नुपर्दछ । जसबाट विद्यार्थीहरुको संज्ञानात्मक (Congnitive), भावनात्मक (Affective) तथा मनोक्रियात्मक (Psychomotor) सिकाईमा प्रतक्ष्य फाईदा पुग्छ । विद्यार्थी केन्द्रीत सहजीकरण गर्दा सहजकर्ताले मुख्य गरी निम्न तीनवटा तहलाई ध्यानमा राखी कक्षा संचालन गर्नुपर्दछ ।

क) पूर्व तयारी : विद्यार्थीहरुमा उत्प्रेरणा जगाउने

ख) उपयुक्त सहजीकरण बिधि : विद्यार्थी केन्द्रीत अन्तरक्रियात्मक शिक्षण विधिहरुको प्रयोग गर्ने

ग) अभिलेखीकरण तथा सिकाई उपलब्धि/सक्षमता मापन : विषय वस्तुको अभिलेखीकरण र त्यसको प्रस्तुति गर्ने

**पूर्व तयारी :** स्थानीय विषयको सहजीकरण गर्दा सहजकर्ता/शिक्षकले कक्षाकोठामा पस्नु अगाडी र कक्षामा पसिसकेपछि विषयवस्तुको सहजीकरण गर्नुभन्दा अगाडी विभिन्न चरणका तयारीहरु गर्नुपर्दछ, जस्लाई पूर्व तयारी भनिन्छ । कक्षामा जानु अगाडी विषयस्तुसँग सम्बन्धित कुराहरुको खोजी गरी त्यसको पाठ योजना सहितको तयारी प्रथम चरणको तयारी हो, जसमा सिकाई उपलब्धी, सक्षमता समावेश गरी सहजीकरणका विधिहरु समेतको तयारी गर्नुपर्दछ । यदि कोही अन्य सहजकर्ता, विषयवस्तु बिज्ञलाई बोलाउने हो भने उक्त व्यक्तिलाई पनि विषयवस्तुबारे अग्रीम जानकारी गराउनु पर्दछ । यदि अवलोकन भ्रमण वा बाहिरी वातावरणमा लगेर सिकाउन लागिएको छ भने त्यस ठाउँको बारेमा अग्रीम जानकारी लिई त्यस अनुरुपको तयारी गनुपर्दछ ।

सहजकर्ता कक्षाकोठामा विषयवस्तुको तयारी सहित प्रवेश गरिसकेपछी कक्षामा विद्यार्थीहरुको बसाईको अवस्थामा ध्यान दिनुपर्दछ । विषयवस्तुको माग र सहजीकरण बिधिलाई सहयोग पुग्नेगरी यु (U) आकार, राउन्ड टेवल (Round Table) आकार, स्क्यायर (Square) आकार, लहरमा (Line) राख्ने जस्ता विभिन्न तरिकामा कक्षाकोठाको बसाईको व्यवस्था मिलाउनुपर्दछ । विद्यार्थीहरुको इच्छा बुझ्ने, विभिन्न खेलहरु खेलहरु मार्फत उत्प्रेरणा जगाउने कार्य गर्नुपर्दछ । विद्यार्थीहरुमा उत्प्रेरणा दुई तरिकाबाट जगाउन सकिन्छ । जसमा बाहिरी कुराहरुको सहयोगमा उत्प्रेरणा जगाउने (Extrinsic Motivation) जस्तैः विषयवस्तुसँग सम्बन्धित प्रश्नहरु गरी पुरस्कारको व्यवस्था गरेर तथा आफैंभित्रबाट उत्प्रेरणा जगाउने (Intrinsic motivation), जस्तैः विद्यार्थीहरुलाई केही रमाइला अनुभवहरु सुनाई उनीहरुमा पनि विषयवस्तु सम्बन्धी जान्ने इच्छाशक्ति बढाउन अभिप्रेरित गर्ने । विद्यार्थीहरुमा उत्प्रेरणासँगै अघिल्लो दिनको विषयवस्तु वा क्रियाकलापको अनुभव, समीक्षा विद्यार्थीहरुबाटै गर्ने/गराउने र आजको विषयवस्तुलाई जोडेर विषयवस्तुमा प्रवेश गर्ने गर्नुपर्दछ ।

**उपयुक्त सहजीकरण बिधि :** शिक्षक वा सहजकर्ताले तयारीका चरणहरु पूरा गरी विषयवस्तुमा प्रवेश गरेपछि उद्देश्य अनुसार सक्षमता हासिल हुने गरी विद्यार्थी केन्द्रीत विधिहरु उपयोग गरी सहजीकरण गर्नुपर्दछ । हाल प्रचलनमा रहेका प्रश्नोत्तर विधि, प्रदर्शन विधि, समस्या समाधान विधि, अवलोकन, छलफल, अभिनय, कथावाचन, क्षेत्र भ्रमण, परियोजना, द्रुत लेखन, जिग्सअ, मष्तिस्क मन्थन आदी विधिहरु अपनाउन सकिन्छ । पाठ्यक्रमको उद्देश्य अनुसार एकैपटकमा पनि एक भन्दा धेरै बिधिहरुको प्रयोग गर्न सकिन्छ तर सबै बिधिहरुमा विद्यार्थी केन्द्रीत, सक्रिय सहभागीता, समाजिक सहभागीता, उपयुक्त क्रियाकलाप र रणनितीको प्रयोग हुनुपर्दछ ।

**अभिलेखीकरण तथा सिकाई उपलव्धि/सक्षमता मापन :** विद्यार्थीहरुलाई आफूले सिकेका कुराहरुको अभिलेखीकरण गर्न लगाउनु पनि सहजीकरण प्रक्रियाको एक महत्वपूर्ण अंग हो । यहाँ अभिलेखीकरण गर्नु भन्नुको अर्थ विद्यार्थीहरुले सिकेका कुराहरुलाई हुबहु कपीमा लेख्ने भन्न खोजिएको होइन् । विद्यार्थीहरुले आफूले सिकेका कुराहरुको अभिलेखीकरण गर्ने क्रममा विषयवस्तुमा आधारित कथा, कविता, निवन्ध आदी लेख्ने, चित्र बनाउने, विभिन्न फोटोहरु टाँस्ने वा वास्तविक वस्तुहरु नै टाँस्ने, जस्तैः कुहिने र नकुहिने वस्तु छुट्याउने विषय छ भने कागजको टुक्रा र प्लाष्टिक टाँस्ने, कुनै विरुवाको जिवनचक्र वा खेती सम्बन्धी छ भने त्यसको विउ, पातहरु टाँस्न सकिन्छ । कुनै विषय वस्तुमा क्षेत्र भ्रमण, अवलोकन आदी गराईएको छ भने त्यसको सामूहिक परियोजना कार्य गराई प्रस्तुत गर्न लगाउनुपर्छ । कुनै विषयवस्तुहरुमा विद्यार्थीहरुलाई सीपसँग सम्बन्धित सामग्रीहरु बनाउन लाई प्रस्तुत गर्न लगाउने । जस्तैः बाँसका सामग्री बनाउन लगाउने ।

विद्यार्थीहरुलाई विषयवस्तुको सहजीकरणका क्रममा यस्ता विभिन्न कार्यहरु गराउँदा उनीहरुसँग सिकेका कुराहरुको अभिलेख रहिरन्छ र भविष्यमा पूनरावलोकन गर्न समेत सहज हुन्छ । यसरी विद्यार्थीहरुले गरेको अभिलेखको प्रस्तुति गर्न लगाई उनीहरुलाई सकरात्मक पृष्ठपोषण (Positive feedback) सहित हौसला प्रदान (Appreciation) गर्नुपर्दछ । विद्यार्थीहरुको अभिलेखीकरण, प्रस्तुति, अभिनय जस्ता कार्यहरुबाट सहजकर्ताले सहजीकरण गरेका विषयवस्तुहरुको सिकाई उपलब्धी, सक्षमता, सिप कति हाँसिल भयो भन्ने कुराको मापन समेत गर्न सक्छन् । सिकाई सहजीकरणका क्रममा विद्यार्थीहरुको दैनिक कार्य, अनुभव, सीप तथा व्यवहारिक परिवर्तनको समेत अवलोकन गर्दै सहजकर्ताले समेत प्रत्येक विद्यार्थीहरुको दैनिक अभिलेख राख्ने कार्य सम्पन्न गरेपछि मात्र सहजीकरणको प्रक्रिया पूरा भएको मानिन्छ । विद्यार्थी तथा सहजकर्ता दुवैले राख्ने अभिलेखबाट विद्यार्थी मूल्याङ्कन प्रक्रिया सम्पन्न गर्न समेत सजिलो हुन्छ ।

## ११. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

यस स्थानीय विषयको पठनपाठनपछि कक्षा ६,७ र ८ को विद्यार्थी मूल्याङ्कनका निम्न तरिकाहरु अवलम्बन गरिने छ ।

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।
२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनाको तयारी गर्नुपर्छ ।
३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।
४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा गाउँको परीक्षण गर्नुपर्छ ।
५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।
६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सिपमा प्राप्तिमा विद्यार्थीको हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।
७. मूल्याङ्कनपश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइउपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।
८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरणसहितको कार्यसञ्चयिका (एयचतायष्यि) व्यवस्थित गरेर राख्नुपर्छ ।
९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावि सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।
१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।

### *कक्षा ६-८ विद्यार्थी मूल्याङ्कन*

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । मूल्याङ्कनलाई सिकाइ प्रक्रियासँगसँगै सञ्चालन गरी सिकाइ सुधारका लागि प्रयोग गर्नुपर्छ । यसरी मूल्याङ्कनको एउटा प्रमुख उद्देश्य सिकाइ सुधार गर्नु अर्थात् सिकाइका लागि मूल्याङ्कन गरिनु हो । यस्तो सिकाइका लागि गरिने मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा निरन्तर र नियमित रूपमा सञ्चालन गर्नुपर्छ । आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनको तोकिएका शीर्षकमा प्राप्त अङ्कको निश्चित भार विद्यार्थीको समग्र सिकाइस्तर निर्धारण अर्थात् निर्णयात्मक मूल्याङ्कनमा समावेश गरिने छ । विद्यार्थीको समग्र सिकाइस्तर निर्धारण गर्ने निर्णयात्मक मूल्याङ्कनका लागि कक्षा ६,७ र ८ प्रत्येकमा ५० प्रतिशत भार आन्तरिक मूल्याङ्कनबाट र बाँकी ५० प्रतिशत भारको अन्तिम परीक्षा सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

विद्यार्थीको मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइ अन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नु पर्दछ । पटकपटकको सुधारात्मक सिकाइपश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्यको अवलोकन, व्यवहार अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन तथा विधिहरूको प्रयोग गर्न सकिन्छ । (विस्तृत अनुसूची ३ मा हेर्नुहोला)

## ११. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

स्थानीय विषयको यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक र विषय शिक्षकको भूमिका महत्वपूर्ण हुनेछ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अबलम्बन गरिने छ । समूदायका बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय, क्षेत्रमा जानकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा उपयोग गरिनेछ । विद्यालयहरूले

यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यता अनुसार स्थानीय भाषा, नेपाली भाषा वा अंग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्नेछन् । विषय क्षेत्रमा आबद्ध गाउँपालिका एवम् जिल्लाका विवरणहरू सङ्कलन गरी पठनपाठनमा प्रयोग गरिनेछ । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइनेछ । विद्यार्थीहरूको समूहकार्य, अन्तरक्रियालाई जोड दिइनेछ । पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको बिकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रिया सम्बन्धी अभिमुखीकरण, तालिम आदिको व्यवस्था गरिने छ ।

## १२. समय निर्धारण

आधारभूत तह कक्षा १-३ मा स्थानीय विषयको साप्ताहिक ५ कार्यघण्टा हुनेछ जसमा वार्षिक १६० कार्यघण्टा पठनपाठन गर्नुपर्नेछ । त्यसैगरी आधारभूत तह कक्षा ४-८ मा स्थानीय विषयको साप्ताहिक ४ कार्यघण्टा कायम गरी वार्षिक १२८ कार्यघण्टा दिइएको छ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यबिधि बमोजिम विद्यालय खुल्नेछ र पठनपाठन हुनेछ । वार्षिक रुपमा कक्षा १-३ मा १६० कार्यघण्टा र कक्षा ४-८ मा १२८ कार्यघण्टा नघट्ने गरी दैनिक पाठ घण्टी ४० मीनेट वा ४५ मीनेट वा ६० मीनेटको बनाउन सकिन्छ । पाठ्यांश अनुसार विद्यार्थीहरूलाई अध्ययन/अवलोकन भ्रमण/प्रयोगात्मक क्रियाकलापलाई पनि अध्ययन अवधिमा मिलान गरिने छ ।

## १३. पाठ्यक्रम परिमार्जन

मानिसका सामाजिक इच्छा, आकाङ्क्षा र आवश्यकताहरूको परिवर्तनसँगै आवश्यकता अनुसार यो पाठ्यक्रमलाई परिमार्जन र परिष्कृत गर्दै लगिनेछ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, साँस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको सकारात्मक सन्र्दभहरूको खोज, अनुसन्धान र अध्ययन गरिनेछ र प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ । परिवर्तित सन्दर्भलाई यस पाठ्यक्रमले निरन्तर सम्बोधन गर्दै अगाडि बढ्नेछ ।

## अनुसूचीहरु

## अनुसूची १

### बिधा/क्षेत्र, क्रम अनुसार कक्षागत अनुमानित पाठ संख्या तालिका

| क.स. | बिधा/क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १. | मंगला गाउँपालिकाको परिचय | २ | २ | २ |
| २. | प्राकृतिक स्रोत, सम्पदा, सरसफाई र हरीत विद्यालय | ५ | ५ | ५ |
| ३. | प्रकोप न्यूनीकरण र सडक सुरक्षा | २ | २ | २ |
| ४. | स्थानीय जातजाति, भाषा, भेषभूषा, संस्कार र चाडपर्व | २ | २ | २ |
| ५. | स्थानीय धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थल, मेलाजात्रा र बाजागाजा | ३ | ३ | ३ |
| ६. | पेशा, व्यवसाय र उद्यमशिलता | २ | २ | २ |
| ७. | स्थानीय खेलकुद, व्यायाम र भोजन | २ | २ | २ |
| ८. | स्थानीय सेवामुलक संघसंस्था र समाजसेवी व्यक्ति | २ | २ | २ |
| जम्मा | | २० | २० | २० |

# अनुसूची २

## क्षेत्रगत र कक्षा गत सिकाइ उपलब्धी संख्या तालिका

| क.स. | क्षेत्र | कक्षागत सिकाइ उपलब्धी | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १. | मंगला गाउँपालिकाको परिचय | २ | २ | २ |
| २. | प्राकृतिक स्रोत, सम्पदा, सरसफाई र हरीत विद्यालय | ५ | ५ | ५ |
| ३. | प्रकोप न्यूनीकरण र सडक सुरक्षा | १ | २ | २ |
| ४. | स्थानीय जातजाति, भाषा, भेषभूषा, संस्कार र चाडपर्व | २ | २ | २ |
| ५. | स्थानीय धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थल, मेलाजात्रा र बाजागाजा | २ | ३ | ३ |
| ६. | पेशा, व्यवसाय र उद्यमशिलता | २ | २ | २ |
| ७. | स्थानीय खेलकुद, व्यायाम र भोजन | २ | २ | २ |
| ८. | स्थानीय सेवामुलक संघसंस्था र समाजसेवी व्यक्ति | २ | २ | २ |
| **जम्मा** | | **१८** | **२०** | **२०** |

# अनुसूची ३

## विद्यार्थी मूल्याङ्कन योजना

### (क) निरन्तर मूल्याङ्कन प्रक्रिया

कक्षा ६–८ मा ५०% निरन्तर मूल्याङ्कन/निर्माणत्मक/आन्तरिक परीक्षा संचालन गर्नुपर्दछ भने बाँकी ५०% को लिखित/अन्तिम परीक्षा संचालन गर्नुपर्दछ । कक्षा १-५ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख राख्नुपर्छ । यस तहमा गृहकार्यलाई अनिवार्य गाउँ कक्षाकार्यमै बढी जोड दिनु उपयुक्त हुने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ । यसरी विद्यार्थीलाई गृहकार्य दिनु परेमा दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन ।

कक्षा ६–८ मा विद्यार्थी निरन्तर/आन्तरिक मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्नअनुसार हुनेछ :

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।

२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।

३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गर्नुका साथै सबै विद्यार्थीलाई थप तथा माथिल्लो स्तरको सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।

४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइ क्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा गाउँको परीक्षण गर्नुपर्छ । विद्यार्थीको मूल्याङ्कनमा यथासक्य वास्तविक कार्य (Authentic task) समावेश गर्नुपर्दछ ।

५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषयगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।

६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सिप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।

७. मूल्याङ्कन पश्चात कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरण सहितको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नु पर्छ ।

९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावि सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।

१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।

## मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका साधनहरूले सिकाइ उपलब्धि अनुसारको सूचक अर्थात् विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ । मूल्याङ्कनका साधनहरूको अर्को गुण भनेको फरकफरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरूपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ । मूल्याङ्कन साधनहरूको अर्को महइभ्वपूर्ण गुण भनेको विविधताको सम्बोधन गर्न सक्नु हो । यहाँ विविधतालाई मूलतः दुई रूपमा लिन सकिन्छ । पहिलो, विद्यार्थीका विविध क्षमता मापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने अर्को एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधना विकास गरी विद्यार्थीको रुचि तथा प्राथमिकताअनुरुपको साधन छनोट गरी प्रयोग गर्नु पनि विविधताको सम्बोधन हो ।

मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । के कस्ता तरिका तथा साधनहरू प्रभावकारी हुन्छन् भन्ने कुरामा विभिन्न पक्षले प्रभाव पारेका हुन्छन् भन्ने कुरा अघिल्लो अनुच्छेदमा उल्लेख गरिसकिएको छ । त्यसैले यस्तै तरिका तथा साधन मात्र प्रयोग गर्नुपर्छ भन्नेकुरा उपयुक्त नहुने भएकाले मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू मात्र यहाँ उल्लेख गरिएको छ । यसको थप विस्तृतीकरण विषयक्षेत्रगत रूपमा अनुसूचीमा समावेश गरिएको छ । शिक्षकले आवश्यकतानुसारका तरिका तथा साधन छनोट गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

शिक्षण सिकाइका क्रममा विद्यार्थीको नियमित मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरू निम्नअनुसार छन् :

**१. कक्षा सहभागिता :** नियमित रूपमा कक्षामा नआउँदा शिक्षण सिकाइ कार्य कमजोर हुने भएकाले नियमित रूपमा हाजिरी र कक्षामा सहभगितामा पनि ध्यान दिनुपर्छ । विद्यार्थीको कक्षा कार्यमा सहभागिताको परीक्षण गर्ने विभिन्न साधनहरू तयार गरी विद्यार्थीको उपलब्धि र सक्षमताको मूल्याङ्कन गर्न सकिन्छ ।

**२. लिखित तथा मौखिक कार्य :** अध्ययन अध्यापनका क्रममा कुराकानी तथा छलफललगायत लिखित तथा मौखिक प्रश्नहरू गरेर पनि सिकाइ अवस्थाका बारेमा जानकारी लिन सकिन्छ । छोटा छोटा कक्षा परीक्षा सञ्चालन गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यस्ता परीक्षाहरू औपचारिक किसिमका र लामा नभई अनौपचारिक स्वरूपका छोटा हुनु उपयुक्त हुन्छ । विषयवस्तुको स्वरूप तथा परीक्षण गरिने सिकाइ आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम, २०७६ उपलब्धिलाई विचार गरेर लिखित वा मौखिक प्रतिक्रिया प्राप्त हुने परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । त्यस्तै, कक्षामा गर्न दिएका कार्य नियमित रूपमा सक्रियतापूर्वक गरे गाउँका, यदि गरेको भए सही रूपमा गरे वा गाउँको हेरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्छ । विद्यार्थीले सही रूपमा कक्षा कार्य गाउँको भए आवश्यक पृष्ठपोषण दिनुपर्दछ । कक्षामा गर्न नसकिएका कार्यहरू र थप अभ्यास गर्न केही गृहकार्य पनि दिन सकिन्छ । गृहकार्य गराइको मूल्याङ्कन गरी थप पृष्ठपोषण दिन

सकिन्छ । तर कक्षा १-३ का विद्यार्थीलाई सामान्यतया गृहकार्यको बोझ दिनुहुन्न । यस तहका विद्यार्थीलाई गृहकार्य कुनै विशिष्ट अवस्थामा न्यून मात्रामा मात्र दिनुपर्छ अर्थात् दैनिक र नियमित गृहकार्य दिनु आवश्यक हुन्न ।

**३. परियोजना तथा प्रयोगात्मक कार्य :** विद्यार्थीको क्षमता, स्तर र पाठ्यवस्तुसँग मिल्दा परियोजना कार्य गर्न दिनुपर्छ । जस्तै : आफ्नो समुदायमा बोलिने भाषाभाषीको विवरण ल्याउने, समुदायमा बोलिने भाषाको अवस्था पहिचान गर्नुपर्छ । यसमा चरणबद्ध र व्यवस्थित रूपमा पूरा कार्य गरे वा गाउँको अवलोकन तथा अध्ययन गरी आवश्यक भए थप सुझाव दिनुपर्दछ ।

**४. अवलोकन :** सिकेका कुरा व्यवहारमा प्रयोग गरे वा गाउँको, कार्यसम्पादन गर्न सके वा नसकेको अवलोकन गरी पृष्ठपोषण दिन सकिन्छ ।

**५. विद्यार्थीका कार्यको प्रदर्शन** : विद्यार्थीले गरेका कार्यहरूको प्रदर्शन गराई उनीहरूको कार्यको मूल्याङ्कन गर्न सकिन्छ । यसमा सिर्जनात्मक कार्य कविता निबन्ध, कथा लेखन, चित्र बनाउने आदिको प्रदर्शन पनि गराउन सकिन्छ ।

**६. घटनावृत्त अभिलेख :** विद्यार्थीले कुनै घटनामा प्रदर्शन गरेका व्यवहार तथा कार्यको विवरण सङ्कलन तथा व्याख्या गरी विद्यार्थीको मूल्याङ्कन गर्न
सकिन्छ ।

**७. छोटा परीक्षा :** कुनै विषयवस्तुको सिकाइपश्चात् विषयवस्तरको प्रकृतिअनुसार लिखित तथा मौखिक परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । यस्ता परीक्षाहरू अनौपचारिक रूपमा सञ्चालन गर्नुपर्छ । यस्तो अनौपचारिक रूपमा सञ्चालन गरिने परीक्षाले विद्यार्थीहरूलाई परीक्षाको त्रासबाट मुक्त गर्न सहयोग पुग्नाका साथै सहज ढङ्गबाट सिकाइ मूल्याङ्कन गर्न सकिन्छ ।

**८. स्व र सहपाठी मूल्याङ्कन :** विद्यार्थीले आफूले केकति सिक्न सकेँ भनी सिकाइसँग सम्बन्धित विभिन्न कार्य सम्पादनलगायत अन्य माध्यमबाट सिकाइ अवस्थाको मूल्याङ्कन गरी स्वपृष्ठपोषण प्राप्त गरी सिकाइ सुधारको अवसर सिर्जना गर्न सकिन्छ । विद्यार्थीले आफ्नो सिकाइ तथा कार्यबाट अनुभव तथा सिकाइको प्रत्यावर्तन ९चभाभिअतष्यल० गर्ने विभिन्न नमुनाहरूमा विद्यार्थीलाई प्रत्यावर्तन लेख्न लगाई त्यसका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । त्यसै गरी कक्षामा सहपाठीहरूले एकअर्काका कार्यको मूल्याङ्कन गर्ने, सँगै बसेर गरिएका कार्यको मूल्याङ्कन गर्ने गरी पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गर्न सकिन्छ ।

**९. अभिभावकको प्रतिक्रिया :** विद्यार्थीले कार्यसम्पादन, व्यवहारमा भएको परिवर्तन र विशिष्ट तथा समग्र सिकाइका बारेमा अभिभावकको राय तथा प्रतिक्रियाबाट पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यसमा शिक्षक र अभिभावक छलफल गर्ने वा शिक्षक, अभिभावक र विद्यार्थीबिच छलफल गरेर विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिन सकिन्छ भने शिक्षकले पनि यसबाट शिक्षण सिकाइ प्रक्रियामा सुधारका लागि आधार पनि प्राप्त हुन सक्छ ।

विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने उल्लिखित कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ ।

कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका (Portfolio) तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

**विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू**

| क.स. | मूल्याङ्कन आधार/सूचक | मूल्याङ्कनका सम्भावित साधन |
|---|---|---|
| १. | कक्षा सहभागिता | अवलोकन, दैनिक क्रियाकलाप, अविभावक प्रतिक्रया, रुजु सूची, हाजिरी फारम, रुब्रिक्स |
| २. | मौखिक कार्य | अवलोकन, रुजु सूची, फारम, दैनिक क्रियाकलाप, रुब्रिक्स |
| ३. | लिखित कार्य | अवलोकन फारम, रुजु सूची, रुब्रिक्स, लेखन तरिका |
| ४. | परियोजना तथा प्रयोगात्मक कार्य | प्रस्तुति अवलोकन फारम, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, श्रव्य तथा दृष्य सामग्री, |
| ५. | कार्य समपादन तथा प्रदर्शन | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री, प्रस्तुति अवलोकन फारम, लेखन शैली |
| ६. | सहपाठी मूल्याङ्कन | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री, मौखिक प्रश्न, प्रस्तुति अवलोकन फारम आदि । |
| ७. | स्वमूल्याङ्कन | रुजू सूची, श्रेणी मापन, फारम |
| ८. | अविभावकको प्रतिक्रिया | रुजू सूची, श्रेणी मापन, फारम |
| ९. | कुराकानी, छलफल | अवलोकन, रुजू सूची, श्रेणी मापन, फारम |

**विद्यार्थी उपलब्धी स्तरको व्याख्या**

| उपलब्धी स्तर | स्तर मापन | उपलब्धी स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

१. सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । विद्यार्थीको सिकाइ स्तर पहिचान गर्नका लागि प्रयोग गर्न सकिने केही साधनका उदाहरण यहाँ दिइएको छ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोग गरेका साधनमध्ये फाराममा उल्लेख
भएमा त्यसमा चिह्न लगाउनु पर्छ ।फाराममा उल्लेख भएका बाहेक अन्य साधन प्रयोग गरेको भए सो साधनको उल्लेख सोही लहरमा उल्लेख गर्नुपर्छ ।

२. प्रत्येक सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी यकिन गनुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्राप्त गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा विद्यार्थीले १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेख भए अनुसार अभिलेखित गनुपर्छ ।

४. सामान्यतया प्रत्येक विद्यार्थीको सिकाइस्तर न्यूनतम ३ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ भन्दा माथि जान सकेन भने त्यसको कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।

५. विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत= **उपलब्धिस्तरको अङ्कको जोड × १००**

**४ × मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या**

## प्रतिशतका आधारमा श्रेणी निर्धारण गर्ने तरिका

पाठगत आधारमा मापन गरिसकेछि हरेक त्रैमासिकमा उपलब्धी स्तर प्रतिशतका आधारमा विद्यार्थीहरुलाई निम्न लिखित तरिकाले अक्षराङ्कन पद्धतिमा छुट्याउनु पर्दछ ।

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

* ५०% निरन्तर मूल्याङ्कन/आन्तरिक परीक्षाबाट लिईन्छ भने बाँकी ५०% आवधिक/अन्तिम परीक्षाबाट लिईन्छ ।

## विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनु पर्ने हुनसक्दछ । शिक्षकले विद्यार्थीको आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरुप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका

कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नु पर्दछ । विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उपयोगी मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको विविधता र परिस्थितिजन्यतालाई विचार गर्दा सबै तरिका तथा साधनहरू उल्लेख गर्न सम्भव देखिदैन र यसो गर्नु उपयुक्त पनि हुँदैन । त्यसैले यहाँ वैकल्पिक तरिका तथा साधनका केही उदाहरण मात्र प्रस्तुत गरिएको छ ।

- दृष्टि क्षमता कमजोर भएका विद्यार्थीका लागि पढ्नुपर्ने सामग्रीवा प्रश्न ठुलो आकारको अक्षरमा छाप्ने, अतिरिक्त प्रकाश भएको स्थानमा कार्य गर्ने वा परीक्षा दिने व्यवस्था गर्ने, परिस्थितिअनुरूप आवश्यक देखिए अतिरिक्त समय दिने इत्यादि ।
- दृष्टिविहिन मध्ये ब्रेललिपि पढ्न र लेख्न सक्नेहरूका लागि सोहीअनुसार व्यवस्था गरी आवश्यकतानुसार अतिरिक्त समय दिने । तर ब्रेललिपि प्रयोग नगर्नेका लागि सहयोगी व्यवस्था गर्ने वा मौखिक वा अन्य कुनै वैकल्पिक तरिका तथा साधन प्रयोग गर्ने । जस्तै विकल्पका रूपमा प्रश्न वा कार्यको निर्देशनको अडियो रेकर्डिङ दिएर उत्तर वा कार्यको विवरण अडियो रेकर्डिङगर्न लगाउने । यस्ता विद्यार्थीहरूका लागि चित्र बनाउने तथा प्रयोगात्मक कार्यमा विकल्प तयार गर्ने ।
- दृष्टि क्षमता कमजोर भएका र दृष्टिविहिनका लागि लिखित कार्यको विकल्प कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सक्ने भएमा त्यसको उपयोग गर्ने ।
- कमजोर सुनाइ क्षमता भएकाहरूका लागि मौखिक प्रश्न तथा निर्देशनमा विशेष ध्यान दिई आवश्यक भए वैकल्पिक तरिका प्रयोग गर्ने । यस्ता विद्यार्थीका लागि विकास गरिएका कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सकेमा त्यसको उपयोग गर्ने ।
- शारीरिक रूपमा कमजोर तथा अपाङ्गता भएकाहरूका लागि अपाङ्गताको स्वरूपअनुरूपको वैकल्पिक प्रबन्ध गर्ने ।
- बौद्धिक अपाङ्गता भएका लागि आवश्यकतानुसार वैकल्पिक तरिका तथा साधनहरूको पहिचान, तयारी तथा प्रयोग गर्ने ।

**(ख) निर्णयात्मक (आवधिक) परीक्षा**

**कक्षा : ६-८** पूर्णाङ्क : ५०

समय : १ घण्टा ३० मिनेट उत्तीर्णाङ्कः अक्षराङ्कनमा मूल्याङ्कन गरिने

**औशत प्रश्न तालिका (तहगत रुपमा)**

| **ज्ञान/बोध तह (Knowledge/Understanding Level)** | **सीप/उच्च तह (Hard Skill Level/Higher Abilities)** | **व्यवहारिक परिवर्तन/उच्च तह (Soft Skill/Attitude/Higher Abilities)** |
|---|---|---|
| **५० %** | **३०%** | **२० %** |

**(ग) परीक्षा प्रक्रिया**

- ❖ विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक (Formative) पद्धति तथा निर्णयात्मक (Summative) पद्धति, सैद्धान्तिक र प्रयोगात्मक (Theoritical and Practical) दुबै अपनाउनु पर्दछ ।
- ❖ ज्ञान तथा बोध तह (Knowledge/Understanding Level) मा अति छोटा प्रश्नहरू पर्दछन् । जस अन्तर्गत वस्तुगत बहुबैल्पिक उत्तर, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठीक बेठीक छुट्याउने, चित्र हेरेर चिन्ने आदि पर्दछन् । त्यसैगरी छोटो उत्तर लेख्ने/भन्ने एक वाक्य देखि चार वाक्यसम्मको उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू पर्दछन् ।
- ❖ सीप तथा उच्च तह (Hard Skill/Higher Abilities) अन्तर्गत लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू पर्दछन् । जसमा विद्यार्थीको ब्याख्या गर्ने, विश्लेषण गर्ने, नमूनाहरू बनाउने, गरेर देखाउने, व्यवहारिक ज्ञानको क्षमता आदि पर्दछन् ।
- ❖ व्यवहार कौसल सीप/व्यवहारिक परिवर्तन तथा उच्च तह (Soft Skill/Attitude/Higher Abilities) अन्तर्गत सकरात्मक परिवर्तन, विद्यार्थीहरुको दैनिक आनीबानी, समाजिक कार्यहरुमा सहभागीता, सम्मान आदि जस्ता कुराहरूको मूल्याङ्कन गरिन्छ ।
- ❖ मूल्याङ्कनमा संज्ञानात्मक (Congnitive), भावनात्मक (Affective) तथा मनोक्रियात्मक (Psychomotor) क्षेत्रलाई समेत समेटेको हुनुपर्दछ ।
- ❖ प्रयोगात्मक क्रियाकलापमा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमूनाहरू बनाइ प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ । यस भित्र विषयवस्तुको ज्ञान, बोध, सीपको क्षमता, बुझाइको प्रस्तुतिकरण, व्यवहारिक परिवर्तन जस्ता कुराहरू पर्दछन् ।
- ❖ प्रयोगात्मक परीक्षा संचालन गर्दा स्थानीय वातावरण, जैविक विविधता, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/बिपद्का उदाहरणहरू, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनु पर्दछ ।

## अनुसूची ४
## बिधा/क्षेत्र, क्रम अनुसार कक्षागत अनुमानित प्रश्न संख्या योजना तालिका

**कक्षा ६-८**

| क.स. | बिधा/क्षेत्र | अति छोटो उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न संख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रश्न संख्या | अंकभार | जम्मा अंक | प्रश्न संख्या | अंकभार | जम्मा अंक | प्रश्न संख्या | अंकभार | जम्मा अंक | | |
| १. | मंगला गाउँपालिकाको परिचय | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| २. | प्राकृतिक स्रोत, सम्पदा, सरसफाई र हरीत विद्यालय | ४ | १ | ४ | २ | २ | ४ | १ | ३ | ३ | ७ | ११ |
| ३. | प्रकोप न्यूनीकरण र सडक सुरक्षा | १ | १ | १ | १ | २ | २ | - | - | - | २ | ३ |
| ४. | स्थानीय जातजाति, भाषा, भेषभूषा, संस्कार र चाडपर्व | २ | १ | २ | २ | २ | ४ | - | - | - | ४ | ६ |
| ५. | स्थानीय धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थल, मेलाजात्रा र बाजागाजा | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| ६. | पेशा, व्यवसाय र उद्यमशिलता | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| ७. | स्थानीय खेलकुद, व्यायाम र भोजन | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| ८. | स्थानीय सेवामुलक संघसंस्था र समाजसेवी व्यक्ति | २ | १ | २ | १ | २ | २ | - | - | - | ३ | ४ |
| **जम्मा** | | **१५** | **१** | **१५** | **१०** | **२** | **२०** | **५** | **३** | **१५** | **३०** | **५०** |

**नोटः**

१. प्रश्न बनाउँदा तीनै तहका (ज्ञान, बोध, उच्च/ज्ञान, शिप, व्यवहारिक परिवर्तन/संज्ञात्मक, भावनात्मक, मनोक्रियात्मक) प्रश्नहरु समावेश गर्नुपर्छ ।

२. ज्ञान तहमा १ अंकभार हुने, बोध तहमा २ अंकभार हुने र उच्च तहमा ३ अंकभार हुनेगरी प्रश्न निर्माण गर्नुपर्दछ ।

## अनुसूची ५

## विद्यार्थी मूल्याङ्कन अभिलेख फारम नमूना

**विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण**

विद्यालयको नाम : ...................................................................

ठेगाना :.......................................... विद्यार्थीको नाम :.........................................

जन्म मिति : .........................................................कक्षा/रोल न.. :....................

विद्यार्थीको घरको ठेगाना : ...............................................................................

परिवारिक विवरण : आमाको नाम : ........................................पेसा : ..........................

सम्पर्क नं. : .......................... बाबुको नाम : ...............................................................

पेसा : .......................... सम्पर्क नं. : ..........................

बाबु आमा बाहेक अरु कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको नाम : ................................................पेसा : .......................... सम्पर्क नं. : .......................... विद्यार्थीसँगको नाता : .......................... विद्यालय भर्ना मिति : .............................

**स्वास्थ्य सम्बन्धी विवरण**

**मिति** :........................... **तौल (के.जी.मा)** :......................... **उचाइ (से.मि.मा)** :.............

कुनै विशेष रोग वा शारिरीक अपाङ्गता भएमा भएमा सो बारे टिपोटः ............................................................ शिक्षकको नाम र सही : .................................... मिति : ................

**निरन्तर विद्यार्थी मूल्याङ्कन विवरण नमूना**

कक्षा :............ विषय :.......................... विद्यार्थीको नाम :..........................................रोल नं. :.........

| **विषय क्षेत्र/पाठ** | **अपेक्षित सिकाइ उपलब्धी/सक्षमता** | **मूल्याङ्कन आधार/सिकाइ उपलब्धी सूचक** | **नियमित पढाई पछिको मूल्याङ्कन** | **मिति** | **थप सहायता पछिको पछिको मूल्याङ्कन** | **मिति** | **समग्र सिकाई उपलब्धी स्तर** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | **सिकाइ उपलब्धी स्तर** | | **सिकाइ उपलब्धी स्तर** | | | |
| | | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**नोटः** पाठहरुको सिकाइ उपलब्धी/सक्षमता पाठ्यक्रमले दिए अनुसार लेख्नुपर्दछ। मूल्याङ्कनका आधार/सूचकहरु अनुसूची ३ मा दिए बमोजिम राख्न सकिन्छ। कुन मितिमा मूल्याङ्कन गरेको हो, प्रत्येक पटकको मिति उल्लेख गर्नुपर्दछ। सिकाइ उपलब्धी स्तरलाई १ देखि ४ सम्म स्तरीकृत गर्ने, यदि कुनै विद्यार्थीको सिकाइ उपलब्धी सामान्य भन्दा पनि कम आएमा त्यस्ता विद्यार्थीको स्तर बढाउन थप सहायता कक्षा संचालन गरी, पुनः सिकाइ उपलब्धी स्तर मापन गरी समग्र/औसत स्तर निकाल्नुपर्दछ। प्रत्येक त्रैमासिकमा विद्यार्थी मूल्याङ्कन विवरण फारमका आधारमा प्रत्येक विद्यार्थीको उपलब्धी स्तर/श्रेणी निर्धारण गरी अविभावक समेतको सहभागीतामा पृष्ठपोषण प्रदान गर्नुपर्दछ। कक्षामा उपस्थिती रेर्कड दैनिक हारिज कापीबाट लिन सकिन्छ।

## सन्दर्भ सामग्री


- नेपालको संविधान, २०७२, कानुन किताव समिति, बबरमहल, काठमाडौंः नेपाल सरकार
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कानुन किताव समिति बबरमहल, काठमाडौंः नेपाल सरकार
- राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- आधारभूत तह कक्षा १-३ का लागि विद्यार्थी मूल्याङ्कन मार्गदर्शन, २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- लाङटाङको सेरोफेरो, स्थानीय पाठ्यक्रम, २०७४, गोसाइकुण्ड गाउँपालिका, रसुवा/वन्यजन्तु संरक्षण संघ नेपाल, हाम्रो बुढानीलकण्ठ २०७६, बुढानीलकण्ठ नगरपालिका, काठमाडौं/वन्यजन्तु संरक्षण संघ नेपाल, हाम्रो गौरव, हाम्रो भरतपुर, स्थानीय पाठ्यक्रम, २०७६, भरतपुर महानगरपालिका, चितवन/वन्यजन्तु संरक्षण संघ नेपाल, हाम्रो शंखरापुर, स्थानीय पाठ्यक्रम, २०७६, शंखरापुर नगरपालिका, काठमाडौं/वन्यजन्तु संरक्षण संघ नेपाल
- मंगला गाउँपालिकाको वस्तुगत विवरण २०७६
- लेटर ग्रेडिङ, निर्देशिका २०७८, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर




तयारकर्ता:

मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
बाबियाचौर, म्याग्दी